सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ पुस २०८०, सोमबार (8 Jan 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ललितानिवास जग्गाको मुद्दा चार वर्षदेखि अल्झियो

शिल्पा कर्ण/नयाँ पत्रिका

बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराएको विषयमा चार वर्षअघि विशेष अदालतमा दायर मुद्दा अझै टुंगिएको छैन। विशेषले काठमाडौं जिल्ला अदालत, जिल्ला प्रशासन र गृह मन्त्रालयबाट झिकाउन आदेश गरेका विभिन्न प्रमाण र अभिलेख उपलब्ध नहुँदा सुनुवाइ नै रोकिएको हो।

विपक्षीले ती कागज नै प्रमाण रहेकाले उपलब्ध गराए मात्र सुनुवाइ अघि बढाउन चाहेका छन्। तर, सम्बद्ध निकायले पुराना कागज भएका कारण नभेटिएको र खोजी कार्य जारी रहेको जवाफ पठाएका छन्। त्यसैले, सुनुवाइको प्रक्रिया सुरु भएर पनि रोकिएको छ।

शारदाप्रसाद त्रिताल संयोजक रहेको समितिको प्रतिवेदनले गरेको सिफारिसबमोजिम अनुसन्धान गरी ललितानिवास प्रकरणमा एक सय ७५ जनाविरुद्ध मुद्दा चलाइएको थियो। अख्तियारले २२ माघ ०७६ मै यो मुद्दा दायर गरेको थियो। त्यसपछि विशेषले जिल्ला अदालतलाई ३ फागुन ०७९ मा केही प्रमाण झिकाउने तथा बुझ्ने आदेश गरेको थियो। उक्त आदेशमा भनिएको थियो, 'तत्कालीन विशेष अदालतबाट मिति २०१९/३/२२ मा सुवर्णशमशेर जबरालाई कैद र सम्पत्ति सर्वस्वसहित जफत गर्ने भनी फैसला भएको भन्ने प्रतिवादीका कानुन व्यवसायीहरूबाट भनाइ रहेको हुँदा उक्त विशेष अदालतबाट मिति २०१९/३/२२ मा भएको फैसलासहितको मिसिल काठमाडौं जिल्ला अदालत वा जहाँ छ त्यहाँबाट झिकाउनू।'

तर, उक्त आदेशअनुसारका कागजात जिल्ला अदालतले पठाएन। जिल्लाले उक्त फैसला नै नभेटिएको जवाफ पठायो। यस विषयमा गत २४ मंसिरमा न्यायाधीशत्रय खुसीप्रसाद थारू, तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासले गरेको आदेशमा यसअघिको आदेश र अदालतको जवाफबारे भनिएको छ, '... फैसलाको सक्कल मिसिल खोजतलास गर्दा र गर्न लगाउँदा फेला नपरेको भनी व्यहोरा लेखी आएको देखिँदा सो सक्कल मिसिल काठमाडौं जिल्ला अदालतमा नरहने भए के कहाँ

» पृष्ठ २ मा क्रमशः

■ काठमाडौं जिल्ला अदालतमा त सुनुवाइ प्रक्रियामै गएन मुद्दा : २७२ प्रतिवादी फरार, म्याद काट्ने तयारी



संगठित अपराध र किर्तेमा मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन सिआइबीले गत ५ भदौमा जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाएको थियो।

ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दा जिल्ला अदालत काठमाडौंमा पनि विचाराधीन छ। गत १० भदौमा जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा सुनुवाइ प्रक्रियामै गएको छैन। सरकारी कागजात किर्ते गरी व्यक्तिका नाममा जग्गा दर्ता गरिएको भन्दै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा चलाएको थियो। तर, यस मुद्दाका दुई सय ७२ प्रतिवादी अहिलेसम्म फरार छन्। तत्काल उपस्थित १८ जनालाई अदालतमा उपस्थित गराइएकामा १७ जनालाई छाडिदिएको थियो। तीमध्ये एक थुनामा छन्। २१ प्रतिवादीको मृत्यु भइसकेको छ। उपस्थित नभएका प्रतिवादीलाई पुस महिनाभित्र उनीहरूको ठेगानामा म्याद काट्ने तयारी अदालतको छ। ठेगानाका विषयमा कुनै अप्ट्यारो भए विशेषसँग समन्वय गरेर भए पनि म्याद काट्ने तयारीमा जिल्ला अदालत छ। धेरैजसो प्रतिवादी भ्रष्टाचार मुद्दाकै छन्।

■ अख्तियारले १७५ जनाविरुद्ध २२ माघ ०७६ मै विशेषमा दायर गरेको थियो मुद्दा

■ त्रिताल समितिले छानबिन गरी अनियमितता बाहिर ल्याएको थियो

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

● **रवीन्द्रप्रसाद आचार्य,** सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं



हामीसँग ६ वटा कोठामा कागजात छन्। त्यो निकै पुरानो पनि भयो, फाइल कतै पठाइएको भएर नभेटिएको पनि हुन सक्छ, हाम्रो कार्यालय चारखालबाट सर्दा कतिपय कागजात यताउति भए। विभिन्न समयमा भएका आन्दोलन र आगलागीका क्रममा पनि कागजात नष्ट भएका हुन सक्छन्। भेटिएका बखत पठाउँछौं।

राष्ट्रिय सभाका १९ सदस्यका लागि आज उम्मेदवारी दर्ता

चार दलले उम्मेदवार टुंग्याए, कांग्रेसमा राति २ बजेसम्म गुटको किचलो

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

राष्ट्रिय सभाका १९ सदस्यको निर्वाचनका लागि सोमबार उम्मेदवारी दर्ता हुँदै छ। एमाले, माओवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले आइतबार उम्मेदवार टुंगो लगाएका छन्। गुटको किचलोका कारण सत्तागठबन्धनको ठूलो दल कांग्रेसलाई भने उम्मेदवार छान्न सकस भएको छ। पार्टी पदाधिकारीहरू राति २ बजेसम्म सानेपास्थित कार्यालयमा छलफलमै छन्।

गठबन्धनबाट कांग्रेसको भागमा १० सिट परेको छ। तर, आइतबार दिनभरजसो आन्तरिक छलफल भए पनि संस्थापन र इतर समूहबीच भागबन्डा मिल्न सकेको छैन। त्यसको असर सत्तागठबन्धनकै अर्को दल एकीकृत समाजवादीमा पनि परेको छ। बागमतीमा 'अन्य' वा 'दलित'मध्ये कुन क्लस्टर कांग्रेसले लिने र कुन आफूले पाउने छिनोफानो नहुँदा समाजवादीले पनि उम्मेदवार छान्न सकेको छैन्।

> उम्मेदवार छनोट प्रक्रियामै महामन्त्री शर्माको ६ बुँदे असहमति

कांग्रेसमा नेता डा. शेखर कोइराला-महामन्त्री गगन थापा समूहले १० सिटमा चार सिट दाबी गरेको छ। तर, सभापति शेरबहादुर देउवा तीन सिट मात्र दिन तयार छन्। कोइराला र थापालाई धुम्बाराही बोलाएरै देउवाले तीन सिट प्रस्ताव गरेका थिए। कोइराला-थापाले प्रस्ताव अस्वीकार गर्दै चार सिटमा अडान राखेका थिए। उनीहरूले अघिल्ला निर्वाचनमा पराजितहरूलाई उम्मेदवार नबनाउन सभापतिको ध्यानाकर्षणसमेत गराएका छन्।

'हामीले चार सिटमा दाबी गरेका छौं। हाम्रो अडानबाट पछि हट्दैनौं। थकाउने प्रयास हो भने त्यो निरर्थक हुनेछ,' इतर समूहका नेता अर्जुननरसिंह केसीले भने, 'हामीले अवसर नपाएकालाई अवसर दिनुपर्छ पनि भनेका छौं।'

पार्टीभित्रै सिट बाँडफाँट पेचिलो बनेपछि देउवाले उम्मेदवार टुंगो लगाउन दिउँसो १ बजेका लागि बोलाइएको कार्यसम्पादन समिति बैठक सारेर नेताहरूसँग

» पृष्ठ २ मा क्रमशः

विवादविनै सिटौलाको टिकट



झापा ३ बाट प्रतिनिधिसभा निर्वाचनमा पराजित कृष्णप्रसाद सिटौलालाई कांग्रेसले निर्विवाद उम्मेदवार बनाएको छ। कोशी प्रदेशबाट सिटौला उम्मेदवार बन्दै छन्। सभापति देउवाले सुरुमै सिटौलालाई टिकट दिएका थिए, उनको नाममा बैठकमा कुनै असहमतिका आवाज उठेनन्। टिकट लिएलगत्तै उनी आइतबारै उम्मेदवारी दर्ताको तयारीका लागि विराटनगर गए। कांग्रेस उच्च स्रोतका अनुसार सिटौलालाई राष्ट्रिय सभा अध्यक्ष नै बनाउने सहमति छ। 'उहाँको विषयमा बैठकमा छलफल र विवादको अवस्था आएन। सभापतिज्यूले उहाँलाई टिकट दिनुभयो। गठबन्धनको सहमतिअनुसार उहाँलाई राष्ट्रिय सभा अध्यक्ष बनाउने सहमति छ,' स्रोतले भन्यो।

राष्ट्रपतिले पनि मागे एक सिट



कांग्रेसमा उम्मेदवार चयन पेचिलो बन्दै गर्दा राष्ट्रपति रामचन्द्र पौडेलले पनि एक सिट मागेका छन्। उनले सभापति शेरबहादुर देउवा र नेता शेखर कोइराला दुवैलाई फोन गरेर आफ्नोतर्फबाट विष्णुदेवी पुडासैनीलाई उम्मेदवार बनाउन दबाब दिएको स्रोतको भनाइ छ। देउवाले राष्ट्रपतिका तर्फबाट प्रस्तावित एक र शेखर-गगन समूहका तीन गरी चार सिट पुऱ्याउन तयार रहेको बताएका थिए। तर, कोइराला यसरी चार संख्या पुऱ्याउन तयार छैनन्। 'राष्ट्रपतिज्यूको फोन आएपछि दुई नेता छलफलमा बस्नुभयो, सभापतिज्यूले राष्ट्रपतिबाट आएको नाम र इतरबाट तीन गरी चार सिट दिन तयार हुनुभयो,' स्रोतले भन्यो, 'तर, कोइराला मान्नुभएन।'

■ यी हुन् टुंगिएका उम्मेदवार

■ एमाले

कोशी : रुक्मिणी कोइराला (महिला), पर्शुराम अधिकारी (अन्य)

मधेश : उषादेवी थरुनी (महिला), डा. अर्जुनकुमार सिंह (अन्य)

बागमती : रोचककुमारी चौलागाईं (महिला), त्रिलोचन निर्मल पौडेल (अन्य), विवेक देवकोटा (अपांगता/अल्पसंख्यक), ध्रुवराज विश्वकर्मा (दलित)

गण्डकी : सम्झना देवकोटा (महिला), चक्रबहादुर पराजुली (अन्य), हेमन्द्र शेरचन (अपांगता/अल्पसंख्यक)

लुम्बिनी : तुलसाकुमारी केसी (महिला), झपेन्द्रबहादुर घर्ती (अन्य)

कर्णाली : विमलाकुमारी शाही (महिला), डिल्लीप्रसाद भट्ट (अन्य), हिक्मत विक (दलित)

सुदूरपश्चिम : सावित्रादेवी घिमिरे (महिला), ईश्वरीप्रसाद खरेल (अन्य), रामचन्द्र जोशी (अपांगता/अल्पसंख्यक)

■ माओवादी

कोशी : चम्पादेवी कार्की (महिला)

बागमती : श्रीकृष्ण अधिकारी (अपांगता/अल्पसंख्यक)

गण्डकी : मनरूपा शर्मा (महिला)

लुम्बिनी : झक्कु सुवेदी (अन्य)

कर्णाली : विष्णु विश्वकर्मा (दलित)

सुदूरपश्चिम : रेणु चन्द (महिला)

■ जसपा

मधेश : पूजा चौधरी (महिला)

■ राप्रपा

कोशी : उद्धव पौडेल (अन्य)

मधेश : सोमेश्वनाथ उपाध्याय (अन्य)

बागमती : नानु नगरकोटी (महिला), हेमजंग गुरुङ (अन्य), भरतमणि भट्ट (अपांगता/अल्पसंख्यक), पूर्णबहादुर विश्वकर्मा (दलित)

गण्डकी : गौमाया श्रेष्ठ (महिला), रोमबहादुर भण्डारी (अन्य)

लुम्बिनी : विजयीलक्ष्मी सिंह (महिला), निरञ्जन थापा (अन्य)

कर्णाली : लक्ष्मी सिंह (महिला)

सुदूरपश्चिम : रोमजंग स्वाँर (अन्य)

■ दुई सिट पाएको समाजवादीले पनि छान्न सकेन उम्मेदवार


सत्तागठबन्धनमा दुई सिट पाएको एकीकृत समाजवादीले बागमतीमा कुन क्लस्टर पाउने टुंगो नहुँदा उम्मेदवार तय गर्न सकेको छैन। अन्य पाए उपाध्यक्ष प्रमेश हमाल र दलित पाए घनश्याम रिजाल उम्मेदवार बन्ने सम्भावना छ। कर्णालीमा भने महिला क्लस्टर पाएको छ। आइतबार बसेको सचिवालय बैठकले उम्मेदवार तय गर्ने जिम्मा अध्यक्ष माधव नेपाल, उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुसाललाई दिएको छ।

■ बरहथवा घटना

११ बुँदे सहमतिपछि तेस्रो दिन उठाइयो मृतकको शव

सर्लाहीमा **श्रवण थापा**

प्रहरीको गोली लागेर ज्यान गुमाएका सर्लाहीका युवाको शव तेस्रो दिन आइतबार राति घटनास्थलबाट उठाइएको छ। स्थानीय प्रशासन र पीडित पक्षबीच ११ बुँदे सहमतिपछि बरहथवा नगरपालिका- ६ का युवा जयशंकर साहको शव उठाइएको हो।



आन्दोलित स्थानीयले राखेका मागको सम्बन्धमा स्थानीय स्तरमा सम्बोधन हुने माग तत्काल कार्यान्वयनमा लैजाने र स्थानीय स्तरमा पूरा गर्न नसकिने मागलाई केन्द्रमा सिफारिस गर्ने गरी सहमति भएको प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिए। उनका अनुसार बरहथवास्थित प्राथमिक स्वास्थ्य केन्द्र मधेश सरकारलाई हस्तान्तरण गरी ५० शय्याको बनाउने, अस्पतालको नाम मृत्यु भएका जयशंकर साहको नाममा राख्ने, मृतकको परिवारलाई रोजगारी प्रदान गर्नेलगायत विषयमा सहमति भएको हो। आन्दोलित पक्षले आइतबारबाटै आन्दोलनका कार्यक्रम फिर्ता लिएको छ।

नगर अस्पतालको स्तरोन्नति गर्ने विषयमा भएको आन्दोलनका क्रममा गत शुक्रबार प्रहरीको गोली लागेर साहको ज्यान गएको थियो। त्यसपछि थप आक्रोशित प्रदर्शनकारीले तीन दिनदेखि मृतकको शव घटनास्थलमै राखेर प्रदर्शन गरिरहेका थिए। शनिबार केही शान्त देखिएको बरहथवा बजार क्षेत्रमा आइतबार एक्कासि तनावको स्थिति बनेपछि स्थानीय प्रशासनले दिउँसो कर्फ्यु आदेशसमेत जारी गरेको थियो। तर, प्रदर्शनकारीले कर्फ्युका बीच इलाका प्रहरी कार्यालयमा ढुंगामुढा गर्नुका साथै प्रहरी कार्यालयभित्र रहेको प्रतीक्षालयमा आगजनी गरिदिएका थिए।

संवैधानिक परिषद्मा पदाधिकारीको अनुपस्थिति रोक्न नयाँ प्रस्ताव

अध्यक्ष र कम्तीमा ५०% सदस्यबाट निर्णय हुनुपर्ने सत्तापक्षको सुझाव, अध्यक्ष र बहुमत सदस्यको सहमतिमा निर्णय हुने व्यवस्था गर्नुपर्ने एमालेको तर्क



आइतबार बसेको संसद्को राज्य व्यवस्था समितिको बैठक। तस्बिर : **अमुल थापा**

कमलराज भट्ट/नयाँ पत्रिका

संवैधानिक परिषद्मा पदाधिकारीको अनुपस्थिति रोक्न संसदीय समितिमा नयाँ प्रस्ताव आएको छ। सत्ता दाउपेचले राजनीतिक रिक्तता बढ्दा परिषद्ले पदाधिकारीको अनुपस्थितिमा निर्णय गर्न नसकेको नजिरलाई हेर्दै संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूले पदाधिकारीलाई उत्तरदायी बनाउन कानुनमै प्रबन्ध गर्नुपर्ने प्रस्ताव ल्याएका हुन्।

प्रधानन्यायाधीश तथा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको नियुक्ति सिफारिस गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संवैधानिक परिषद् रहने व्यवस्था संविधानमा छ। जसको सदस्यमा सभामुख, प्रधानन्यायाधीश, राष्ट्रिय सभा अध्यक्ष, प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता र उपसभामुख हुन्छन्।

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐनको दफा ६ मा बैठक बस्न अध्यक्ष र कम्तीमा चारजना सदस्य उपस्थित हुनुपर्ने व्यवस्था रहेकामा गणपूरक संख्या नपुगेर पटकपटक बैठक स्थगित हुँदै आएको छ। विगतमा बैठकको कोरमसमेत नपुगेर निर्णय प्रक्रिया प्रभावित भई लामो समयसम्म संवैधानिक निकायले प्रमुख तथा पदाधिकारी पाउन नसकेका उदाहरण छन्।

यस्तो परिस्थितिमा तत्कालीन प्रधानमन्त्री एवं संवैधानिक परिषद्का अध्यक्ष केपी ओलीले ०७७ मा अध्यादेशमार्फत अध्यक्ष र तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएर बैठक बस्ने र निर्णय गर्ने व्यवस्था लागू गराएका थिए। त्यतिबेला विपक्षी दलका नेता र सभामुख अनुपस्थित भइरहँदा ओलीले आफू र प्रधानन्यायाधीश तथा राष्ट्रिय सभा अध्यक्षसहित बैठक राखेर विभिन्न नियुक्तिहरू गरेका थिए। त्यतिबेला उपसभामुख पद रिक्त थियो।

सदनमा नपुदै अध्यादेश निष्क्रिय भएपछि सरकारले बैठकको कार्यविधिसम्बन्धी व्यवस्था गर्न १२ चैत ०७९ मा प्रतिनिधिसभामा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन विधेयक ल्याएको थियो। १५ वैशाख ०८० मा राज्य व्यवस्था

» पृष्ठ २ मा क्रमशः

तीनपटकसम्म अनुपस्थित भएमा स्वतः पक्षमा सहमति दिएको मानिने व्यवस्था गर्नुपर्छ

रवि लामिछाने,
सभापति, रास्वपा



संवैधानिक परिषद्का ६ ठूला मान्छेले ठीक निर्णय गर्दैनन् भन्ने ठाउँमा पुऱ्याइयो। एक-अर्काप्रति विश्वास छैन। प्रधानमन्त्री नआए के हुने, विपक्षी दलको नेता आइदिएन भने के गर्ने ? उनले आफ्नो मान्छे चाहे के गर्ने ? यो व्यवस्था ऐनमा गर्नुपर्छ। कुनै पनि पदाधिकारीको कार्यकाल कहिले सकिन्छ भन्ने परिषद्लाई पहिल्यै जानकारी हुने भएकाले टाइमलाइन बनाउनुपर्छ। कार्यकाल सकिनु ६ महिना पहिले टाइमलाइनभित्र काम गर्ने, पदाधिकारीकाले काम नगरेमा स्वतः उसको भोट कायम हुने वा नहुने व्यवस्था हुन जरुरी छ। तीनपटकसम्म अनुपस्थित भएमा स्वतः पक्षमा सहमति दिएको मानिने व्यवस्था गर्नुपर्छ।

पशुपति क्षेत्रमा ९० वटा पक्की संरचना थपिँदै

१४ करोड लागतमा २२ महिनाभित्र निर्माण गरिसक्ने संरचना भाडामा लगाउने योजना

■ दुई महिनाअघि बनेका ६४ संरचना अझै खाली


शिवहरि घिमिरे/नयाँ पत्रिका

पशुपति क्षेत्र विकास कोषले मन्दिर क्षेत्रमा ९० वटा पक्की सटर निर्माण गर्न लागेको छ। १४ करोड लागतमा २२ महिनामा निर्माण सम्पन्न गर्ने गरी कोषले गत असोजमा धर्म एस निर्माण सेवा कम्पनीलाई ठेक्का लगाइसकेको छ। ती संरचना भाडामा लगाउने कोषको योजना छ।

पशुपतिनाथ मन्दिरको पश्चिममा रहेको गौशालातर्फको खाली जग्गामा पक्की संरचना निर्माण गरिन लागेको हो। कोषका प्रवक्ता रेवतीरमण अधिकारीका अनुसार निर्माण गर्न लागिएका सबै संरचना भाडामा लगाउने प्रयोजनका हुन्। एउटा संरचनाको मासिक २५-३० हजार रुपैयाँ भाडा उठाउने कोषको लक्ष्य छ। 'अहिले भएका टहरा निकै कम भए, टहरा भाडामा लिन नपाउनेहरूले असन्तुष्टि जनाए, त्यसैले थप संरचना निर्माण गर्न लागिएको हो,' उनले भने, 'यी सबै संरचना मौलिक किसिमबाट निर्माण हुन्छन्, कोषले नै व्यवस्थित तरिकाले भाडामा लगाउँछ।' संरचना निर्माण गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मञ्जुरी दिएको स्रोतको दाबी छ।

नयाँ संरचनामा पूजासामग्री, खानेकुरा तथा लत्ताकपडाका पसल रहनेछन्। कोषले अहिले ३० वटा पुराना टहरा भाडामा लगाउँदै आएको छ। दुई महिनाअघि निर्माण गरिएका ६४ वटा टहरा भने खाली छन्। कसलाई दिने

» पृष्ठ २ मा क्रमशः



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नयाँ संरचनामा पूजासामग्री, खानेकुरा तथा लत्ताकपडाका पसल रहनेछन्। कोषले अहिले ३० वटा पुराना टहरा भाडामा लगाउँदै आएको छ। दुई महिनाअघि निर्माण गरिएका ६४ वटा टहरा भने खाली छन्। कसलाई दिने भन्ने विषयमा कुरा नमिल्दा ती टहरा भाडामा लगाइएको छैन। 'निर्माण भएका ६४ संरचना कसलाई कसरी भाडामा दिने भन्नेबारे सहमति नजुट्दा खाली छन्,' कोषका प्रवक्ता रेवतीरमण अधिकारीले भने। ९० वटा पक्की संरचना निर्माण भइसकेपछि कोषसँग भाडामा लगाउने पक्की र कच्ची गरी १८४ वटा संरचना हुनेछन्। पुराना टहरा मासिक ११ हजार भाडामा लगाइएका छन्।

चार दलले...

पृष्ठ १ बाट क्रमशः

छलफल गरेका थिए। छलफलमा इतर समूहको मागअनुसार देउवा चार सिट दिन तयार भएनन्। त्यसपछि इतर समूह पनि आफ्नो रणनीति बनाउन कोइरालाको सम्पर्क कार्यालय बालुवाटारमा भेला भएका थिए। नेता कोइराला, महामन्त्री थापा, उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार, नेताहरू अर्जुननरसिंह केसी, बलबहादुर केसीलगायत छलफलमा सहभागी थिए। बैठकमा सहभागी एक नेताका अनुसार कार्यसम्पादन समिति बैठकमा चार सिटलाई बटमलाइन बनाउने र संस्थापनले पेलेर जाने नीति लिए निर्वाचनमा सहभागी नहुनेसम्मको रणनीति बनाएको थियो। संसदीय बोर्डको बैठकले सुरुमा कोशी प्रदेशबाट नेता कृष्ण सिटौलालाई उम्मेदवार बनाउने निर्णय गरेको थियो। सभापति देउवाले आफूअनुकूलका नेतालाई व्यवस्थापन गर्न सहज हुने गरी गठबन्धनबाट क्लस्टर छनोट गरेको इतरको आरोप थियो।१ बजेका लागि बोलाइएको कार्यसम्पादन समिति बैठक साँझ ५ बजे बस्यो। यसक्रममा सभापति देउवा र नेता कोइरालाबीच छुट्टै छलफल पनि भयो। त्यस्तै, पदाधिकारी र नेताहरूबीच पनि छलफल भयो। तर, निष्कर्ष निस्किएन।

तीन घन्टासम्म चलेको छलफलमा इतर समूहले चार सिटको दाबी नछाड्ने र संस्थापन तीन सिटभन्दा धेरै दिन तयार नहुने अवस्था भएपछि डा. कोइराला बैठक नै छाडेर बाहिरिएका थिए। कोइराला बाहिरिएपछि पनि छलफल भने जारी थियो। केही समयपछि प्रमुख सचेतक रमेश लेखकले कोइरालालाई फोन गरेर बोलाए। 'तपाईंविना हामी सहमति गर्दैनौं, फर्कनुहोस्,' लेखकले भनेका थिए। त्यसपछि फर्किएका कोइराला देउवासँग छलफलमा जुटेका थिए।

यस्ता छन् माओवादीका उम्मेदवार

गठबन्धनको भागबन्डामा ६ सिट पाएको माओवादीले उम्मेदवार टुंग्याएको छ। आइतबार बसेको पदाधिकारी बैठकले कोशीबाट महिलातर्फ चम्पादेवी कार्की, बागमतीमा अपांगता/अल्पसंख्यकतर्फ श्रीकृष्ण अधिकारी, गण्डकीमा महिलातर्फ मनरूपा शर्मा, लुम्बिनीमा अन्यतर्फ झक्कु सुवेदी, कर्णालीमा दलिततर्फ विष्णु विश्वकर्मा र सुदूरपश्चिममा महिलातर्फ रेणु चन्दलाई उम्मेदवार बनाउने निर्णय गरेको हो।

ओखलढुंगाकी चम्पादेवी जनयुद्धकी घाइते हुन्। उनी हाल ओखलढुंगा जिल्ला इन्चार्ज र अखिल नेपाल महिला संघकी केन्द्रीय सचिव हुन्। उनी ०६४, ०७० र ०७९ मा समानुपातिकमा परे पनि सांसद हुन पाएकी थिइनन्।

बागमतीबाट उम्मेदवार बनाइएका अधिकारी पार्टीमा कम अवसर पाउने नेतामा पर्छन्। नुवाकोट घर भएका उनी पनि जनयुद्धका घाइते हुन्। हाल उनी माओवादीको प्रदेश सम्पर्क विशेष कमिटीका अध्यक्ष छन्। पर्वतकी मनरूपा द्वन्द्वपीडित एकल महिला हुन्। उनी ०६४ को संविधानसभा चुनावमा पर्वत-१ बाट उम्मेदवार बने पनि पराजित भएकी थिइन् भने ०७९ मा समानुपातिकमा परे पनि सांसद बन्न सकेकी थिइनन्।

लुम्बिनीबाट उम्मेदवार बनाइएका सुवेदी ०६४ को पहिलो संविधानसभामा काठमाडौं- २ बाट निर्वाचित भएका थिए। ०७० मा भने उनी पराजित भए। उनी माओवादीका केन्द्रीय सदस्य हुन्। कर्णालीमा उम्मेदवार बनाइएकी विक कालिकोटका जिल्ला इन्चार्ज र दलित मुक्ति मोर्चाको कर्णाली इन्चार्ज छन्। सुदूरपश्चिमबाट उम्मेदवार बनाइएकी चन्द ०६४ मा बैतडी- २ बाट निर्वाचित भएकी थिइन्। हाल उनी अखिल नेपाल महिला संघ क्रान्तिकारीको सुदूरपश्चिम इन्चार्ज छिन्।

उम्मेदवार छनोट प्रक्रियामै महामन्त्री शर्माको ६ बुँदे असहमति

महामन्त्री विश्वप्रकाश शर्माले उम्मेदवार छनोट प्रक्रियामा सभापति शेरबहादुर देउवाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै संसदीय बोर्डमा ६ बुँदे मौखिक विमति राखेका छन्। 'संसदीय बोर्डलाई पूर्णता नदिएर हामी पदाधिकारीले मात्रै निर्णय गर्ने भए विधानमा किन राखेको ?' उनले प्रश्न गरेका छन्, 'राष्ट्रिय सभाको विशिष्टता बढाउने कर्तव्य दलहरूकै होइन र ? कांग्रेसले यो हेक्का राख्नुपर्छ कि पर्दैन ?' कांग्रेस विधानमा संसदीय बोर्डबाट उम्मेदवार टुंग्याउने व्यवस्था छ। तर, बोर्ड नै अपूर्ण छ। शर्माले समावेशिताको सिद्धान्त विधानमा कि व्यवहारमा भन्ने प्रश्न पनि गरेका छन्। उनले सभापतिसँगै इतर समूहका नेतामाथि पनि प्रश्न उठाएका छन्। 'नेतृत्वले फरक विचार समूह गाँस्ने कि एक्लै बढ्ने ? फरक विचार समूहले भाग मात्र लिने कि न्यायोचित प्रतिनिधित्व खोज्ने ?' उनले पार्टीमा वर्षौं योगदान गरेका योग्य नेताहरूको बेवास्ता गर्दै उम्मेदवारी चयन प्रक्रिया गरिएको भन्दै असन्तुष्टि जनाएका छन्। शर्माले जिम्मेवारीको अवसर न्यायोचित हुनुपर्ने माग गरेका छन्।

जसपाबाट पूजा चौधरी

जसपाले पूजा चौधरीलाई राष्ट्रिय सभा उम्मेदवार बनाउने निर्णय गरेको छ। उनी ०७९ मा भएको चुनावमा रौतहट-३ प्रदेश सभा क्षेत्र (१) मा स्वतन्त्र उम्मेदवार केशव रायसँग पराजित भएकी थिइन्। केन्द्रीय कार्यकारिणी समितिको आइतबारको बैठकले चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको नेता राजेन्द्र श्रेष्ठले बताए। सत्तारुढ गठबन्धनमा सिट बाँडफाँट हुँदा जसपाको भागमा मधेशको महिला क्लस्टर परेको थियो।

ललितानिवास...

पृष्ठ १ बाट क्रमशः

रहन्छ ?' यसको जवाफसमेत जिल्ला अदालतसँग मागिएको छ।

३ फागुनमा भएको आदेशअनुसार कागजात नआएपछि कार्यान्वयन सम्बन्धमा मंसिरमा अडबड (बाधा अड्काउ फुकाउ) पेस भएको थियो। सोही विषयमा प्रतिवादीबाट कागज गराई खुलाउन लगाएर पूर्वआदेश कार्यान्वयन गरी पेस गर्न मंसिरमा आदेश भएको हो।

१७ मंसिर ०२१ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार अधिग्रहणसम्बन्धी फाइल जिल्ला प्रशासन कार्यालयबाट झिकाउनुपर्ने थियो। तर, जिल्ला प्रशासनले पनि विशेषले मागेको कागजात पठाएको छैन। खोजी कार्य जारी रहेको भनी विशेषलाई जवाफ पठाएकोमा अविलम्ब खोजतलास गरी फाइल पठाउन पुनः आदेश भएको छ। विशेषलाई कागजात उपलब्ध नगराइएकोबारे सहायक प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्य कागजात खोज्न कार्यदल नै गठन गरिएको र भेटिएपछि पठाइने बताउँछन्। 'हामीसँग ६ वटा कोठामा कागजात छन्। त्यो निकै पुरानो पनि भयो, फाइल कतै पठाइएको भएर नभेटिएको पनि हुन सक्छ,' उनले भने, 'हाम्रो कार्यालय चारखालबाट सर्दा कतिपय कागजात यताउति भए। विभिन्न समयमा भएका आन्दोलन र आगलागीका क्रममा पनि कागजात नष्ट भएका हुन सक्छन्। भेटिएका बखत पठाउँछौँ।'

विशेषले मागेको कागज गृह मन्त्रालयले पनि उपलब्ध गराएको छैन। गृहले पनि कागजात नभेटिएको जवाफ विशेषलाई दिएको छ। सुवर्णशमशेर जबरासमेतका व्यक्तिहरूको सम्पत्ति जफत गरिए/नगरिएको र तत्सम्बन्धी कागजात उपलब्ध गराउन विशेषले आदेश गरेको थियो। '... आदेशअनुसारका सक्कल कागजात फेला पार्न नसकिएको भनी बेहोरा लेखी आएको देखिँदा आदेशअनुसारका सक्कल कागजातहरू के कति कारणले फेला पार्न नसकिएको हो, सोको जवाफसहित अविलम्ब खोजतलास गरी पठाइदिनू भनी पत्राचार गर्नू,' मंसिरमा पुनः विशेषबाट भएको आदेशमा भनिएको छ।

शारदाप्रसाद त्रिताल संयोजक रहेको समितिको प्रतिवेदनले गरेको सिफारिसबमोजिम अनुसन्धान गरी ललितानिवास प्रकरणमा मुद्दा चलाइएको थियो। तत्कालीन मन्त्रीहरूदेखि विभाग तथा सरकारका उच्चपदस्थ कर्मचारी र मालपोत तथा भूमिसुधार कार्यालयका कर्मचारीलाई मुद्दामा प्रतिवादी बनाइएको छ। यस्ता पदाधिकारी तथा कर्मचारी ६० जना छन्। त्यस्तै, ललितानिवासको सरकारी जग्गा आफ्नो नाममा दर्ता गराएका ६५ जग्गाधनीविरुद्ध जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाइएको छ। त्यसैगरी, कमिसनका रूपमा बकस लिने, जग्गाधनी र मोही भनिएका व्यक्ति गरी ५० जनालाई पनि मुद्दा चलाइएको छ।

अख्तियारले २२ माघ ०७६ मै यो मुद्दा दायर गरेको थियो। तर, डेढ सयभन्दा बढी प्रतिवादी, सबैको फरक-फरक ठेगानाजस्ता कारणले यो मुद्दामा सुनुवाइ ढिलाइ भएको विशेषका अधिकारी बताउँछन्।

■ काठमाडौं जिल्ला अदालतमा त सुनुवाइ प्रक्रियामै गएन मुद्दा : २७२ प्रतिवादी फरार, म्याद काट्ने तयारी

ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दा जिल्ला अदालत काठमाडौंमा पनि विचाराधीन छ। गत १० भदौमा जिल्ला अदालतमा मुद्दा दर्ता भएकोमा सुनुवाइ प्रक्रियामै गएको छैन। सरकारी कागजात किर्ते गरी व्यक्तिका नाममा जग्गा दर्ता गरिएको भन्दै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा चलाएको थियो।

तर, यस मुद्दाका दुई सय ७२ प्रतिवादी अहिलेसम्म फरार छन्। तत्काल उपस्थित १८ जनालाई अदालतमा उपस्थित गराइएकामा १७ जनालाई छाडिदिएको थियो। तीमध्ये एक थुनामा छन्। २१ प्रतिवादीको मृत्यु भइसकेको छ। उपस्थित नभएका प्रतिवादीलाई पुस महिनाभित्र उनीहरूको ठेगानामा म्याद काट्ने तयारी अदालतको छ। ठेगानाका विषयमा कुनै अप्ठ्यारो भए विशेषसँग समन्वय गरेर भए पनि म्याद काट्ने तयारीमा जिल्ला अदालत छ। धेरैजसो प्रतिवादी भ्रष्टाचार मुद्दाकै छन्।

२४ भदौमा न्यायाधीश भोलानाथ ढकालको इजलासले अदालतमा उपस्थित गराइएका केशव तुलाधरबाहेक बाँकी सबैलाई धरौटीमा छाड्ने आदेश गरेको थियो। तुलाधर जग्गा खरिदकर्ता हुन्। मालपोत अधिकृत कलाधर देउजा, भूमिसुधार विभागका तत्कालीन महानिर्देशक रुद्रप्रसाद श्रेष्ठ, सहरी विकास तथा भवन निर्माण विभागका सिडिई बालकृष्ण श्रेष्ठ, नापी कार्यालय डिल्लीबजारका सर्वेक्षक घमनकुमार कार्की, मालपोतका खरिदार गोपाल कार्कीलगायतसँग धरौटी मागिएको थियो।

त्यस्तै, मालपोतका सुब्बा योगराज पौडेल, नापीका अमिन अरुणकुमार श्रेष्ठ, वडासचिव शिवजी भट्टराई, नापीका कर्मचारी ध्रुवप्रसाद अर्याललाई पनि अदालतले धरौटीमा छाड्ने आदेश गरेको थियो। समरजंग कम्पनीका लेखापाल विनोदप्रसाद पौडेल र कम्पनीका कार्यालय प्रमुख लोकहरि घिमिरे पनि आदेशका आधारमा धरौटीमा छुटेका थिए। बाबुराजा महर्जन, देवनारायण महर्जन, सकलानन्द महर्जन र सञ्जय महर्जनलाई नक्कली मोही भएको अभियोग लगाइएकोमा उनीहरू पनि रिहा भएका थिए। विशेष र सर्वोच्चबाट छुटेकाहरू जिल्ला अदालतको मुद्दामा उपस्थित छैनन्।

पशुपति क्षेत्रमा...

पृष्ठ १ बाट क्रमशः

भन्ने विषयमा कुरा नमिल्दा ती टहरा भाडामा लगाइएको छैन। 'निर्माण भएका ६४ संरचना कसलाई कसरी भाडामा दिने भन्नेबारे सहमति नजुट्दा खाली छन्,' कोषका प्रवक्ता अधिकारीले भने। ९० वटा पक्की संरचना निर्माण भइसकेपछि कोषसँग भाडामा लगाउने पक्की र कच्ची गरी एक सय ८३ वटा संरचना हुनेछन्। पुराना टहरा मासिक ११ हजार भाडामा लगाइएका छन्।

कोषका पूर्वसदस्यसचिव डा. गोविन्द टन्डनले पशुपतिनाथ क्षेत्रमा टहरा बनाएर व्यापारीकरण गर्नु अपराधसरह भएको बताए। 'मानिसलाई उठीवास लगाएर पशुपतिनाथको जग्गा प्राप्त गरिएको थियो, अब फेरि त्यही जग्गामा संरचना बनाउनु राम्रो होइन, अझ व्यापारिक प्रयोजनका लागि संरचना बनाउनु अपराधसरह हो,' उनले भने, 'पशुपतिनाथलाई पैसा नै कम भएर भाडामा लगाउनुपर्ने त होइन। जसलाई जे मन लाग्छ त्यही गर्न पाइँदैन।' उनले ९० वटा संरचना निर्माण गर्दा यसले पशुपतिनाथको स्वरूप बिगार्ने बताए।

टहरामा पूजासामग्री बेच्नेहरूले गर्छन् तानातान

पशुपतिनाथ क्षेत्रमा प्रवेश गर्दा अधिकांश भक्तजनले खेप्ने सास्ती हो- टहरामा फूलमाला र पूजासामग्री बेच्न बस्नेहरूबाट हुने तानातान। शान्त मन बोकेर पशुपतिनाथ पुगेका भक्तजनलाई मन्दिर प्रवेश गर्ने बाटोमा बसेका व्यापारीले फूलमाला बेच्ने निहुँमा तानातान गर्छन्। जसबाट भक्तजनले हैरानी व्यहोर्छन्।

मन्दिरपरिसरमा सबैतिर अव्यवस्थित मात्रै

दिनहुँ हजारौँ भक्तजनको भिड लाग्ने पशुपतिनाथ मन्दिरपरिसर कमजोर व्यवस्थापनका कारण अस्तव्यस्त बन्ने गर्छ। अव्यवस्थित पार्किङ, भद्रगोल सडक, सरसफाइको अभाव, भक्तजनलाई अवरोध गर्ने गरी पाइलैपिच्छे माग्न बस्नेहरू र फूल तथा पूजासामग्री व्यापारीका कारण पशुपतिनाथ क्षेत्र अस्तव्यस्त बन्ने गरेको छ।

मन्दिर प्रवेश गर्ने गौशालातर्फको सडक पछिल्लो समय अस्तव्यस्त बनेको छ। कोषले मन्दिर प्रवेश गर्ने गौशालातर्फको सडक भत्काएका कारण भक्तजन मारमा परेका हुन्। ढल व्यवस्थापनका लागि भन्दै दुई साताअघि कोषले सडक भत्काएको हो। गौशालातर्फको सडकमा ठाउँ-ठाउँमा ढुंगामाटो थुपारिएको छ भने बीचबीचमा ठूला खाल्डा खनिएका छन्। भक्तजनको ओहोरदोहोर हुने मुख्य सडक नै अवरुद्ध पार्ने गरी भत्काइएपछि मन्दिर दर्शन गर्न जाँदा सास्ती हुने गरेको कपनका राजेन्द्र घिमिरेले बताए। 'पशुपतिनाथ मन्दिर क्षेत्र अहिले अस्तव्यस्त पारिएको छ, सबैतिर फोहोर र भद्रगोल मात्रै छ,' उनले भने, 'सडकभरि सटरैसटर राखिएका छन्, न सरसफाइ राम्ररी गरिएको छ, न सडक नै व्यवस्थित छ।'

पार्किङ पनि अस्तव्यस्त

पशुपतिनाथ मन्दिर क्षेत्रको पार्किङ लामो समयदेखि अस्तव्यस्त छ। यसअघि गौशालातर्फको खाली जग्गा पार्किङका लागि भाडामा लगाए पनि विरोध भएपछि सम्झौता तोडिएको थियो। हाल त्यहाँ पार्किङ शुल्क त दिर्नुपर्दैन, तर ठूला-साना सबैखाले सवारीसाधन एकै ठाउँमा पार्किङ गर्दा अव्यवस्थित र भद्रगोल छ।यस्तै, पिंगलास्थान हुँदै मन्दिर पुग्ने सडक पनि अस्तव्यस्त छ। मन्दिर प्रवेश गर्ने बाहिरी सडकमा ठाउँठाउँमा फोहोरसमेत थुपारिएको छ। फोहोर नउठाउँदा, सरसफाइ नगर्दा र मन्दिर प्रवेश गर्ने गेटमा पर्याप्त सुरक्षागार्ड नराख्दा मन्दिर क्षेत्र अव्यवस्थित बन्दै गइरहेको छ। कोषका प्रवक्ता रेवतीरमण अधिकारीले सडक र ढल व्यवस्थापनको काम भइरहेकाले अव्यवस्थित बनेको स्वीकार गरे। 'सडक र ढल व्यवस्थापनको काम भइरहेको छ, सोहीकारण बीचको सडक असहज बनेको हो,' उनले भने, 'अन्य सरसफाइ र व्यवस्थापनको काम नियमित भइरहेको छ।'

संवैधानिक...

पृष्ठ १ बाट क्रमशः

समितिमा आएको सो विधेयकमा आइतबार छलफलका क्रममा सांसदहरूले पदाधिकारीको उपस्थितिलाई बाध्यकारी बनाउन निश्चित सीमादेखि दण्डसम्म तोक्ने प्रस्ताव गरेका हुन्।

रास्वपा सभापति रवि लामिछानेले अनुपस्थितिको सीमा तोक्नुपर्ने बताए। 'संवैधानिक परिषद्का ६ ठूला मान्छेले ठीक निर्णय गर्दैनन् भन्ने ठाउँमा पुऱ्याइयो। एक-अर्काप्रति विश्वास छैन। प्रधानमन्त्री नआए के हुने, विपक्षी दलको नेता आइदिएन भने के गर्ने ? उनले आफ्नो मान्छे चाहे के गर्ने ? यो व्यवस्था ऐनमा गर्नुपर्छ,' उनले भने। कुनै पनि पदाधिकारीको कार्यकाल कहिले सकिन्छ भन्ने परिषद्लाई पहिल्यै जानकारी हुने भएकाले टाइमलाइन बनाउनुपर्ने उनको भनाइ थियो। 'कार्यकाल सकिनु ६ महिना पहिले टाइमलाइनभित्र काम गर्ने, पदाधिकारीकाले काम नगरेमा स्वतः उसको भोट कायम हुने वा नहुने व्यवस्था हुन जरुरी छ। तीनपटकसम्म अनुपस्थित भएमा स्वतः पक्षमा सहमति दिएको मानिने व्यवस्था गर्नुपर्छ,' उनले भने।

सञ्चारमन्त्री रेखा शर्माले अनुपस्थितिको सन्दर्भमा एउटा व्यवस्था गरेर जाँदा उपयुक्त हुने बताइन्। 'कतिपटकको अनुपस्थितिलाई स्वाभाविक मान्ने, कतिपटककोलाई बाध्यकारी बनाउने व्यवस्था कसरी गर्ने भन्ने सोच्नुपर्छ,' उनले भनिन्, 'तर, अनुपस्थितलाई पनि उपस्थित मान्ने उपयुक्त हुँदैन। अनुपस्थित भएपछि त्यहाँ के गर्ने भन्ने सोच्न सकिन्छ।' साथै, अध्यक्षले बैठक नै बोलाएन भने के गर्ने भन्ने पनि सोच्न सकिने उनको भनाइ थियो।

सांसद सुमना श्रेष्ठले परिषद्को बैठकमा उपस्थित नहुने सदस्यलाई दण्ड-जरिवानाको व्यवस्था गर्नुपर्ने बताइन्। लोसपाका सर्वेन्द्रनाथ शुक्लले लगातार अनुपस्थित भएमा उपस्थिति मान्ने कुरा उपयुक्त भएको बताए। तर, दण्डको व्यवस्था राख्न नहुने धारणा राखे।

अध्यक्ष र ५० प्रतिशत सदस्यमै अडान

समितिले आइतबार सातजना संशोधनकर्तासँग छलफल गरेको थियो। छलफलमा सत्तापक्षका सांसदले अध्यक्ष र कम्तीमा ५० प्रतिशत सदस्यबाट निर्णय गर्नुपर्ने धारणा राखे। विपक्षी एमालेका सांसदले भने अध्यक्ष र बहुमत सदस्यको सहमतिमा निर्णय हुने व्यवस्था गर्नुपर्ने तर्क गरे। संशोधन विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने' उल्लेख छ। साथै, सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने प्रस्ताव गरिएको छ।

माओवादी सांसद दुर्गा राईले गणपूरक संख्यामा प्रधानमन्त्री र ५० प्रतिशत भनेको चारजना भएकाले यसमा विवाद गर्न नहुने बताइन्। 'संसदीय व्यवस्थामा छौँ, प्रधानमन्त्रीलाई बढी अधिकार भयो भन्ने तर्क मिल्दैन। प्रधानमन्त्रीले नै प्रस्ताव ल्याउने हो,' उनले भनिन्। कांग्रेसकी सरिता प्रसाईंले पनि अध्यक्ष र ५० सदस्य भनेर जानुपर्नेमा जोड दिइन्।

एमालेका लीलानाथ श्रेष्ठले अध्यक्ष र ५१ प्रतिशत सदस्य राख्नुपर्ने धारणा राखे। 'विगतमा भएको कुरा अब नहोस्। ठूलो कुरा नैतिकता हो। नैतिकता भएन भने जतिसुकै कानुन बनाए पनि काम लाग्दैन। खाने मुखलाई जुँगाले छेक्दैन। उच्चस्तरको नैतिकता भएको व्यक्ति मात्र स्वार्थभन्दा माथि उठ्छ,' उनले भने। रास्वपा सभापति लामिछानेले ५० प्रतिशतभन्दा बढीको निर्णय हुन जरुरी रहेको बताए। लोसपाका शुक्लले अध्यक्ष र बहुमत सदस्य भन्नुपर्ने धारणा राखे।

सञ्चारमन्त्री रेखा शर्माले विधेयकको स्पिरिट ६० प्रतिशतमाथि नै रहेको जिकिर गरिन्। 'अघिल्लोपटक ल्याइएर खारेज भएको अध्यादेशमा अध्यक्षसहित बहुमत भनिएको थियो, अहिले अध्यक्ष र सदस्यको ५० प्रतिशत भनिसकेपछि त्यो अटोमेटिक ६० प्रतिशत हुन्छ। यो धेरै समस्याको विषय होइन। ५० प्रतिशतको कुरामा अन्योल नराखौँ। आगामी छलफलमा यसलाई टुंग्याऔँ,' उनले भनिन्।

परिषद्मा प्रधानन्यायाधीश र उपसभामुख नराख्न सुझाव

बैठकमा सांसदहरूले प्रधानन्यायाधीश र उपसभामुखलाई परिषद् सदस्यबाट हटाउनुपर्ने धारणा राखेका छन्। एमालेका रघुजी पन्तले प्रधानन्यायाधीशले परिषद्बाट हुने नियुक्तिसम्बन्धी मुद्दा हेर्नुपर्ने र यसमा स्वार्थ बाझिने तथा उपसभामुख दलीय प्रतिनिधित्व मात्रै भएकाले संविधान संशोधन गरेर हटाउनुपर्ने तर्क गरे। तर, माओवादीकी दुर्गा राईले अहिले ऐन बनाउने वेला संविधान संशोधनको कुरा गर्न नहुने तर्क गरिन्। सरिता प्रसाईंले पनि संविधान संशोधनका लागि दुईतिहाइ चाहिने भएकाले अहिले त्यस्तो तर्क राख्न आवश्यक नभएको बताइन्।

मेरिटमा नियुक्ति गर्नुपर्ने धारणा

समितिमा रास्वपा सभापति रवि लामिछानेले संवैधानिक परिषद्बाट हुने नियुक्ति सिफारिस मेरिटका आधारमा गर्नुपर्ने प्रस्ताव गरे। 'परम्परागत रूपमा सरकारलाई जसलाई मन लाग्यो उसलाई नियुक्ति सिफारिस गर्ने चलन ठीक होइन। दलहरूबीचमा मलाई यो, तँलाई यो भनेर भागबन्डा गर्ने परिपाटी छ, त्यसको कारणले अहिलेको स्थिति सिर्जना भएकाले यसलाई मेरिटमा नियुक्ति गर्नुपर्छ,' उनले भने, 'मेरिटमा योग्य व्यक्तिलाई लैजान संयन्त्र, कार्यविधि, ऐनमा व्यवस्था गर्न कन्जुस्याइँ गर्न हुँदैन।' नियुक्ति गर्नुभन्दा पहिला विज्ञसँग, नियुक्त गर्नुपर्ने पदाधिकारीको उच्चतम उत्कृष्टताको मापदण्ड, मूल्यांकनको आधार, व्यावहारिक कोणबाट छलफल गरेर मेरिटमा माथि जाने व्यवस्था गर्नुपर्ने उनले बताए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ ०९ गते मंगलबार**का दिन शाखा कार्यालय मलंगवा, सर्लाहीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण :

प्रदेश सरकार (प्रदेश नं. २) उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिजय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवामा मिति २०७८/०४/०३ मा प्र.प.नं. १०७७२/०७८/०७९ कायम भई दर्ता रहेको, सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ७ रजिष्टर्ड कार्यालय भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ७ स्थित **राधा बहुउदेश्य कृषि फर्म** (प्रोप्राईटर लाल सिंह दनुवारको नातिनी, दया लाल रायको छोरी, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०७ बस्ने **ईश्वर देवी दनुवारनी**, ना.प्र.प.नं. १९३०४२/२९० जारी मिति २०६३/११/१७ जिल्ला प्रशासन कार्यालय सर्लाही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. लाल सिंह दनुवारको बुहारी, दया लाल रायको छोरी, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०७ बस्ने **ईश्वर देवी दनुवारनी** (ना.प्र.प.नं. १९३०४२/२९०, जारी मिति २०६३/११/१७, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
२. लाल सिंह दनुवारको नाति, फुलगेन सिंह दनुवारको छोरा, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०७ बस्ने **उमेश कुमार सिंह** (ना.प्र.प.नं. १९३०४२/४०७, जारी मिति २०६३/११/१७, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
३. लाल सिंह दनुवारको नाति, फुलगेन सिंह दनुवारको छोरा, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०७ बस्ने **दिनेश कुमार सिंह** (ना.प्र.प.नं. १८६५२६१२, जारी मिति २०६०/०१/०२, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
४. खटर सिंह दनुवारको नाति, लाल सिंह दनुवारको छोरा, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०७ बस्ने **फुलगेन सिंह दनुवार**(ना.प्र.प.नं. १८६५२२१७, जारी मिति २०५१/११/०१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **फुलगेन सिंह दनुवार**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स., वडा नं. ७/ख स्थित कित्ता नं. ५६७ को क्षेत्रफल ०-९-१०-० (बि.क.धु.क) र ऐ.ऐ.चन्द्रनगर गा.वि.स. वडा नं. ७/ग स्थित कित्ता नं. ८३५ को क्षेत्रफल ०-८-१९१/२-० (बि.क.धु.क)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० माघ ०८ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८० माघ ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ ०९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६/२०७

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट, बागमती प्रदेश

ठेक्का सम्झौता गर्न आउने वारे

मिति:२०८०।०९।२३

श्री सन्तोषी निर्माण सेवा विदुर-५ नुवाकोट।

प्रस्तुत विषयमा किस्पाङ गाउँपालिकाको आन्तरिक आयको ठेक्का नं. 01/REVENUE/2080/81को मिति:२०८०।०६।२० मा आशयको सूचना जारी भई मिति: २०८०।०६।३० मा ठेक्का सम्झौता गर्न ७ दिन भित्र आउनु हुन भनी पत्र पठाईएकोमा त्यस (सन्तोषी निर्माण सेवा विदुर- ५) बाट तोकिएको समय भित्र ठेक्का सम्झौता गर्न उपस्थित नभई विभिन्न मितिमा गरी रु ३४,४०,०००।- अक्षरुपी चौतिस लाख चालिस हजार जम्मा गरेको भौचर पेश गरी ठेक्का सम्झौता गरिपाउँ भनी निवेदन दिएको तर बाँकी रकम वा सो बराबरको बैङ्क ग्यारेन्टी लिई सम्झौता गर्न आउन पत्राचार गरेतापनी सम्झौता गर्न नआएकोले मिति २०८०।०९।२० गतेको कार्यपालिकाको बैठकबाट (अन्तिम पटकका लागि १५ (पन्ध्र) दिन भित्र ठेक्का सम्झौता गर्न आउन राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्ने र सो अवधि भित्र पनि ठेक्का सम्झौता गर्न नआएमा निज निर्माण सेवा सँगको ठेक्का सम्झौता प्रकृया रद्द गर्ने) निर्णय भएकोले सो बमोजिम गर्नुहुन अन्यथा ठेक्का प्रकृया रद्द गरी कानून बमोजिम हुने व्यहोरा सूचित गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

Palata Rural Municipality
Office of the Rural Municipal Executive
Thirpu, Kalikot District
Karnali Province, Nepal

Invitation of Bids

First Date of Publication: 2080/09/23 (08/01/2024)

(a) The Palata Rural Municipality, Office of the Rural Municipal Executive, Thirpu, Kalikot intends to apply part of the funds to cover eligible payments under the Contracts stated below. And Bidding is open to all eligible Nepalese Bidders for the Building Construction works under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures with contract details as follows:

S. N.	Identification No.	Description of Works	Estimated Amount (Without VAT Nrs.)	Cost of Bid Document (NRs)	Bid Security Amount (NRs	Bid Security Validity Period	Remarks
1	PRM/KKT/BCPRM/W/NCB/01/2080-081	Building construction of Palata Rural Municipality Ranibisauna Palata-02 Kalikot	86,17,872.01	3000.00	285,000.00	120 days	NCB

For More Details Eligible Bidders may obtain further information and inspect the Bidding may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative officer

विद्यालय शिक्षा विधेयकमाथि निजी र सामुदायिक विद्यालयका प्रश्नैप्रश्न

सातै प्रदेशका नमुना सामुदायिक विद्यालयसँग छलफल गरिने



● **रमेश सिलवाल**
अध्यक्ष, हिसान

सरकारी विद्यालयमा लगानी र छात्रवृत्ति शिक्षामा पनि विभेद छ, अझ सरकारी उच्च पदमा बसेकाले छोराछोरी कहाँ पढाउँछन् भन्ने विषयलाई हेर्दा प्रस्ट हुन्छ। यदि विद्यालय तहको शिक्षा सुधार गर्ने हो भने विधेयक पनि स्पष्ट र प्रभावकारी हुनुपर्छ।



● **डिके ढुंगाना**
अध्यक्ष, प्याब्सन

सरकारले विद्यालयलाई गुठीमा लैजाने विषय खुबै चर्चामा आयो, तर गुठीमा गइसकेका यसअघिका विद्यालयको अवस्था पनि हेर्नौं। विधेयकमा सामाजिक विषय नेपाली भाषामा मात्रै हुनुपर्छ भन्ने छ, यसले यो विषय पढेकाले विदेशमा ज्ञान कसरी प्रयोग गर्ने, नेपाल पर्यटकीय सम्भावना भएकाले पनि पर्यटकसँग बोल्न वा त्यससम्बन्धी व्यवसाय गर्न अंग्रेजी भाषा चाहिन्छ, त्यसले यसलाई सच्याउनुपर्छ।



● **पाण्डव हमाल,**
अध्यक्ष, एनप्याब्सन

विधेयकमा व्यवसायलाई बढी केन्द्रित गरिएको छ, शिक्षाको गुणस्तरबारेका बुँदा कम छन्। निजी विद्यालय सामुदायिक विद्यालयका बाधक होइनन् भन्ने गरी उल्लेख गर्नुपर्छ। 'पाठ्यक्रम, अनुगमन र परीक्षाबाहेकका कुरामा निजी विद्यालयलाई स्वायत्तता दिनुपर्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको 'विद्यालय शिक्षा विधेयक, २०८०' माथि निजी तथा सामुदायिक विद्यालयका संघसंस्थाले प्रश्नैप्रश्न उठाएका छन्। संसद्को शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिमा छलफलका क्रममा रहेको विधेयकका सम्बन्धमा सुझाव लिन आइतबार निजी र सरकारी विद्यालयका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिलाई बोलाइएको थियो। समिति सभापति, सदस्यसहितको उपस्थिति रहेको छलफलमा निजी (हिसान, प्याब्सन र एनप्याब्सन) र सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका प्रतिनिधिले विधेयकको नामदेखि अधिकांश दफालाई सच्याउन सुझाव दिएका छन्।



आइतबार बसेको शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिको बैठक। तस्बिर : नयाँ पत्रिका

हिसानका अध्यक्ष रमेश सिलवालले विधेयकमा निजी विद्यालयलाई गुठीमा लैजाने विषय कुनै पनि हालतमा सही नहुने बताउँदै यो बुँदा सच्याउनैपर्ने धारणा राखे। उनले ऐनमा नेपाली सेना, प्रहरी, मदरसा, गुम्बा, गुरुकुललगायत शैक्षिक संस्थाबारे पनि स्पष्ट व्यवस्था गर्न सुझाव दिए। 'सरकारी विद्यालयमा लगानी र छात्रवृत्ति शिक्षामा पनि विभेद छ, अझ सरकारी उच्च पदमा बसेकाले छोराछोरी कहाँ पढाउँछन् भन्ने विषयलाई हेर्दा प्रस्ट हुन्छ,' उनले भने, 'यदि विद्यालय तहको शिक्षा सुधार गर्ने हो भने विधेयक पनि स्पष्ट र प्रभावकारी हुनुपर्छ।' उनले सबै विद्यालयको आ-आफ्नै इतिहास रहेकाले विद्यालयको अंग्रेजी नाम हटाउन नहुने धारणा राखे।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का अध्यक्ष डिके ढुंगानाले हाल शिक्षा विधेयकमा समेटिएको गुठीसम्बन्धी दफा मात्रै चर्चामा रहेको बताउँदै ऐनका समग्र पक्षलाई केलाउन र छलफल गर्न आवश्यक रहेको बताए। 'सरकारले विद्यालयलाई गुठीमा लैजाने विषय खुबै चर्चामा आयो, तर गुठीमा गइसकेका यसअघिका विद्यालयको अवस्था पनि हेर्नौं,' उनले भने, 'विधेयकमा सामाजिक विषय नेपाली भाषामा मात्रै हुनुपर्छ भन्ने छ, यसले यो विषय पढेकाले विदेशमा ज्ञान कसरी प्रयोग गर्ने, नेपाल पर्यटकीय सम्भावना भएकाले पनि पर्यटकसँग बोल्न वा त्यससम्बन्धी व्यवसाय गर्न अंग्रेजी भाषा चाहिन्छ, त्यसले यसलाई सच्याउनुपर्छ।'

एनप्याब्सनका अध्यक्ष पाण्डव हमालले शिक्षा विधेयकमा व्यवस्थापनको पक्षलाई बढी केन्द्रित गरिएको बताउँदै यो विधेयकले शिक्षाका बुँदालाई बढी समेट्नुपर्ने बताए। 'विधेयकमा व्यवसायलाई बढी केन्द्रित गरिएको छ, शिक्षाको गुणस्तरबारेका बुँदा कम छन्। निजी विद्यालय सामुदायिक विद्यालयका बाधक होइनन् भन्ने गरी उल्लेख गर्नुपर्छ,' उनले भने, 'पाठ्यक्रम, अनुगमन र परीक्षाबाहेकका कुरामा निजी विद्यालयलाई स्वायत्तता दिनुपर्छ।' उनले हाल २५ हजार विद्यार्थी विदेशी सम्बन्धनमा चलेका शैक्षिक संस्थामा अध्ययन गरिरहेकाले यसबाट नेपालको ठूलो रकम बाहिरिएको बताउँदै यसलाई पनि ऐनमा अझ प्रस्टसँग समेट्न जरुरी रहेको बताए।

विधेयकको दफा ८ (ग) मा नेपाली मौलिक कला, संस्कृति, सभ्यता, सामाजिक रहनसहन समेटिएका सामाजिक अध्ययनका विषय नेपाली वा मातृभाषाको अतिरिक्त अंग्रेजीमा पनि अध्ययन गराउने व्यवस्था गर्नुपर्ने सुझाव प्याब्सनले दिएको छ।

■ विधेयकबाट 'सार्वजनिक' शब्द हटाउन माग

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघले छलफलमा आफ्नो सुझाव र धारणा राखेको छ। महासंघका अध्यक्ष गुणराज मोक्तानले विधेयकमा सार्वजनिक विद्यालय भन्ने शब्द प्रयोग भएकाले त्यसलाई सच्याएर सामुदायिक राख्नुपर्ने बताए। समुदायको अपनत्व तथा संकटमा पुगेको विद्यालय बचाउने दायित्वबोध गराउन पनि यो शब्द समेट्नुपर्ने उनको भनाइ थियो।

त्यस्तै, ऐनको दफा ८ मा गणित, विज्ञान र कम्प्युटर अंग्रेजी भाषामै पढाउनुपर्ने नियम समेटिएकाले त्यसलाई सच्याएर नेपाली भाषामा पनि पढ्न पाउनुपर्ने व्यवस्था गर्नुपर्ने सुझाव मोक्तानले दिए। 'विधेयककै दफा १५ मा शुल्कसम्बन्धी व्यवस्था छ, यो बुँदाले अभिभावकलाई अलमल पार्छ, यसलाई सच्याउनुपर्छ,' उनले भने, 'यसबाहेक प्रधानाध्यापक छनोटसम्बन्धी प्रावधान पनि सच्याएर प्रतिस्पर्धाबाट सक्षम र क्षमतावान व्यक्ति छनोट गर्ने गरी कानुन तय गर्नुपर्छ, प्रधानाध्यापकको छनोट जिल्ला होइन, पालिकास्तरबाट हुनुपर्छ।' उनले विद्यालय व्यवस्थापन समितिलाई व्यवस्थित बनाउने र कार्यकाल पाँच वर्षसम्म पुऱ्याउनुपर्ने सुझाव दिए। यसबाहेक शिक्षक सरुवासम्बन्धी अधिकारी विद्यालय व्यवस्थापन समितिलाई पनि दिनुपर्ने उनको भनाइ थियो।

शिक्षक काशीराज दंगालले विद्यालय सुधार्न शिक्षकलाई प्रोत्साहन र समुदायलाई जिम्मेवार बनाउनुपर्ने बताए। 'विधेयकमा पाठ्यपुस्तक र पोसाकबारे स्पष्ट व्यवस्था गरिनुपर्छ,' उनले भने, 'सबै सामुदायिक विद्यालयको एउटै पोसाक हुनुपर्छ र पुस्तक पनि सरकारले प्रशासन गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्छ।'

समितिले सातै प्रदेशमा रहेका नमुना सामुदायिक विद्यालयका प्रतिनिधिलाई बोलाएर विधेयकमाथि छलफल गर्ने भएको छ। 'यसमा सबैजसो सरोकारवालासँग छलफल गर्छौं, सबैको चित्त बुझाउँछौं,' समिति सभापति भानुभक्त जोशीले भने, 'अब सात प्रदेशका नमुना र फरक-फरक संघसंस्थासँग पनि विधेयकमाथि छलफल गर्छौं, ता कि यसमा सबैको आवाज समेटियोस्।' उनले यसबाहेक गुम्बा, मदरसा, गुरुकुललगायत शिक्षाका प्रावधानबारे ती शैक्षिक संस्थाका सरोकारवालासँग छलफल गरिने जानकारी दिए।

विवादपछि त्रिवि उपकुलपति नियुक्तिको सूचना रद्द

नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि जारी गरिएको सूचना विवादित बनेपछि रद्द गरिएको छ। त्रिवि उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले २० पुसमा निकालेको दरखास्त आह्वानसम्बन्धी सूचना आइतबार रद्द गरेको हो।

शुक्रबार जारी गरिएको सूचनाको 'ङ' नम्बर बुँदामा 'विश्वविद्यालय पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यहोरा खुलेको विवरण तथा प्रमाणित प्रतिलिपि' भन्ने वाक्य उल्लेख थियो। त्यसले रजिस्ट्रार, रेक्टरलगायत तीनजनाले मात्रै दरखास्त हाल्न पाउने व्यवस्था गरेको र राजनीतिक रूपमा उपकुलपति नियुक्ति गर्न लागिएको भन्दै आलोचना भएको थियो। तीनजनाले मात्रै दरखास्त दिन पाउने प्रावधानले पूर्वपदाधिकारी मात्रै प्रतिस्पर्धाका निम्ति योग्य हुने र त्यसले मेरिटोक्रेसीमा सिन्डिकेट लगाउनेमा आफ्नो चासो रहेको बताउँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सक्षम र योग्य मान्छे आउने बाटो सम्पूर्ण रूपले खुला गरी अर्को विज्ञापन खोल्न मन्त्रालयमार्फत समितिलाई निर्देशन दिएका थिए। त्यसलगतै दरखास्त आह्वानसम्बन्धी सूचना रद्द गरिएको हो।

अब अर्को मितिमा विवादित विषय नै सच्याएर सूचना प्रकाशन गरिने उपकुलपति पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले जनाएको छ। शनिबार समितिले उपकुलपति नियुक्तिको मापदण्डबारे छलफल गरेको थियो। छलफलले यसअघिको विवादित बुँदा हटाउनेलगायत निर्णय गरेकाले अब नयाँ सूचना जारी गरिनेछ। तर, शिक्षासम्बन्धी जानकार र विज्ञहरूले छनोट समितिमा रहेका पदाधिकारी र मापदण्डबारे प्रश्न उठाइरहेका छन्। अब प्रकाशित हुने सूचनामा स्वदेश तथा विदेशमा रहेको जोकोही योग्य प्राज्ञिक नेपालीले दरखास्त हाल्न सक्ने बताइएको छ।

त्रिविको पदाधिकारी तथा उच्च पदमा बसेर काम गरेको व्यक्तिलाई उपकुलपतिमा नियुक्ति गर्न नहुने र स्वतन्त्र तथा शिक्षा क्षेत्रमा प्रभावकारी रूपमा काम गर्न सक्ने व्यक्ति उपकुलपति हुनुपर्ने विज्ञहरूले धारणा राख्दै आइरहेका छन्। शुक्रबार जारी सूचना विवादित बनेपछि प्रधानमन्त्री प्रचण्डले फराकिलो मापदण्ड बनाएर विश्वविद्यालयको उच्च शिक्षाको गुणात्मक सुधारका निम्ति गम्भीर हुन शिक्षामन्त्री अशोककुमार राईलाई आग्रह गरेका थिए।

शुक्रबार जारी सूचनाप्रति शिक्षाविद्, प्राध्यापकलगायत विज्ञले असन्तुष्टि व्यक्त गरेका थिए। शिक्षाविद् विद्यानाथ कोइरालाले प्रधानमन्त्रीले उपकुलपति नियुक्ति गर्नेबारे बोल्नु उचित नदेखिएको बताए। 'प्रधानमन्त्री यसमा नबोलेको भए हुन्थ्यो, बरु विश्वविद्यालयको कुलपति पदमा आफू नबन्ने र सिनेटले कुलपति छनोट गर्ने नियम बसाल्न सहयोग गरेको भए उपकुलपति नियुक्ति पारदर्शी बन्न सक्थ्यो,' उनले भने, 'तर, शुक्रबार जारी भएको सूचनाले भागबन्डा तथा स्वार्थकै व्यक्तिलाई नियुक्त गर्न खोजिएको बुझिन्छ।' कोइरालाले उपकुलपति छनोट समिति तय गर्ने र मन्त्रिपरिषद्को निर्णयबाट नियुक्ति गर्ने र त्यसमा प्रधानमन्त्रीको प्रत्यक्ष सरोकार हटाउन आवश्यक रहेको बताए। विगतमा पनि सूचना जारी गरेर भिसी नियुक्तिको प्रक्रियालाई औपचारिकता दिइन्थ्यो। यसअघि खुला विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयलगायतले पनि पदाधिकारी नियुक्तिको सूचना जारी गरेका थिए। तर, हरेकपटक भिसी नियुक्तिका लागि सूचना जारी भए पनि पारदर्शी नभएको शिक्षाविद् कोइरालाले बताए। 'विगतका वर्षहरूमा पनि भिसी नियुक्तिको सूचना जारी हुन्थ्यो, तर यो औपचारिकता मात्रै निभाएजस्तो देखिन्छ,' उनले भने, 'अहिले पनि सूचना जारी गरेर औचारिकता पूरा गर्न खोजिएको मात्रै हो कि भन्ने बुझिन्छ, यसपटक त्यस्तो नहोस्।'

अनलाइनमार्फत गाँजामिश्रित केक बिक्री

काठमाडौं/ सामाजिक सञ्जालमार्फत गाँजा मिसिएको केक बिक्री गर्ने काठमाडौं महानगरपालिका- २९ घट्टेकुलोका २६ वर्षीय विसन मानन्धर पक्राउ परेका छन्। लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। प्रहरीका अनुसार उनले इन्स्टाग्राममा 'बम्ब डक ओग नेपाल' नामको एकाउन्ट खोली गाँजा मिसिएको केक बिक्री गर्दै आएका थिए। यसका निम्ति आवश्यक केक उनी आफैं उत्पादन गर्थे। अर्डर अनलाइनबाटै लिन्थे। र, ग्राहककहाँ भने इन्ड्राइभ र पठाओमार्फत पुऱ्याउँथे।

ब्युरोका प्रवक्ता एसपी चक्रराज जोशीका अनुसार उनले यो धन्दा एक वर्षदेखि चलाउँदै आएका थिए। यसका लागि उनले केकर्स क्रिएसन नामको कम्पनी नै खोलेका थिए। सोही कम्पनीमार्फत उनी गाँजामिश्रित केक उत्पादन गर्थे र निस्फिक्री बिक्री गर्थे। उनले बेकरीमार्फत द इफिफेन्सी ब्रेड, ह्याप्पी कप्स, बज लाइट एयर, नेस्टी क्यान्डी नामको ब्रान्डमा केक उत्पादन गर्दै आएका थिए। उनले कारोबारका लागि डार्क वेबमा 'बम्ब डक ओग नेपाल' पेज बनाएका थिए। पेज फलो गर्ने विश्वासिला ग्राहकलाई मात्रै उनी गाँजामिश्रित केक उपलब्ध गराउँथे।

समिति सभापति चयन गर्न निर्वाचन कार्यतालिका सार्वजनिक

धनगढी/ सुदूरपश्चिम प्रदेश सभा सचिवालयले विषयगत समितिको नेतृत्व चयन प्रक्रिया अगाडि बढाएको छ। प्रदेश सभाका चारवटा विषयगत समिति सभापति चयनका लागि २५ पुसमा मतदान दिन तोकेर सचिवालयले आइतबार निर्वाचनसम्बन्धी कार्यतालिका प्रकाशित गरेको छ। सत्तागठबन्धनबीच समिति नेतृत्वमा भागबन्डा नमिल्दा समिति नेतृत्वविहीन छन्।

२४ पुसमा समिति सभापतिका लागि उम्मेदवारी दर्ताको समय निर्धारण गरिएको छ। त्यही दिन मतदाता नामावली तथा उम्मेदवारविरुद्ध दाबी विरोध, उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशित गर्ने कार्यतालिका रहेको प्रदेश सभा सचिवालयले जनाएको छ। प्रदेश सभामा विधायन तथा प्रदेश मामिला, सार्वजनिक लेखा, अर्थ विकास तथा प्राकृतिक स्रोत र सामाजिक विकास गरेर चारवटा विषयगत समिति छन्।

प्रदेश सभा सचिवालयले सभापति चयन प्रक्रिया अगाडि बढाए पनि गठबन्धनबीच नेतृत्वमा सहमति भइसकेको छैन। तीनवटा समितिका लागि गठबन्धनका चार दलको दाबी छ। कांग्रेस, माओवादी, नागरिक उन्मुक्ति पार्टी र एकीकृत समाजवादीको एक-एक समितिमा दाबी छ। यद्यपि, यसबारे गठबन्धनमा औपचारिक छलफल भएको छैन। संसदीय परम्पराअनुसार सार्वजनिक लेखा समितिको नेतृत्व प्रतिपक्षले पाउनेछ।

प्रदेश सभा सचिवालयले यसअघि गत असोजमा सभापति चयन प्रक्रिया अगाडि बढाएको थियो, तर मुख्यमन्त्री कमलबहादुर शाहले अन्तिम समयमा निर्वाचन स्थगित गर्न लगाएका थिए।

आयल निगमको धनगढी डिपोद्वारा व्यवसायीसँग एक लाखसम्म 'अवैध असुली'

व्यवसायीलाई दुःख दिने काम भएको छ



● **चक्र मल्ल**, अध्यक्ष, सुदूरपश्चिम पेट्रोलियम डिलर्स एसोसिएसन

निर्वाध रूपमा व्यवसाय गर्न आयल निगमको धनगढी अफिसले सहजीकरण गरोस् भन्ने हाम्रो चाहना हुन्छ। तर, त्यसो हुनुको सट्टा बेला बेला दुःख दिने काम भइरहेको छ। यस विषयमा निगमको धनगढी कार्यालय, काठमाडौंमा रहेको केन्द्रीय कार्यालय र जिप्रका कैलालीमासमेत गुनासो गरे पनि सुनुवाइ हुन सकेको छैन।



काम गर्ने मान्छेलाई आरोप त लागिहाल्छ नि !



● **मोहनकुमार साह**, प्रमुख धनगढी डिपो, आयल निगम

म काम गर्ने मान्छे हुँ। त्यसैले आरोप त लागिहाल्छ। वास्तवमा यहाँ सबै ठीक छ। कसैले चिन्ता लिनुपर्दैन। यहाँ पम्प व्यवसायीसँग मिलेर पेट्रोलियम पदार्थको आपूर्ति र वितरणमा क्रियाशील छौं। मूल्य समायोजनका बेला व्यवसायीले तेल नउठाउने हुँदा बेला-बेला बजारमा समस्या देखिने गरेको थियो। अहिले त्यो समस्या पनि हल भएको छ।

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगमको सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढीले पेट्रोलियम व्यवसायीसँग विभिन्न बहानामा एक लाख रुपैयाँसम्म नियमित अवैध असुली गरेको आरोप लागेको छ। उपनिर्देशक मोहनकुमार साह करिब एक वर्षअघि धनगढी डिपो प्रमुखमा नियुक्त भएदेखि असुली तीव्र भएकाले दुःख पाउन थालेको व्यवसायीले गुनासो गरेका छन्। उनले व्यवसायीको सूची नै बनाएर रकम असुल्ने गरेको र मागेजति नपाए पम्प व्यवसायीलाई पनि माग गरेजति तेल नदिने गरेको व्यवसायीको भनाइ छ।

साहले बजार मागअनुसार तेल दिन आनाकानी गरेकै कारण धनगढीमा पटक-पटक इन्धनको अभाव भएपछि जिल्ला प्रशासन कार्यालय, कैलालीले गत ६ मंसिरमा उनलाई लिखित स्पष्टीकरणत सोधेको जिप्रका कैलालीका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए। 'बारम्बार इन्धन अभाव भएपछि हामीले लिखित स्पष्टीकरण सोधेका थियौं। त्यसपछि अहिले भने आपूर्तिमा समस्या छैन,' उनले भने।

छठयता सुदूरपश्चिममा इन्धन सहज रूपमा वितरण भइरहे पनि साहको घुस असुली रोकिएको छैन। डिपोबाट दैनिक रूपमा पेट्रोलपम्पसम्म इन्धन ओसार्ने 'निजी ट्यांकर'धनीबाट उनले मासिक एक लाख रुपैयाँसम्म असुलेर दुःख दिइरहेको एक व्यवसायीले गुनासो गरे। 'कुन पम्पले कति तेल बिक्री गर्छन् भन्ने कुरा निगमलाई थाहा भइहाल्छ। तुलनात्मक रूपमा अलि धेरै तेलको कारोबार गर्ने पम्पले माग गरेअनुसारको तेल लैजान डिपो प्रमुख साहलाई एक लाख रुपैयाँसम्म घुस दिनुपर्छ,' एक व्यवसायीले भने, 'यति ठूलो रकम महिनैपिच्छे बुझाउनुपर्दा हामी पीडित छौं।' धनगढी डिपोबाट सुदूरपश्चिमका एक सय चारवटा पेट्रोलपम्पमा इन्धन वितरण हुँदै आएको छ।

त्यस्तै, इन्डियन आयल कर्पोरेसन (आइओसी)को बन्थरा डिपोबाट निगमको धनगढी डिपोसम्म इन्धन ओसार्ने 'करारका ट्यांकर'धनीलाई ढुवानी भाडा भुक्तानी गर्दासमेत साहले कुल भुक्तानीको १.५ प्रतिशतसम्म कमिसन लिने गरेको स्रोतको भनाइ छ। 'एउटा ट्यांकरले महिनामा पाँचपटकसम्म भारतबाट तेल लिएर आउँछ। यसरी तेल ल्याउँदाको ढुवानी भाडा निगमले महिनाको अन्त्यमा एकमुष्ठ भुक्तानी गर्छ,' स्रोतले भन्यो, 'भुक्तानी रकमको १.५ प्रतिशत कमिसन दिएन भने अर्कोपटकदेखि तेल लिन भारत जाने पालो नै पाइँदैन।' धनगढी डिपोमा करिब ८५ ट्यांकर करार सम्झौतामा छन्।

बलियो नियामक निकाय नभएकाले पेट्रोलपम्पको अनुगमन र सुपरिवेक्षणसमेत निगमकै डिपोहरूले गर्दै आएका छन्। समय-समयमा धनगढी क्षेत्रका पम्पको अनुगमनमा साह आफैं निस्कने र साथमा करार सेवामा कार्यरत डिलबहादुर ऐरीलाई लिएर जाने गरेका छन्। दुवैजना अनुगमनका लागि पम्पमा झुल्किएपछि 'चिया खर्च' पाँच हजारसम्म प्रत्येकपटक दिने गरेको एक पम्प व्यवसायीले बताए। 'ऐरी सरले चिया खर्चबापतको रकम बुझ्ने र अरू चाँजोपाँजो मिलाउनुहुन्छ,' ती व्यवसायीले भने। १५ वर्षभन्दा बढी समयदेखि कहिले करार र कहिले ज्यालादरी कर्मचारीका रूपमा धनगढी डिपोमा ऐरी कार्यरत छन्। करार र ज्यालादारीका कर्मचारीलाई सामान्य गुजारा चलाउन सक्ने सेवा-सुविधा निगमले दिने भए पनि ऐरीले निगमको सेवा प्रवेशपछि कञ्चनपुरमा घर र जग्गा जोडिसकेका छन्। तर, ऐरीले कार्यालय प्रमुख साहसँग पम्प अनुगमनमा जाने गरेको, तर कसैसँग अतिरिक्त रकम नलिएको दाबी गरे। ऐरी यसअघिको कार्यालय प्रमुख चित्तरञ्जन दासका पालामा पनि हर्ताकर्ता थिए।

धनगढी डिपो प्रमुख साहले आइओसीबाट तेल लिएर आउने ट्यांकरलाई समयमै डिपोभित्र प्रवेश गरी तेल खन्याउनसमेत १०-१५ हजार रुपैयाँ घुस लिने गरेको ट्यांकरधनीको गुनासो छ। पेट्रोलपम्पसम्म इन्धन ओसार्ने निजी ट्यांकर राख्नसमेत घुस खुवाउनुपर्ने बाध्यता रहेको व्यवसायी बताउँछन्। 'धनगढी डिपोमा निजी ट्यांकर राख्न निवेदन दियो भने कार्यालय प्रमुख साहलाई केन्द्रीय कार्यालयमा सिफारिस गरिदिएबापत ८० हजार रुपैयाँसम्म दिनुपर्छ,' एक व्यवसायीले भने, 'नत्र कार्यालय प्रमुख साहले सिफारिस नै गरिदिँदैनन्।'

आफूमाथिका आरोपमा साहले भने खण्डन गरेका छन्। नयाँ पत्रिकासँगको संवादमा उनले आफूलाई लागेको आरोप सुन्नुको सट्टा 'काम गर्ने मान्छेलाई आरोप लाग्नु ठूलो कुरा होइन,' भन्दै तर्किए। 'म काम गर्ने मान्छे हो। त्यसैले काम गर्नेलाई आरोप लागिहाल्छ,' उनले भने। सुदूरपश्चिम पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष चक्र मल्लले निगमको धनगढी डिपोबाट व्यवसायीहरूलाई आवश्यकताअनुसार सहजीकरण नभएको प्रतिक्रिया दिए। 'निर्वाध रूपमा व्यवसाय गर्न आयल निगमको धनगढी अफिसले सहजीकरण गरोस् भन्ने हाम्रो चाहना हुन्छ। तर, त्यसो हुनुको सट्टा बेला बेला दुःख दिने काम भइरहेको छ,' उनले भने।

धनगढी डिपो प्रमुख साहले पम्प व्यवसायीलाई दुःख दिने गरेको विषय केन्द्रीय कार्यालयसम्म आएपछि उनलाई तत्कालीन वितरण विभाग प्रमुख दीपक बराल र नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइतले काठमाडौं बोलाएपै झपारेका थिए। धनगढी डिपोका कर्मचारीले पनि साहका कारण बदनामी कमाउन थालेको भन्दै केन्द्रीय कार्यालयमा गुनासो टिपाएका थिए। त्यसपछि साहले आपूर्ति प्रणाली सुधार्ने र कसैलाई दुःख नदिने भन्दै धनगढी फर्किएका थिए।

प्रेस विज्ञप्ति

हालै केही सिमित अनलाइन मिडियाहरूद्वारा सुनियोजित तवरले श्रृंखलाबद्ध गरि फरक फरक शीर्षक राखी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी प्रति नकरात्मक असर पुऱ्याउने हेतुले आफुखुसी अपव्याख्या गर्दै कपोलकल्पित, भ्रामक, अतिरंजित र तथ्यहीन र सत्य तथ्य नबुझी तथा विषयगत ज्ञान नराखी सिलसिलेवार तवरले समाचारहरूको सम्प्रेषण भएका यस्ता समाचारहरू प्रति सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।

कम्पनीले सदैव संस्थागत सुशासन, बीमा ऐन र नीति नियमको अवलम्बन गर्दै आएको र नियमनकारी निकाय बीमा प्राधिकरणको प्रत्यक्ष निगरानी र निर्देशन अनुसार आफ्ना सम्पुर्ण कार्यसम्पादन गर्दै आएको साथै नेपाल सरकारका अन्य नियामक निकाय कम्पनि रजिस्ट्रारको कार्यालय, आन्तरिक राजस्व कार्यालय, नेपाल स्टक एकस्चेञ्ज (नेप्से), नेपाल धितोपत्र बोर्ड (सेबोन), सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सबै सरोकारवाला नियामक निकायहरूको नीति, नियम र निर्देशनहरूको परिधि भित्र रही सो निर्देशनहरूको पूर्ण परिपालना गर्दै संस्थागत सुशासनलाई प्राथमिकता दिई कार्य गर्दै आएको व्यहोरा जानकारी गराउँदछौं।

तसर्थ केहि सिमित मिडियाहरूमा प्रकाशित समाचारहरू तथ्यहिन, आधारहिन र कपोलकल्पित रहेको र गलत आरोप लगाएर लाखौं बिमित, लाखौं शेयरधनी र हजारौं अभिकर्ताहरूको विश्वास जित्न सफल सूर्यज्योति लाइफ प्रति आम जनतामा नै भ्रम सिर्जना गर्ने र कम्पनीको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले सुनियोजित तवरले प्रकाशित गरेको र यस्ता आधारहिन समाचारको पछि नलागी पुर्ण रूपमा निर्धक्क भई दृढ विश्वास राखी विगतमा झैं कम्पनीले जारी गरेको बीमालेख खरिद गर्न र अन्य सेवासुविधा लिनुहुन सबैलाई हार्दिक आग्रह गर्दछौं। कम्पनीसँग सम्बन्धित यहाँहरूको कुनै सुझाव वा गुनासो भएमा नजिकको शाखा कार्यालय वा कम्पनीको इमेल मार्फत उपलब्ध गराइदिनुहुन समेत अनुरोध गर्दछौं।

साथै हामीलाई विश्वास गरेर सूर्यज्योति लाइफको साख एवं श्रीवृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हामीसँग आवद्ध सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं।

SuryaJyoti जीवनको लागि | ISO 9001:2015 CERTIFIED

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

विश्वविद्यालय सुधारको प्रस्थानविन्दु

विश्वविद्यालयमा उपकुलपति नियुक्तिका लागि प्राज्ञिक तथा व्यवस्थापकीय अनुभव, विद्यावारिधि, रिसर्च प्रकाशन आदिलाई आधार बनाइनुपर्छ




● विनोद देउवा ● किरण खनाल

अग्रलेख

त्रिभुवन विश्वविद्यालयको नाम सुन्दा यहाँहरूको मनमा के आउँछ ? सामाजिक मिडियामा सबैभन्दा बढी उपलब्ध त्रिविको भीमकाय तस्बिर, अनियमित परीक्षा अनि नतिजा प्रकाशन, अनावश्यक राजनीतिक गतिविधि, घट्दै गएको गुणस्तर र कुनै डकुमेन्ट तयार गर्दा वा समकक्षताका लागि धाउँदा भोगेको पट्यारलाग्दो झन्झटिलो प्रक्रिया र नमीठा अनुभव नै त्रिभुवन विश्वविद्यालयको आजको अनुहार हो।

योभन्दा धेरै बुझेकाहरूका लागि त्रिवि झनै रोचक छ। त्रिवि गज्जब छ, आजको मितिमा त्रिविले आफूसँग आबद्ध विद्यार्थी संख्या किटान गरेर भन्न सक्ने अवस्था छैन। ऊ धेरै विद्यार्थीलाई दीक्षित गरी विश्व कीर्तिमान राखियो भनेर आत्ममुग्ध भइरहेछ। त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक नियुक्त गर्न वा बढुवा गराउन त्रिवि सेवा आयोग छ, जसको कार्यसम्पादन र औचित्यमा प्रश्न भने उठिरहन्छ। किनकि, कुन विभागमा कस्तो क्षमता भएको प्राध्यापक आवश्यक पर्छ भन्ने सोही विभागसँग सम्बन्धितबाहेक अरूलाई थाहा हुँदैन। त्यसैले, आयोगसँग आफूले नियुक्त गर्ने प्राध्यापकको जिम्मेवारीबोध र जवाफदेहिता छैन। त्रिविमा सहप्राध्यापकबाट प्राध्यापक बन्न सेवा अवधि पहिलो मानक हो। उत्कृष्टता, रिसर्च, व्यावसायिकता नभए पनि खासै फरक पर्दैन। बरु बढुवा पाउन प्राध्यापकले विद्यार्थी संगठन र दलका नेतालाई गुहार्ने गरेको समाचार सामान्य भइसक्यो। त्रिविमा धेरै वर्षअघि सिनास, सेडा, सेरिड, रिकास्टजस्ता कहलिएका रिसर्च केन्द्र थिए, जसका रिसर्च आउटपुट नियमित मात्र नभई अब्बल दर्जाका मानिन्थे। यी रिसर्च केन्द्र आज पनि छन्। तर, छाती फुलाएर प्रा.डा. लेख्ने यसका प्रमुख, तलब खाने कर्मचारी, ठिंग उभिएको भवन र उपयोग नभएका संसाधन मात्रै बाँकी छन् त्यहाँ। त्यहाँ रिसर्च हुँदैन तलब भने पाक्छ। परीक्षा नियन्त्रण कार्यालय, परीक्षा प्रणाली, पाठ्यक्रम, कक्षाकोठामा हुने आउटडेटेड पठनपाठन शैलीको त के कुरा गर्नु ? यी सबै समस्या प्रतिबिम्बित भएका छन्- भर्खरै प्रकाशित भएको टाइम्स युनिभर्सिटी र्‍याकिङमा। यो सबै वृत्तान्त राज्यको सबैभन्दा बढी स्रोत खर्च भएको र सबैभन्दा बढी विद्यार्थीले करिअर बनाउने सपना देखेर आएको विश्वविद्यालयको हो भनेर सुन्दा समग्र देशकै भविष्यको निराशापूर्ण चित्र मात्रै देखिन्छ। प्राज्ञिक थलोमा हुनुपर्ने विशेषता यस्तै हुन् त ? यस्तो वातावरणमा विद्यार्थीले कस्तो भविष्य पाउलान् ? यो आशालाग्दो चित्र हुँदैहोइन। समस्या छन्, समय लाग्न सक्छ तर समाधान नभएको होइन। आवश्यक छ त सही नीति अनि नियतको। धेरै जटिल समस्याको अलग-अलग समाधान खोज्नुभन्दा समस्याको मूल पहिचान गर्नु बढी उपयोगी हुन्छ। नेपालको संविधान ०७२ बनेलगत्तै बनाउने भनिएको विश्वविद्यालय छाता ऐन अझै बन्न सकेको छैन। बहसको परिधि थोरै साँघुरो बनाई हेर्दा विश्वविद्यालयको मूल भनेको यसको रणनीतिक नेतृत्व गर्ने उपकुलपति हुन्। वर्तमान अवस्थामा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अनुसार, विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि सिफारिस पेस गर्न कुलपति अर्थात् प्रधानमन्त्रीबाट सहकुलपति अर्थात् शिक्षामन्त्रीको अध्यक्षतामा त्रिवि कार्यकारी सभाका दुई सदस्य रहेको एक समिति गठन हुने र सो समितिको सिफारिसमा कुलपतिबाट उपकुलपति नियुक्ति हुने व्यवस्था छ। यसरी चयन भएका उपकुलपति एकाधबाहेक कोही पनि समाधानउन्मुख थिएनन्। पटक-पटकका दृष्टान्तले पनि यस विषयप्रति सरकार अथवा सरकारमा रहेका दलको उद्देश्य त्रिवि सुधारभन्दा पनि दलीय आकांक्षा सम्बोधन मात्रै रहेको देखाउँछन्। वर्तमान प्रधानमन्त्री तथा कुलपति प्रचण्डले त्रिविको ४९औँ दीक्षान्त समारोहमा दिएको मन्तव्य तथा उनको पहिलो नागरिक सम्बोधनले पनि सरकारको नियत विगतमा जुनसुकै दल आए पनि गलत देखिएको छ। ओली सरकारको पालामा सार्वजनिक गर्न नखोजिएको उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन एक उदाहरण हो। प्रतिवेदनले विश्वविद्यालयमा राजनीतिक नियुक्ति बन्द गर्नुपर्ने तथा कुलपति र उपकुलपति नियुक्ति 'बोर्ड अफ ट्रस्टिज'ले गर्नुपर्ने' भन्ने सिफारिस गरेको थियो।

पदीय मर्यादामा राज्यको मन्त्रीसरह रहने उपकुलपति सम्मान र नैतिकतामा अब्बल नागरिकको उदाहरण हुनुपर्ने हो, तर राजनीतिक नियुक्ति पाउने त्रिविका उपकुलपतिहरूको दलका आज्ञापालकको छवि बन्नु र सामान्य समस्या समाधानको चेत पनि नहुनु नै यथास्थितिको प्रमुख कारण हो। उपकुलपतिमा स्पष्ट कार्ययोजना र उच्च नैतिक बलयुक्त सम्माननीय छवि हुनुपर्छ। त्रिविका उपकुलपतिलगायत अन्य नियुक्ति भागबन्डा र स्वार्थका आधारमा नभई विश्वविद्यालय र उच्च शिक्षा सुधार गर्न सक्ने ज्ञान, सीप, दक्षता र कार्ययोजनाका आधारमा गरिनु समस्या निराकरणतर्फको प्रस्थानविन्दु हो।

नेतृत्वले नै आशा, ऊर्जा र जिम्मेवारिबोध तल्लो तहसम्म सञ्चार गर्ने हो। दलगत आधारमा नियुक्त भएको नेतृत्वले पहलकदमी लिने नैतिक साहस कमजोर बनाइसकेको हुन्छ। सुरुवातमै आफू सम्बन्धित ठाउँमा पुग्न अमुक दलका नेताको पाउमा पर्न वा ढोका ढकढक्याउनु परेको छ भने निरीहता त्यहीँबाट सुरु हुन्छ। त्यहाँबाट शिर ठाडो पारेर आफ्नो संस्थाका लागि 'म यो गर्न चाहन्छु र अवरोध यहाँबाट सिर्जना भइरहेको छ, कतिपय अवस्थामा स्वयं प्रधानमन्त्री र शीर्ष राजनीतिक नेतृत्वबाटै भइरहेको छ है' भन्न सक्ने धरातल रहन्छ त ? अहँ रहँदैन। नियुक्ति चाहने अध्येताको प्राज्ञिक तथा व्यवस्थापकीय अनुभवभन्दा दलीय आबद्धता प्रमुख आधार भएपछि विश्वविद्यालयको प्राज्ञिक उन्नयनको उद्देश्यमा सम्झौता हुनपुग्छ। प्रतिस्पर्धाको वातावरणमा हुने नियुक्ति प्रक्रियाले अध्येताको उत्प्रेरणालाई आवश्यक दिशानिर्देश गर्ने हुँदा उसको समय र ध्यान प्राज्ञिक कर्ममा आकृष्ट हुनेछ। विश्वविद्यालय अर्थात् विश्वस्तरको ज्ञान उद्यम गर्ने संस्था। त्यसैले, विश्वस्तरीय प्राज्ञिक अनुभवको प्रयोगबाट लाभान्वित हुन संसारभरका ज्ञान उद्यमीलाई हाम्रा विश्वविद्यालयमा आकर्षित गर्नु अपरिहार्य छ। हामीले कल्पना गरेको विश्वविद्यालयमा संसारभरका ख्यातिप्राप्त संस्थामा प्राज्ञिक



कर्म गरिरहेका नेपालीदेखि विदेशीसमेत प्राध्यापक तथा व्यवस्थापक बनेर आउने वातावरण निर्माण हुन आवश्यक छ। भारतमा व्यवस्थापन विषय अध्ययनका लागि नाम चलेको आइआइएम अहमदाबादका प्रमुखले अहिले लन्डन स्कुल अफ इकोनोमिक्सको नेतृत्व गरिरहनुभएको छ। विश्वविद्यालयमा यस्तो प्रचलन सामान्य हो। तर, हामीकहाँ यत्तिको उदार उच्च शिक्षा ऐन बनिनसकेको र आजको मितिमा त्रिवि नेतृत्वविहीन रहेको हुँदा तत्काललाई भने त्रिवि ऐनभित्रै रहेर यसले सुझाएका विकल्पमै सीमित हुनुपर्ने अवस्था छ। ऐनभित्रै रहेर स्वतन्त्र र विश्वसनीय छनोट समितिलाई जिम्मेवारी दिई योग्यता, दक्षता र अनुभवका आधारमा खुला प्रतिस्पर्धाबाट यसपटक त्रिवि उपकुलपति नियुक्तिका न्यूनतम आधार तोक्नुपर्छ। २० पुसमा त्रिवि उपकुलपति नियुक्तिका लागि दर्खास्त आह्वान भएको छ। खुला प्रतिस्पर्धामार्फत उपकुलपति नियुक्तिका लागि दर्खास्त आह्वान गरिनु सकारात्मक देखिए पनि यसको अन्तर्यमा मेरिटोक्रेसीका कुरा गर्ने प्रधानमन्त्री र सरकारको नियतमै खोट देखिएको छ। दर्खास्त आह्वानको बुँदा 'ङ'मा उपकुलपतिलाई विश्वविद्यालयकै पदाधिकारीबीचको प्रतिस्पर्धामा सीमित गराउँदा अन्यत्र अनुभव हासिल गरेका दक्ष, योग्य व्यक्ति उपकुलपति बन्ने बाटो बन्द गरिएको छ। यो खुला प्रतिस्पर्धाको मर्मविपरीत छ। यसले प्रधानमन्त्री स्वयंले 'अब विश्वविद्यालयमा राजनीतिक भागबन्डाका आधारमा नभई मेरिट अर्थात् योग्यताका आधारमा उपकुलपति नियुक्ति गर्ने र त्यसका लागि विश्वभर रहेका विज्ञ नेपालीलाई आग्रह गर्ने' भनी गरेको प्रतिबद्धताबाट विमुख गराएको देखिन्छ। यो सरासर निश्चित व्यक्तिलाई उपकुलपति नियुक्त गर्ने चलाखी हो। आज हाम्रा विश्वविद्यालयका सबै पदाधिकारी नियुक्ति दलीय भागबन्डा र राजनीतिक हस्तक्षेपबाट मुक्त छैनन्।

यसरी नियुक्त भएका पदाधिकारी उपकुलपति हुने व्यवस्थाले झन् दलीय स्वार्थलाई लाहाछाप लगाई संस्थागत गराउने बाटो खोलिदिएको छ। 'विश्वविद्यालयका पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको हुनुपर्ने भन्ने आधार कसरी तर्कसंगत हुन्छ र यसले प्रधानमन्त्रीले बोलेजस्तो दक्ष तथा निष्ठावान् व्यक्ति उपकुलपति बनाउन कसरी सम्भव हुन्छ ? दर्खास्त प्रक्रियालाई स्वागत गर्दैगर्दा सरकारलाई सो सूचनाको 'ङ' नम्बर बुँदालाई दलीय संरचना हाबी रहेको त्रिवि पदाधिकारीमा सीमित नगरी पूर्णतः खुला बनाउन दबाब सिर्जना गर्न आवश्यक छ। यद्यपि, प्रधानमन्त्रीकै निर्देशनमा सूचना रद्द गरिएको छ।

> त्रिविका उपकुलपतिलगायत अन्य नियुक्ति भागबन्डा र स्वार्थका आधारमा नभई विश्वविद्यालय र उच्च शिक्षा सुधार गर्न सक्ने ज्ञान, सीप, दक्षता र कार्ययोजनाका आधारमा गरिनु समस्या निराकरणतर्फको प्रस्थानविन्दु हो

प्राज्ञिक तथा व्यवस्थापकीय अनुभव, विद्यावारिधि, रिसर्च प्रकाशन आदि केही यस्ता आधार हुन सक्छन्। देशभित्र र बाहिर विश्वका विभिन्न विश्वविद्यालयमा अध्ययन, अनुसन्धान र अध्यापन गरिरहेका नेपालीका लागि आवेदन खोलेर, निवेदनमा उनीहरूको शैक्षिक योग्यता, नेतृत्व अनुभव र विश्वविद्यालयमा ल्याउने योजना समेट्न लगाऔँ। आवेदकमध्येबाट केही उत्कृष्ट आवेदन चयन गरी उनीहरूलाई आफूले नेतृत्व पाएमा कसरी विश्वविद्यालय हाँक्ने हो, त्यसबारे उनीहरूका विचार तथा कार्ययोजना सार्वजनिक रूपमा पेस गर्न लगाऔँ र अब्बललाई नियुक्त गरौँ। उपकुलपतिबाहेकका अन्य पदाधिकारी (रेक्टर, रजिस्ट्रार, डिन आदि) पनि खुला प्रतिस्पर्धाबाट नियुक्त गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था पनि उपकुलपति नियुक्तिजस्तै विचारणीय छ। हाम्रोजस्तै प्रशासनिक र व्यवस्थापकीय संरचना भएका बेलायती विश्वविद्यालयमा कुलपतिको भूमिका आलंकारिक हुन्छ। जसको आशय कुलपतिको पदलाई कार्यकारी नबनाउने भन्ने हो। तर, हामीकहाँ भने देशकै प्रमुख कार्यकारी मानिने प्रधानमन्त्रीलाई कुलपतिको भूमिकामा राख्दा सो पद आलंकारिक नरही नियन्त्रणमुखी हुँदै गयो। यसले उपकुलपतिको भूमिकामा विश्वविद्यालय ऐन प्रदत्त अधिकारलाई कमजोर बनाउँछ। त्रिभुवन विश्वविद्यालयका निवर्तमान उपकुलपति धर्मकान्त बाँस्कोटाले पनि आफ्नो पदावधि सकिएपछि पत्रकार सम्मेलन गरेर 'कुलपति प्रधानमन्त्री नभई प्राज्ञिक ज्ञान हासिल गरेको व्यक्ति हुनुपर्ने' बताएका थिए। उनले जस्तै अहिलेका शीर्ष दलका नेता तथा पूर्वप्रधानमन्त्रीले पनि पटक-पटक विश्वविद्यालयका कुलपति प्रधानमन्त्री बन्दा देखिएका प्राथमिकताका समस्या र कार्यव्यस्तताबारे सार्वजनिक रूपमै बोलेका छन्।

संसारभरका विद्यार्थीको शैक्षिक आकर्षणको केन्द्र मानिने संयुक्तराज्य अमेरिकाका विश्वविद्यालयमा कुलपति वा अध्यक्ष चयन गर्न 'बोर्ड अफ ट्रस्टी'को व्यवस्था छ। यो बोर्डले खोज समिति बनाउँछ, जसमा संकाय सदस्य, प्रशासक, पूर्वविद्यार्थी र कहिलेकाहीँ अध्ययनरत विद्यार्थीसमेत समावेश हुन सक्छन्। समितिले राष्ट्रव्यापी खोजी गर्छ, उम्मेदवारको मूल्यांकन गर्छ र अन्तिम छनोटका लागि बोर्डलाई सिफारिस गर्छ। यी दुवै प्रणालीमा सञ्चालित विश्वविध्यालय विश्वकै उत्कृष्टमध्ये मानिन्छन्। यसरी हेर्दा प्रणालीबीचको समानता दुवैमा रणनीतिक तथा निर्णायक नेतृत्व प्राज्ञिक व्यक्तिहरू नै हुन्छन्। त्यसैले समस्या प्रणालीको छनोटमा नभई प्रयोगमा ल्याइएको प्रणालीको सैद्धान्तिक प्रयोग नहुनुमा छ।


उपकुलपति नियुक्तिले मात्र विश्वविद्यालयमा व्याप्त तमाम समस्या समाधान हुँदैन। तर, सुरुवात भने नेतृत्वबाटै हुनुपर्छ। एकजना उपकुलपति वा केही पदाधिकारी छनोट गर्न बनेको नियुक्ति प्रक्रियाले मात्रै जादुको छडी चलाएजस्तो समस्याको पूर्ण समाधान निस्कँदैन। यसका लागि आवश्यक हुन्छ- निर्विकल्प राजनीतिक प्रतिबद्धता'को। यदि 'गभर्नेन्स' राम्रो बनाउने हो भने प्राज्ञिक क्षेत्रहरू महत्त्वपूर्ण हुन्छन् भन्ने बुझेर अहिलेजस्तो दलीय संरचना थेग्नलाई विश्वविद्यालय उपयोगको साधन बन्नुहुँदैन। राजनीतिक दलहरूले समुन्नत राष्ट्रनिर्माणको जग विश्वविद्यालयबाटै हाल्नुपर्छ। यी सम्पूर्ण विषयमा राज्य जानकार भएर पनि अपेक्षित पहलकदमी लिन नचाहेको हुँदा विश्वविद्यालयका प्रत्यक्ष लाभदायी विद्यार्थी र नागरिक समाजले पनि आवश्यक दबाब सिर्जना गर्न कुनै पनि बहानामा ढिलाइ गर्नुहुँदैन। यसको जिम्मेवारीबोध गरेर हामीले देशभरका करिब ७० आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसमा 'प्रधानमन्त्रीलाई पत्र' अभियान सुरुवात गरी प्रत्यक्ष रूपमा करिब १५ हजार विद्यार्थीबाट उनीहरूको रायसँगै हस्ताक्षर संकलन गर्‍यौँ। काक्षाकोठाबाट सुरु भएको अभियान, नागरिक समाज र शिक्षाविद्को उपस्थितिमा सडक बहस हुँदै पूर्वप्रधानमन्त्रीहरू, शीर्ष दलका नेता तथा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसम्म पुर्‍याएका छौँ। यसमा नागरिक समाज, राजनीतिक दल, सम्पूर्ण विद्यार्थी संगठन, विद्यार्थी र अभिभावकको पनि नैतिक समर्थनको बल आवश्यक छ

(लेखक देउवा त्रिचन्द्र कलेज र खनाल पशुपति क्याम्पसमा अध्ययनरत छन्)

---

३ प्रश्न

व्यवस्थापिका सदनकी सदस्य **सुमना श्रेष्ठलाई**



क्यालेन्डर बनाएर संसद् चल्नुपर्ने आवाज उठाउँदै आउनुभएको छ। यसबारे थप प्रस्ट पारिदिनुहोस् न !

संसद् सञ्चालनमा क्यालेन्डर बनाएर लागू गर्नु महत्त्वपूर्ण हुन्छ। खासगरी संसद्का प्राथमिकता निर्धारण गर्न क्यालेन्डर आवश्यक हुन्छ। साताका हरेक दिन र हरेक घन्टा के-के गर्ने भन्ने विषय निर्धारण गर्न क्यालेन्डर चाहिन्छ। सरकारले आफ्ना न्यूनतम साझा कार्यक्रमअनुसार संसद् चलाउँछ। सांसदले सार्वजनिक महत्त्वका प्रस्ताव र संकल्प प्रस्ताव राख्न सक्छन्। सरकारको 'बिजनेस' नभएको समयमा सांसदका त्यस्ता प्रस्तावमाथि छलफल चलाउनुपर्ने हो। तर, त्यस्ता प्रस्तावमाथि छलफल नै चलाइन्न। त्यसैले, यस्ता विषय पनि क्यालेन्डरमा समेट्नु जरुरी हुन्छ।

हाम्रो संसद् किन प्रभावकारी हुन नसकेको होला ?

संसद्को प्राथमिकता निर्धारण हुन नसक्नु नै यसको मुख्य कारण हो। संसद्लाई प्रभावकारी बनाउन सरकारको जाँगर शून्य छ। संसद्ले पनि सरकारकै मुख ताक्नुपर्ने बाध्यताले गर्दा प्रभावकारी हुन नसकेको हो।

संसद् अधिवेशनलाई प्रभावकारी बनाउने विधि के हुन सक्ला त ?

पहिलो त प्राथमिकता निर्धारण नै हो। जनतासँग प्रत्यक्ष जोडिएका विविध विषयमा खुला छलफल हुनुपर्छ। मन्त्री, प्रधानमन्त्रीसँग जनजीविकाका विषयमा प्रश्नोत्तर गर्ने, पब्लिकका सुझावमा छलफल चलाउने, विभिन्न आयोगका प्रतिवेदनमाथि खुला बहस गराउने जस्ता कार्यमा संसद् व्यस्त हुनुपर्छ। साथै, संसद्लाई जनताका आवाज प्रस्टसँग सुनाइने र सुन्ने थलो बनाउनुपर्छ। यति भयो भने संसद् वास्तविक जनताको संसद् बन्न सक्छ।

प्रेरक प्रसंग

फ्याउरो होइन, सिंह बन

एक बौद्ध भिक्षु जंगलमा दाउरा खोज्दै थिए। उनले नजिकै चारवटै खुट्टा नभएको एउटा फ्याउरो देखे। फ्याउरोलाई यस्तो अवस्थामा पनि हृष्टपुष्ट र स्वस्थ देखेर उनी छक्क परे। उनले मनमनै सोचे- आखिर यसले खान्छ चाहिँ के र यसलाई खुवाउँछ चाहिँ कसले ?

भिक्षु यस्तै केही सोच्दै थिए, नजिकै कतै सिंहको भयानक गर्जन सुने। सिंहको गर्जनसँगै जनावरहरूको भागदौड सुरु भयो। भिक्षु पनि तत्काल एक अग्लो रूखमा चढे। सिंहले हरिणको सिकार गरेको थियो। ऊ मुखमा हरिणलाई च्यापेर त्यही फ्याउरो भएको स्थानतिर अघि बढिरहेको थियो। सिंहले फ्याउरोलाई आक्रमण गर्नुको साटो हरिणको शरीरबाट केही टुक्रा मासु लुछेर उसको नजिकै राखिदियो र आफ्नो बाटो लाग्यो। भिक्षुलाई यो दृश्य अनौँठो लाग्यो। उनलाई विश्वासै लागेन। तैपनि, आफ्नै आँखाले देखेको दृश्य विश्वास नगरी पनि सुख थिएन। भोलिपल्ट पनि भिक्षु त्यहीँ गए। उनले अघिल्लो दिनकै जस्तो दृश्य फेरि देखे।

भिक्षुले मनमनै भने- यो सब भगवान् हुनुहुन्छ भन्ने प्रमाण हो। उहाँले जसलाई पैदा गर्नुहुन्छ, उसको पेट भर्ने व्यवस्था पनि स्वयं उहाँले नै गर्नुहुन्छ। अब यो फ्याउरोझैँ म पनि भगवान्को दयामा बाँच्छु। उहाँले मेरो भोजनको पनि अवश्यै व्यवस्था गर्नुहुनेछ।

उनी एउटा रूखको फेदमा पलेँटी कसरी बसे। तर, एक दिन, दुई दिन हुँदै पाँचौँ दिनसम्म पनि उनको पेटमा एक दाना भोजन परेन। उनी भोकले उभिनै नसक्ने अवस्थामा पुगे। उनमा बोल्ने शक्तिसम्म रहेन।

छैटौँ दिन एक महात्मा त्यही बाटो हुँदै कतै गइरहेका थिए। उनले भिक्षुलाई देखेर उनको त्यस्तो अवस्थाबारे जान्न चाहे। भिक्षुले सबै कुरा बताएर भने- भगवान् पनि कति निर्दयी हुँदा रहेछन्। मेरो प्राण जाने अवस्था आउँदा पनि मेरो भोजनको व्यवस्था गरेनन्। महात्माले भने- तपाईंले भनेको सत्य नै हो। तर, भगवान् तपाईं फ्याउरो होइन, सिंह बनेको देख्न चाहनुहुन्थ्यो। तर, तपाईंले उल्टो बाटो रोज्नुभयो। यसमा उहाँको के दोष ? महात्माको भनाइले भिक्षुका आँखा खुले। उनले अबका दिन अरूको जीवन बचाउने काममा समर्पित गर्ने अठोट गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पहिले फोहोर वर्गीकरण गर

काठमाडौं महानगरले सिसडोल ल्यान्डफिल साइटको फोहोर निजी क्षेत्रलाई ठेक्कामा दिने तयारी गर्दै गरेको र त्यस्ता कम्पनीको खोजी गर्दै गरेको समाचार पढियो। झट्ट हेर्दा यो महानगरको निकै सराहनीय प्रयास हो जस्तो लाग्छ। तर, हालसम्म फोहोरलाई वर्गीकरणसम्म गर्न नसकेको महानगरपालिकाको यो प्रयास कसरी सम्भव होला र ? फोहोरबाट मल बनाउन सबैभन्दा पहिले कुहिने र नकुहिने फोहोर छुट्टिएको हुनुपर्छ। तर, महानगरले फोहोर छुट्याउने गफ दिए पनि अहिलेसम्म त्यसमा सफल भएको देखिन्न। अनि, कसरी त्यस्तो फोहोरबाट मल बन्ला या बिजुली र ग्यास उत्पादन होला खै ?

● **अनुपमा नकर्मी**, म्हैँपी, काठमाडौँ

ट्राफिक प्रहरीको सराहनीय प्रयास

सडकमा हुने अधिकांश दुर्घटना 'ओभर स्पिड'कै कारण हुने गरेका छन्। राजधानीका पनि फराकिला सडकमा हुने अधिकांश दुर्घटनाको मुख्य कारण नै ओभर स्पिड हो। यसलाई रोक्न ट्राफिक प्रहरीले अनेक कोसिस गर्दै आएको छ। यसक्रममा उसले हाल बढी स्पिडमा सवारीसाधन चल्ने सडकमा 'अटोमेटिक नम्बर प्लेट रिकग्निसन-एएनपिआर) क्यामेरा जडान गर्ने अभियान सुरु गरेको रहेछ। यो उसको सराहनीय प्रयास हो। यस्ता क्यामेरा अन्य स्थानमा पनि जडान गरी गल्ती गर्ने चालकलाई कारबाहीको दायरामा ल्याउनुपर्छ।

● **सुमन कनौजिया**
ग्वार्को, ललितपुर

कार्यविधि छिटो तयार गर

देशभरका प्रहरी कार्यालयमा १० हजार मोटरसाइकल बेवारिसे अवस्थामा रहेको समाचार पढियो। यति धेरै मोटरसाइकल बेवारिसे भेटिनु सामान्य होइन। नागरिकले खाइनखाइ किनेको मोटरसाइकल चोरी भएर वा अन्य कारणले प्रहरीको कब्जामा पुगेको हुन सक्छ। त्यसलाई सकभर सम्बन्धित धनी पत्ता लगाएर फिर्ता गर्नु राज्यको दायित्व नै हो। आखिर यातायात कार्यालयसँग यसको तथ्यांक त पक्कै हुन्छ नै। कसैगरी धनी पत्ता लागेन भने यी सवारीसाधन त्यत्तिकै थुपारेर राख्नुभन्दा सकेसम्म छिटो कार्यविधि बनाएर बिक्री गर्नु ठीक हुन्छ।

● **वन्दना खाती**
सानोभऱ्याङ, काठमाडौँ

भारतीय हस्तक्षेप बढ्ने खतरा

कुनै एउटा देशले अर्को मुलुकको योजनामा दूतावासमार्फत सीधै आर्थिक सहयोग गर्न पाउँदैन र पाउनु हुँदैन पनि। यो अन्तर्राष्ट्रिय मान्यता या प्रचलन नै हो। किनकि यस्तो भएमा त्यसले अर्को मुलुकको आन्तरिक विषयमा ठाडो हस्तक्षेप गरेको मानिन्छ। बाह्य मुलुकले सहयोग गर्नुपरेमा त्यसको पूर्वअनुमति सहयोग पाउने राष्ट्रसँग लिनुपर्छ र त्यो सहयोग केन्द्र सरकारमार्फत मात्र गर्नुपर्छ। तर, कमजोर मुलुकलाई हेपेर वा कमजोर मुलुकका नेतालाइ दबाब, प्रभाव वा प्रलोभन दिएर बलिया मुलुकले सीधै आर्थिक अनुदान दिने गरेको पनि यदाकदा देखिन्छ।

विगतमा विसं ०५९ मा सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा भारतले नेपालको कुनै पनि योजनामा सीधै तीन करोडसम्मको आर्थिक सहयोग गर्न सक्ने सम्झौता भएको थियो। पछि त्यसलाइ बढाएर पाँच करोड गरियो र अहिले आएर भारतीय विदेशमन्त्री एस जयशंकरको भ्रमणमा २० करोडसम्म सीधै लगानी गर्न सक्ने व्यवस्था गरिएको छ। जसले देशको आन्तरिक मामलामा ठूलो हस्तक्षेपको काम गर्छ। भारतले वीरगन्जमा कन्सुलर जनरल अफिस खडा गरी यस्तो प्रत्यक्ष सहयोगबाट राजनीतिलाई नै प्रभाव पार्दै आएको तितो अनुभव पनि छ। मधेस प्रदेशमा यही सहयोगका कारण मुख्यमन्त्रीको कार्यालयभन्दा भारतको कन्सुलर अफिसमा भिड लाग्ने गरेको दृश्य हामीले देखेका छौँ। किन वर्तमान प्रधानमन्त्री प्रचण्ड दोस्रो सूर्यबहादुर थापा बन्न खोज्दै छन् ? यस्तो व्यवस्थाबाट भारतको हस्तक्षेप बढ्छ भन्ने प्रधानमन्त्री प्रचण्डलाई थाहा छैन र ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८, काठमाडौँ

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

दिगो विकास लक्ष्यको नयाँ भाष्य

दिगो विकास लक्ष्य पूरा गर्न बाँच्नयोग्य भविष्यका लागि रूपान्तरण जरुरी छ भन्ने जनतालाई बुझाउन सक्नुपर्छ



देश / विदेश

● इम्मे सोल्ज

सन् २०१५ मा राष्ट्रसंघका एक सय ९३ सदस्य राष्ट्रले १७ दिगो विकास लक्ष्य (एसडिजिएस) हासिल गर्ने सहमति जनाएका थिए। दिगो विकास लक्ष्य एक बृहत् नीति एजेन्डा हो जसअनुसार सन् २०३० भित्र गरिबी निवारण, ग्रहको रक्षा गर्ने र सबैको हित गर्नेलगायत लक्ष्य राखिएका छन्। अहिले आठ वर्षपछि आएको राष्ट्रसंघको वैश्विक दिगो विकास प्रतिवेदन २०२३ ले विश्व अहिले लक्ष्यबाट धेरै टाढा रहेको जनाएको छ। गरिबी र भोकमरी दिनानुदिन बढिरहेको छ। त्यसैगरी, हरितगृह ग्यास उत्सर्जन नियमित रूपमा बढिरहेको छ। अहिलेकै प्रगति विवरणलाई आधार मान्ने हो भने लैंगिक समानता हासिल गर्न तीन सय वर्ष लाग्नेछ।

कोभिड- १९ महामारीको विध्वंशकारी सामाजिक एवं आर्थिक प्रभावले हामीलाई ट्र्याकबाहिर धकेलिदिएको छ। युक्रेन युद्धले पनि लक्ष्य प्राप्तिमा अवरोध खडा गरेको छ। लक्ष्य हासिल गर्न आवश्यक रूपान्तरणकारी पहल देखिँदैन। वैश्विक दिगो विकास प्रतिवेदनअनुसार रूपान्तरणकारी नभई स-साना र टुक्रे पहलकदमी धेरै उपयोगी देखिँदैनन्। किनकि, दिगो विकास लक्ष्य पूरा गर्न हामीलाई बृहत् सुधारको आवश्यकता छ।

वैश्विक दिगो विकास प्रतिवेदनअनुसार दिगो रूपान्तरण एक यस्तो प्रक्रिया हो, जहाँ नयाँ प्रविधि, पूर्वाधार र निर्णय तय गर्ने आधारले पुरानोलाई विस्थापित गर्छ। दिगो रूपान्तरणले पुराना संस्करणका नकारात्मक असरको सम्बोधन गर्दै थप उपयुक्त नतिजा निकालिन्छ। रूपान्तरणविरुद्ध सामान्यतया अवरोध आउने गर्छ र कहिलेकाहीँ द्वन्द्व पनि निम्तिन्छ किनभने रूपान्तरण हुँदा कम्पनीले नयाँ व्यापारिक मोडेल एवं बजार खोज्ने गरी खर्च व्यहोर्नुपर्छ र मजदुरलाई पुरानो काम छोडेर नयाँ काम खोज्ने बाध्यता आइलाग्छ। नीति-निर्माताले यी सम्भावित परिणामलाई मध्यनजर गर्दै केही योजना बनाउन सक्नुपर्छ।

यस्ता केही योजनामध्ये नवीकरणीय ऊर्जा पनि एक हो। अहिले अधिकांश मुलुकमा नवीकरणीय ऊर्जा जीवाश्म इन्धनको प्रतिस्थापन नभई सहयोगी बनेको छ। पूर्ण प्रतिस्थापनका लागि हरितगृह ग्यासको कुल शून्य उत्सर्जनको आवश्यकता छ जसलाई युरोपेली संघले सन् २०५० सम्ममा हासिल गर्ने लक्ष्य राखेको छ। ठूलो मात्रामा नवीकरणीय ऊर्जा एवं विद्युतीय बाहनजस्ता स्वच्छ प्रविधिमा लगानी गर्नुका अलावा विशेषतः अफ्रिकामा ऊर्जा पूर्वाधारमा लगानी गरेर ऊर्जा प्रभावकारिता बढाउनुपर्छ। स्थान प्रयोग एवं गतिशीलता सेवामा जोड दिने सामूहिक नवप्रवर्तनले पनि ऊर्जा प्रयोग घटाउनमा मद्दत पुर्‍याउँछ।

भोकमरी र जैविक विविधतामा हुने क्षति अन्त्य गर्न बृहत् परिवर्तन आवश्यक छ। धनाढ्य मुलुकका मानिसले ठूलो स्तरमा मांसाहार घटाएर शाकाहारी खाना खाँदै खाद्य फोहोर घटाउनुपर्छ। विश्वस्तरमा भूमि, पानी र जैविक विविधता रक्षा गर्न कृषिमा न्यून निवेश हुने तथा बहुकार्यात्मक उत्पादन प्रणाली हुने कृषिलाई अँगाल्नुपर्छ। वातावरणलाई स्वस्थ राख्न भारी धातु, प्लास्टिकजस्ता सदाबहार प्रदूषकको प्रयोग कटौती गर्नुपर्छ।

मानवीय सुस्वास्थ्य र समावेशितालाई प्रोत्साहन गर्न नीति-निर्माताले महिलाको कानुनी हैसियत एवं आर्थिक स्वायत्ततालाई बनाउने लैंगिक समानताका उद्देश्यलाई अथक रूपमा पछ्याउनुपर्छ। यसबाहेक उच्च कार्बन उत्सर्जन गर्ने मुलुकबाट कार्बन उत्सर्जनबापत शुल्क लिनुपर्छ। यदि यसरी शुल्क उठाउन सकियो भने न्यून आय भएका मुलुकका सामाजिक संरक्षण कार्यक्रमका लागि वैश्विक कोष सिर्जना गर्न सकिन्छ, जसले शिक्षा एवं स्वास्थ्य


तस्बिर : तिमोथी ए. क्लारी/एएफपी

सेवा सुधार्न सकिन्थ्यो। गरिबी घटाउनमा कार्बन शुल्कले ठूलो भूमिका खेल्नेछ। यो स्तरको रूपान्तरण सजिलै हासिल हुनेछैन। यहीँनेर शक्ति झल्किने भाष्य आवश्यक छ, अर्थात् जनतालाई बाँच्नयोग्य भविष्यका लागि रूपान्तरण जरुरी छ र मौजुदा जीवन पद्धतिले विध्वंशात्मक नतिजा निम्त्याउनेछ भन्ने पनि पार्नुपर्छ। भाष्य परिवर्तन गर्न नीति-निर्माताले बृहत् राजनीतिक एवं सामाजिक समर्थन जुटाउनुपर्छ। अर्थात् पक्ष-विपक्षको द्वन्द्वको सट्टा साझा उद्देश्यमा ध्यान दिनुपर्छ, हरित संक्रमणका लागि आवश्यक दीर्घकालीन रणनीति पछ्याउनुपर्छ र लागत वितरणले निम्त्याउने द्वन्द्व पत्ता लगाउन र समाधान गर्न अघि सर्नुपर्छ। यसको अर्थ नागरिक समाज, निजी क्षेत्र र ट्रेड युनियनसँग कार्यान्वयन समस्या पहिचान गर्न र तदनुसार नीति समायोजन गर्ने काम गर्नु हो। पारस्परिक सिकाइ र विभिन्न क्षेत्रबीच र साझेदारी गर्न सहज बनाउने सहकार्य सिर्जना गर्नाले यो क्षमता बढ्न सक्छ।

लोकतान्त्रिक विधि नीति निर्माण गर्न महत्त्वपूर्ण हुन्छन् किनभने यसले रूपान्तरणको लागतलाई समान रूपमा बाँडफाँट गर्छ। यद्यपि, आवश्यक परिवर्तनको मानक निकै ठूलो छ, अर्थात् केही व्यवसाय वा रोजगारीमा असर पर्न सक्छ, तसर्थ तिनले परिवर्तनको विरोध गर्नेछन्। यो विरोध विशेषतः आम्दानी र सम्पत्तिको असमानता भएका समाजमा स्पष्ट रूपमा उजागर हुनेछ। यस्ता समाजमा मानिस रूपान्तरणले बेफाइदा पो भयो कि भनेर भयभीत हुने गर्छन्।

तसर्थ, नीति-निर्माताले यो संक्रमणका लागि निष्पक्षता र न्यायलाई प्राथमिकता दिन आवश्यक छ, अर्थात् यसो गर्दा विभिन्न आयस्तर र पुस्ताबीच कार्यभार कसरी बाँडफाँट गर्ने भन्ने निर्णयमा पारदर्शिता र जिम्मेवारी सुनिश्चित हुनेछ। विशेषतः निर्धारित लक्ष्यमा प्रगतिको निरीक्षण गरिरहने प्रक्रियाले नागरिक र सरकारलाई जवाफदेही बनाउन, कानुन पालनालाई सुदृढ पार्न र संस्थाप्रति विश्वास बढाउन सशक्त बनाउँछ। दिगो विकास लक्ष्य लोकतान्त्रिक प्रक्रियाबाटै हासिल गरिने हो। यी आमूल परिवर्तनकारी लक्ष्य पूरा हुँदा अन्ततः लोकतन्त्र नै बलियो हुनेछ।

(सोल्ज हेनरिच बोल फाउन्डेसनका सहअध्यक्ष एवं राष्ट्रसंघीय वैश्विक दिगो विकास प्रतिवेदन २०२३ तयार पार्ने वैज्ञानिक समूहका सहअध्यक्ष हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

विपक्षीको बहिष्कारबीच बंगलादेशमा आमनिर्वाचन



राजधानी ढाकाको एक मतदान केन्द्रमा आइतबार मतदान गर्दै प्रधानमन्त्री शेख हसिना । तस्बिर : एपी

ढाका/ प्रमुख विपक्षीदलको बहिष्कारबीच बंगलादेशमा आमनिर्वाचन सम्पन्न भएको छ । १२औँ राष्ट्रिय निर्वाचनअन्तर्गत तीन सयजना प्रतिनिधिका लागि आइतबार मतदान सम्पन्न भएको हो । बिहान आठ बजेदेखि सुरु भएको मतदानमा मतदाताहरूको न्यून उपस्थिति रहेको बंगलादेशी सञ्चारमाध्यमहरूले जनाएका छन् । प्रधानमन्त्री शेख हसिनाको राजीनामा र कामचलाउ सरकारद्वारा निर्वाचन गर्न माग गर्दै आएको पूर्वप्रधानमन्त्री खालिदा जिया नेतृत्वको प्रमुख विपक्षी दल बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले भने मतदान बहिष्कार गऱ्यो । निर्वाचन विफल पार्न बिएनपीले आमहडताल घोषणा गरेको थियो । विपक्षीको बहिष्कारका कारण प्रधानमन्त्री शेख हसिनाले पाँचौँ कार्यकालका लागि जित्ने पक्काजस्तै भएको छ । प्रधानमन्त्री हसिनाले निर्वाचन बहिष्कार गर्ने प्रमुख प्रतिपक्षी बिएनपीलाई 'आतंकवादी' संगठन भनेकी छिन् । प्रधानमन्त्री हसिनाले राजीनामा दिने र कामचलाउ सरकारलाई चुनाव चलाउन दिनुपर्ने माग्लाई अस्वीकार गरेपछि बिएनपीले चुनाव बहिष्कार गरेको थियो र पार्टीले चुनावलाई 'धोखा' भनेको थियो ।

निर्वाचनका लागि ४२ हजारभन्दा बढी मतदान केन्द्र निर्धारित गरिएको थियो । अपराह्न ४ बजेसम्म मतदान केन्द्रभित्र पुगेका मतदाताले साँझ अबेरसम्म पनि मतदान गर्न पाउने व्यवस्था गरिएको थियो । निर्वाचन आयोगका अनुसार लगभग करिब १२ करोड योग्य मतदातामध्ये झन्डै आधा महिला छन् भने पहिलोपटक मतदानका लागि योग्य बनेका मतदाताहरूको संख्या लगभग डेढ करोड छ । स्वतन्त्र निर्वाचन विश्लेषकहरूले मतदाताको उपस्थिति निकै कम रहेको बताएका छन् । निर्वाचन आयोगका अनुसार मतदान सम्पन्न हुनुभन्दा एक घन्टाअगाडि करिब २७ प्रतिशत मतदाताले मतदान गरेका थिए ।

मतदानको प्रारम्भिक परिणाम सोमबार बिहानसम्म आइसक्ने बताइएको छ । बिएनपीले शनिबारदेखि नै हिंसा र प्रदर्शनकारीमाथिको दमनबीच 'अवैध सरकार'विरुद्ध ४८ घन्टे राष्ट्रव्यापी हडताल सुरु गरेको छ । सर्वोच्च अदालतले पुस ५ गते निर्वाचन आयोगलाई निर्वाचन अधि बढाउन अनुमति दिएको थियो । अल जजिराका अनुसार प्रमुख विपक्षी दल बिएनपीको अनुपस्थितिमा भएको यस निर्वाचनमा प्रधानमन्त्री शेख हसिनाले लगातार चौथो कार्यकाल जित्ने सम्भावना छ ।

निर्वाचनमा २७ दल र स्वतन्त्रसमेत गरी कुल एक हजार पाँच सयजना उम्मेदवारले प्रतिस्पर्धा गरेका निर्वाचन आयोगले जनाएको छ । आइतबारको निर्वाचनका क्रममा छिटपुट झडप भएका अधिकारीले बताएका छन् । आइतबार निर्वाचन भइरहेको समयमा एक व्यक्तिको छुरा प्रहार गरी हत्या गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । स्वतन्त्र उम्मेदवारका समर्थकले सत्तारूढ अवामी लिगका उम्मेदवारका समर्थकलाई छुरा प्रहार गरी हत्या गरेको स्थानीय प्रहरी अधिकारीलाई उद्धृत गर्दै फाइनान्सियल एक्सप्रेसले जनाएको छ । मुंसीगन्जको सदर उपजिल्लाको मिरकादिमको तेन्गोरमा स्थानीय समयअनुसार आइतबार बिहान पौने १० बजे स्वतन्त्र उम्मेदवारका समर्थकले पीडितमाथि धारिलो हतियार प्रहार गरेका थिए । घटनाको जानकारी पाएपछि प्रहरी घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिएको थियो ।

> निर्वाचन आयोगका अनुसार मतदान सम्पन्न हुनुभन्दा एक घन्टाअगाडि करिब २७ प्रतिशत मतदाताले मतदान गरेका थिए

निर्वाचनका क्रममा हिंसात्मक झडप भएका विवरण सार्वजनिक भएका छन् । ढाका ट्रिब्युनका अनुसार चट्टोग्राममा प्रहरी र बिएनपीका सदस्यबीच झडप भएको थियो । बिएनपीका केही सदस्यहरूले बन्दरगाह सहरमा जुलुस निकाल्ने प्रयास गरेपछि विवाद सुरु भएको थियो भने प्रहरीले उनीहरूलाई रोक्ने प्रयास गरेको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार मुन्सीगन्जका अवामी लिगका समर्थकमाथि मतदान सुरु भएको करिब डेढ घन्टापछि स्थानीय मतदान केन्द्रनजिकै टाउकोको पछाडिको भागमा छुरा प्रहार गरिएको र उनको घटनास्थलमा नै मृत्यु भएको थियो । तर, केन्द्रीय निर्वाचन आयोगका सिइओ एमवाई कुहेलले निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको दाबी गरे ।

सत्तारूढ अवामी लिग तानाशाहतर्फ उन्मुख भइरहेको विपक्षीले आरोप लगाउँदै आएका छन् । तानाशाह कदमका बाबजुद बंगलादेश सन् २०४१ सम्ममा मध्यम आय भएको देश बन्ने अपेक्षा गरेको छ र सन् २०२६ सम्ममा संयुक्त राष्ट्रसंघको अतिकम विकसित देश (एलडिसी)को सूचीबाट माथि उक्लिने पथमा छ । अन्य दक्षिण एसियाली देशको तुलनामा बंगलादेशले आफूलाई मानव विकास सूचकांकको मापदण्डमा औसतभन्दा माथि पाएको छ । अक्टोबरको विश्व बैंकको प्रतिवेदनले चरम गरिबी सन् २०१६ मा नौ प्रतिशतबाट २०२२ मा पाँच प्रतिशतमा घटेको जनाएको छ । इन्डिया एक्सप्रेसका अनुसार शेख हसिना नेतृत्वको सरकारले भारत र चीनजस्ता प्रमुख देशसँग उलेख्य संख्यामा पूर्वाधार परियोजनामा काम गरेको छ । बिएनपीको बहिष्कारले चरमपन्थी इस्लामी समूहको दबदबा रहन सक्ने पर्यवेक्षक र कार्यकर्ताले चिन्ता जनाएका छन् ।

इतिहासमा आज

जनवरी ८



सन् १९१२ : अफ्रिकन नेसनल कंग्रेसको स्थापना भयो । पार्टीका तत्कालीन नेता नेल्सन मन्डेलाले रंगभेदविरुद्धको लडाइँमा ठूलो संघर्ष गरेका थिए । एएनसी अहिले पनि सत्तामा छ ।

सन् १९४२ : विश्व प्रसिद्ध अंग्रेजी भौतिकशास्त्री तथा लेखक स्टेफिन हकिङको जन्मदिन । बेलायतको अक्सफोर्डमा जन्मिएका उनी पढाइमा अब्बल थिए । उनले भौतिक विज्ञान र ब्रह्माण्ड विज्ञानमा उल्लेखनीय काम गरेका छन् ।२१ वर्षको उमेरमा अम्योट्रोफिक ल्याटरल स्क्लेरोसिस नामक रोगबाट पीडित उनी 'ह्वाइस सिन्थोसाइजर'को सहारामा मात्र बोल्न सक्दथे ।

सन् १९५९ : चार्ल्स डी गाउँली फ्रान्स्को राष्ट्रपतिमा निर्वाचित भए । उनको दक्षिणपन्थी राजनीतिक आदर्श गाउँलिज्मले अझै पनि फ्रान्सको राजनीतिमा प्रभाव पारेको छ ।

सन् १९९४ : रुसी अन्तरिक्षयात्री भालेरी पोल्याकोभले अन्तरिक्षमा एउटा रेकर्ड राखेका थिए । भालेरीले मिर स्पेस स्टेसनमा ४३७ दिन १८ घन्टासम्म अन्तरिक्षमा बसेर नयाँ कीर्तिमान राखेका थिए ।

जापानको भूकम्पमा अझै २२२ बेपत्ता

टोकियो/ जापानको इसिकावा प्रान्तमा गत सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पका कारण मृत्यु हुनेको संख्या सय पुगेको छ । भूकम्पमा अझै दुई सय २२ जना बेपत्ता छन् । मध्य जापानमा भूकम्पका कारण पाँच दिनदेखि भग्नावशेषमा फसेकी ९० वर्षीया वृद्धको जीवितै उद्धार गरिएको छ । तर, सुजु सहरमा भत्किएको घरको भग्नावशेषमा फसेकी ती वृद्धाको उद्धार गरिएको हो ।

सूर्यशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भक्तपुर बाराहीस्थान-३, फोन नं. ०१-६६१२४७१

कर्जा भुक्तानी गर्न आउने १५ दिने सूचना

दोस्रोपटक प्रकाशित मिति : २०८०/९/२३

यस सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको भाखा मित्र साँवा ब्याज हर्जना तथा दस्तुर रकम धनि संस्थासंग गरेको शर्त सम्झौता बमोजिम तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जाको शर्त कबुलियतको उलंघन गरेका तथा संस्थाले पटक पटक लिखित र मौखिक एवं स्थलगत भेटघाट आदिबाट ताकेता गर्दा समेत साँवा, ब्याज र हर्जना रकम भुक्तानी वा नियमित गर्न नआउनु भएकोले १५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले उपभोग गर्नुभएको कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरसमेत सम्पूर्ण रकम चुक्ता भुक्तानी गरी कर्जा फर-फारक गर्न गराउनु होला । तोकिएको समयसम्म पनि बुझाउन नआएमा कर्जाको सुरक्षाको लागि लेखि दिएको चल अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्य सो संग सम्बन्धित अन्य पक्ष धनि संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्रि गरी वा ऋणी सदस्य तथा कर्जाको साक्षी तथा धन जमानी बस्ने व्यक्तिअन्य कार्वाही गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सूचना मार्फत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

स.न.	ऋणको विवरण	ऋणीको फोटो	धित्तोको सुरक्षण विवरण
१.	नाम: राध्ये स्याम गणेजू ना.प्र.न. १६९१३ सदस्यता नं. ०२८६२ पिताको नाम : हरेराम गणेजू बाजेको नाम:हरी कृष्ण गणेजू		भक्तपुर चा.न.पा. ताथली बडा नं. ९ कित्ता नं १८९० क्षेत्रफल ०-३-१-० को जग्गा २०७८/०५/०३ गतेमा दृष्टि बन्धक रोक्का
२.	नाम: पुष्प नारायण प्रजापती ना.प्र.न.००८६८ सदस्यता नं. ०१२३२ पिताको नाम :पर्शुराम प्रजापती बाजेको नाम:कान्छा प्रजापती		भ.न.पा.वडा नं. सावित्र १ हाल ९ किता नं. ६०९ क्षेत्रफल ०-१-२-२ को जग्गामा बनेको घर २०७७/०९/०७ गतेमा दृष्टि बन्धक रोक्का

कुमारी बैंक लिमिटेड शाखा कार्यालय विरगंज, पर्साको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय विरगंज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण:

चलितर राउतको नाती, जमदार राउतको छोरा, राधिका देवीको पति, पर्सा जिल्ला, प्रसौनी बिर्ता गा.वि.स. वडा नं. ७ (हाल विरगंज म.न.पा. वडा नं. २४) बस्ने **अगेन्द्र प्रसाद यादव** (ना.प्र.नं. ७०१२१०४८, जारी मिति: २०३३/१२/०६ जिल्ला प्रशासन कार्यालय, पर्सा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. जमदार राउतको नाति, अगेन्द्र प्रसाद यादवको छोरा, पर्सा जिल्ला, प्रसौनी बिर्ता गा.वि.स. वडा नं. ७ (हाल विरगंज म.न.पा. वडा नं. २४) बस्ने **रंजन यादव** (ना.प्र.नं. ३४-०१-७१-०१६७०, जारी मिति २०७१/०२/२०, जिल्ला प्रशासन कार्यालय, पर्सा) ।
२. जमदार राउतको बुहारी, कंचन राम यादवको छोरी, अगेन्द्र प्रसाद यादवको पत्नी पर्सा जिल्ला, प्रसौनी बिर्ता गा.वि.स. वडा नं. ७ (हाल विरगंज म.न.पा. वडा नं. २४) बस्ने **राधिका देवी** (ना.प्र.नं. ४०२१, जारी मिति: २०४६/०३/१३ जिल्ला प्रशासन कार्यालय, पर्सा) ।

धितो सुरक्षणको विवरण :

१. **अगेन्द्र प्रसाद यादव**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, प्रसौनी बिर्ता गा.वि.स. वडा नं. ५, स्थित कित्ता नं. २२५ को क्षेत्रफल ००८२५ (व.मि.)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय विरगंज, पर्सा फोन नं. ०५१-५२४८१२/१३

माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)

का.म.न.पा. वडा नं. ४, काठमाण्डौं

फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९

Email:mailung@sanimahydro.com , Website : www.sanimamailung.com

दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/०७ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

आदरणीय शेयरधनी महानुभावहरु,

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको मिति २०८० पौष ०६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २९ गते आइतबार (१४ जनवरी, २०२४) ।

समय : बिहान ११:०० बजे

स्थान : कुण्डलिनि दरबार ब्याङ्क्वेट, का.म.न.पा.-४, चण्डोल, काठमाडौं ।

छलफलका प्रस्तावहरु :

(क) साधारण प्रस्तावहरु

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत दशौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण र तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आ. व. २०८०/०८१ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।
५. कम्पनीको नियमावली बमोजिम १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने ।
६. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरु निर्वाचन/नियुक्ति गर्ने ।
७. चन्दा तथा अनुदान बापतको खर्च रकम अनुमोदन गर्ने ।
८. सञ्चालक समिति तथा अन्य उपसमितिहरुको बैठक भत्ता वृद्धि गर्ने ।

(ख) विशेष प्रस्तावहरु

१. आयोजना प्रयोजनका लागि आवश्यक थप बैंक कर्जा सुविधा लिने र यस कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/०९/१९ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१८ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेबसाइट www.sanimamailung.com मा पनि हेर्न सक्नु हुनेछ ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्बाराही, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
७. सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।
८. कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुको समुह "ख" र "ग" तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारी सभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ ।

नोट : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्बाराही, काठमाडौं वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनका निमित्त प्रकाशित संक्षिप्त वार्षिक आर्थिक विवरण:

आदरणीय शेयरधनी महानुभावहरु,

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको दशौं वार्षिक साधारण सभा प्रयोजनार्थ कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्डको निर्देशन बमोजिम आर्थिक वर्ष २०७९/०८० को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards–NFRS) अनुसार वित्तीय विवरण तायार गरी सोही बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ ।

आ.व. २०७९/०८० यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना (१४.३ मे.वा.) को प्रगति भौतिक संरचनाहरुको निर्माण कार्यमा नै व्यतित भयो । हाल यस आयोजनाको विभिन्न पक्षको भौतिक निर्माण तथा उपकरणहरुको जडानका कार्यहरु करिब करिब सम्पन्न भई विद्युत केन्द्रका संरचना तथा उपकरणहरुको परिक्षणका कार्यहरु भई रहेको छ । तसर्थ, आ.व. २०७९/०८० मा कम्पनीको आर्थिक कारोबार समेत खर्चमा नै केन्द्रित रहेको जानकारी गराउँदछौं । प्रस्तुत वर्षको कम्पनीको आर्थिक कारोबारको संक्षिप्त झलक तपसिल बमोजिम रहेको छ ।

STATEMENT OF FINANCIAL POSITION
As at Ashadh 31, 2080 (July 16, 2023)

Particulars	Note	Amount in NPR As at 2080.03.31	 As at 2079.03.32
Assets			
Non Current Assets			
Property, Plant & Equipment	4.7	9,640,079.71	11,499,201.19
Intangible Assets	4.8	2,471,010,714.80	1,657,231,178.60
Intangible Assets under development	4.8	100,574,679.36	86,266,299.36
Financial Assets	4.9	300,000.00	300,000.00
Deferred Tax Assets	4.18	2,479,370.26	1,681,114.64
Total Non Current Assets		**2,584,004,844.13**	**1,756,977,793.79**
Current Assets			
Advance and Receivables	4.10	94,910,590.78	180,455,962.87
Cash and Cash Equivalents	4.11	110,395,807.02	128,075,309.28
Other Financial Assets	4.12	5,517,000.00	6,074,000.00
Other Current Assets	4.13	210,866.13	160,893.29
Current Tax Assets	4.17	2,499,893.85	2,100,316.62
Total Current Assets		**213,534,157.78**	**316,866,482.06**
Total Assets		**2,797,539,001.91**	**2,073,844,275.85**
Equity and Liabilities			
Equity			
Share Capital	4.14	750,000,000.00	700,000,000.00
Other Equity			
Retained Earnings	4.15	(46,137,984.34)	(27,104,150.98)
Other Reserves	4.16	428,708.25	106,700.25
Total Equity		**704,290,723.91**	**673,002,549.27**
Liabilities			
Non Current Liabilities			
Non current Borrowings	4.19	1,730,362,899.09	1,259,174,323.41
Provisions	4.20	753,460.00	683,106.00
Total Non- Current Liabilities		1,731,116,359.09	1,259,857,429.41
Current Liabilities			
Other Financial Liabilities	4.21	186,585,503.79	139,900,818.78
Other Current Liabilities	4.22	2,746,415.12	1,083,478.39
Current Borrowings	4.23	172,800,000.00	-
Total Current Liabilities		**362,131,918.91**	**140,984,297.17**
Total Liabilities		**2,093,248,278.00**	**1,400,841,726.58**
Total Liabilities and Equity		**2,797,539,001.91**	**2,073,844,275.85**

The accompanying notes are integral part of these financial statements.

STATEMENT OF PROFIT OR LOSS
For the Period ended Ashadh 31, 2080 (July 16, 2023)

Particulars	Note	Amount in NPR Current Period	 Previous Period
Revenue (Construction)	4.1	813,779,536.20	576,604,183.69
Cost of Sales (Construction)	4.2	(813,779,536.20)	(576,604,183.69)
Gross profit		-	-
Other Income	4.3	-	1,008,182.94
Administrative and Other Operating Expenses	4.4	(20,008,273.26)	(20,756,653.55)
Profit From Operation		(20,008,273.26)	(19,748,470.60)
Financial Income	4.5	2,663,848.28	847,408.16
Profit/ (Loss) before tax		(17,344,424.98)	(18,901,062.44)
Income Tax Expense			
Current Tax	4.6	-	-
Deferred Tax Income/(Expense)	4.6	905,591.61	3,255,306.45
Profit/ (Loss) For the Year		(16,438,833.36)	(15,645,755.99)
Earnings per Equity share of Rs.100 each			
Basic EPS		(2.27)	(2.59)
Diluted EPS		(2.27)	(2.59)

The accompanying notes are integral part of these financial statements.

STATEMENT OF CASH FLOWS
For the Period ended Ashadh 31, 2080 (July 16, 2023)

Particulars	Amount in NPR Current Period	 Previous Period
Cash Flow from Operating Activities		
Net Profit for the Year	(16,438,833.36)	(15,645,755.99)
Adjustment for:		
Depreciation	2,404,121.54	3,056,795.25
Deferred Tax	(905,591.61)	(3,255,306.45)
Gain on Sale of Fixed Assets	-	(1,005,516.88)
Retained earning adjustment	(2,595,000.00)	390,160.45
Cash Flow from Operating Activities Before Changes in Working Capital	**(17,535,303.43)**	**(16,459,623.62)**
Cash Flow from Changes in Working Capital		
(Increase)/ Decrease in Current Assets	85,652,822.02	(30,235,874.35)
Increase/(Decrease) in Current Liabilities	221,576,965.68	(58,039,778.98)
Cash Flow from Operating Activities	289,694,484.26	(104,735,276.96)
Cash Flow from Investing Activities		
(Increase)/Decrease in Intangible Assets	(828,087,916.20)	(622,594,946.90)
Capitalisation/Purchase of Property, Plant and Equipments	(545,000.00)	(7,770,140.00)
Sale of Property, Plant and Equipments	-	3,000,000.00
Cash Flow on Investing Activities	**(828,632,916.20)**	**(627,365,086.90)**
Cash Flow from Financial Activities		
Increase/(Decrease) in Borrowings	471,258,929.68	662,481,349.56
Issuance of Share Capital	50,000,000.00	100,000,000.00
Cash Flow from Financial Activities	**521,258,929.68**	**762,481,349.56**
Total Cash Generated in the Year	(17,679,502.26)	30,380,985.70
Opening Cash and Bank Balances	128,075,309.28	97,694,323.58
Cash and cash equivalent at The End of The Year	**110,395,807.02**	**128,075,309.28**

The accompanying notes are integral part of these financial statements.

नेपाल–भारत थप तीन अन्तरदेशीय प्रसारणलाइन प्रस्ताव

१० हजार मेगावाट विद्युत् निर्यात गर्न निजगढ-मोतीहारी, अनारमनी-किसनगन्ज र लमही-लखनउ विन्दुमा चार सय केभीको प्रसारणलाइन बनाउन प्रस्ताव, संयुक्त अध्ययन गरिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्न थप तीन अन्तरदेशीय प्रसारणलाइन बनाउने प्रस्ताव गरिएको छ। शनिबार चितवनमा सम्पन्न नेपाल-भारत ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी)को ११औँ बैठकमा यसबारे प्रारम्भिक सहमति भएको छ ।

बैठकमा नेपालको चार सय केभी क्षमताका निजगढ-मोतीहारी, अनारमनी-किसनगन्ज र लमही-लखनउ विन्दुमा अन्तरदेशीय प्रसारणलाइन बनाउने प्रस्तावमा भारतले सहमति जनाएको हो। यद्यपि, सहमतिपत्रमा प्रस्तावित आयोजना उल्लेख छैन। यसबारे अध्ययन गर्न संयुक्त प्राविधिक समूहलाई निर्देशन भने दिइएको छ। ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित यो समूहमा नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिडका प्रतिनिधि छन्।

अहिले नेपाल र भारतबीच एक सय ३२ केभी क्षमताका पाँच र चार सय केभी क्षमताको एक (ढल्केबर-मुजफ्फरपुर) प्रसारणलाइन छन्। एक सय ३२ केभीका पाँच लाइनबाट सात सय २० मेगावाट र ढल्केबर-मुजफ्फरपुरबाट दुई हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिन्छ। एसजेभिएनले ढल्केबर-सीतामढीमा चार सय केभीको प्रसारणलाइन बनाउँदै छ। चार सय केभीकै न्यु बुटवल-गोरखपुर प्रसारणलाइन पनि निर्माणमा जाँदै छ। यसैगरी, इनरवा-पुर्णिया सन् ०२७/२८ मा र न्यु लम्की-बरेली ०२८/२९ भित्र सञ्चालनमा ल्याउने लक्ष्यसहित काम भइरहेको छ। यीबाहेक थप अन्तरदेशीय प्रसारणलाइन बनाउन अध्ययन गर्ने सहमति भएको ऊर्जा मन्त्रालयका सहसचिव नविराज सिंहले बताए। 'भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्न सञ्चालन र निर्माण प्रक्रियामा रहेका प्रसारणलाइनले पुग्दैन। त्यसैले थप प्रसारणलाइन बनाउने सहमति भएको छ,' उनले भने।

पाँच वर्षमै १० हजार मेगावाट उत्पादन गर्छौँ : इप्पान

निजी क्षेत्रले पाँच वर्षमै १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने घोषणा गरेको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले आइतबार पत्रकार सम्मेलन गरेर यस्तो घोषणा गरेको हो। त्यसका लागि वन तथा वातावरण, जग्गा प्राप्ति, रूख कटानीमा भएका जटिलता हटाएर प्रोत्साहन गर्नुपर्ने इप्पान अध्यक्ष गणेश कार्कीले बताए। यसका लागि नीतिगत सुधारसँगै बैंकहरूले २० प्रतिशत अनुपातमा ऊर्जामा लगानी गर्नुपर्ने नीति ल्याउनुपर्ने उनले बताए। यस्तै, इप्पानले दीर्घकालीन विद्युत् व्यापार सम्झौताबाट निजी क्षेत्रले ठूलो लाभ लिन सक्ने पनि बताएको छ। अब प्राधिकरणले पिपिए पूर्ण रूपमा खुला गर्नुपर्ने इप्पानको माग छ। साथै, निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति पनि दिनुपर्ने इप्पानका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गत बिहीबार नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापार सम्बन्धमा अन्तरसरकारी सम्झौता भइसकेको छ। उक्त सम्झौताको कार्यान्वयनमा सहयोग पुग्ने गरी बैठकमा विभिन्न सहमति भएको सिंहले बताए।

यसैगरी, इनरवा-पुर्णिया र न्यु लम्की-बरेली प्रसाणलाइनको लगानी मोडल अर्को बैठकमा टुंग्याउने सहमति गरिएको छ। नेपालले नेपाल खण्डको आफैँ र भारत खण्डको संयुक्त रूपमा बनाउने प्रस्ताव गरेको छ। यसबारे अर्को बैठकमा टुंगो लाग्नेछ। बैठकमा ढल्केबर-मुजफ्फरपुरबाट प्रवाह हुने विद्युत्को परिमाण आठ सय मेगावाटबाट बढाउने सहमति पनि भएको छ। उक्त प्रसारणलाइनबाट दुई हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सकिन्छ। तर, भारतले नेपालको सबस्टेसन, प्रसारणलाइन, ट्रान्सफरजस्ता आन्तरिक पूर्वाधार र लाइनमा हुन सक्ने सम्भावित नोक्सानीलाई दृष्टिगत गर्दै आठ सय मेगावाटको सीमा तोकेको छ। अब संयुक्त प्राविधिक समूहबाट अध्ययन गराएर त्यसको सीमा बढाउने सहमति भएको छ।

यसैगरी, ढल्केबर-मुजफ्फरपुर र निर्माणाधीन ढल्केबर-सीतामढीबाट प्रवाह गर्न सकिने विद्युत्को क्षमता निर्धारण गर्न प्राविधिक समूहबाट अध्ययन गराउने निर्णय भएको छ। एक सय ३२ केभी क्षमताको टनकपुर-महेन्द्रनगर प्रसारणलाइनको पनि क्षमता बढाउने वा अन्य वैकल्पिक लाइन बनाउन अध्ययन गर्ने सहमति पनि भएको छ। दुवैतर्फको आन्तरिक पूर्वाधारले गर्दा प्रसारणलाइनको क्षमता बढाउन चुनौती छ। त्यसैले वैकल्पिक प्रसारणलाइनसहित यसबारे अध्ययन गरिने प्राधिकरणका उपकार्यकारी निर्देशक श्रेष्ठले बताए।

भारतले उत्तर प्रदेश र बिहारको ग्रिडबाट नेपालमा विद्युत् आदान-प्रदान गर्न दिने सहमति भएको छ। अब नेपालले बिहार र उत्तर प्रदेशको ग्रिडबाट भारतीय बजारमा विद्युत् बिक्री गर्न सक्नेछ।

अहिले प्राधिकरणले ढल्केबर-मुजफ्फरपुर लाइनबाट भारतमा विद्युत् निर्यात-आयात गर्दै आएको छ। जुन सीधै भारतको केन्द्रीय प्रसारण प्रणाली (ग्रिड)मा जोडिएको छ। अन्य अन्तरदेशीय प्रसारणलाइन भने भारतको प्रदेशस्तरीय लाइनसँग जोडिएका छन्, जसबाट सम्बन्धित प्रदेशमा मात्रै विद्युत् आदान-प्रदान गर्न सकिन्छ।

भारतले २० प्रतिशत रिजर्भसहित विद्युत् निर्यातको स्वीकृति दिने

भारतले नेपाललाई प्रसारणलाइनको स्वीकृत क्षमताभन्दा २० प्रतिशत बढी मात्रामा विद्युत् निर्यातको सहमति पनि दिएको छ। भारतले आयोजना तोकेर विद्युत् निर्यातका लागि स्वीकृत दिँदै आएको छ। कुनै वेला स्वीकृत आयोजनाहरू सञ्चालनमा नआएमा तोकिएअनुसार विद्युत् निर्यात हुन सक्दैन। त्यसैले रिजर्भबापत २० प्रतिशतभन्दा बढी मात्रामा आयोजना स्वीकृत दिने सहमति भएको हो। अहिले ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइनमा आठ सय मेगावाट विद्युत् प्रवाह गर्ने स्वीकृत छ। भारतले त्यसको २० प्रतिशत बढी अर्थात् नौ सय ६० मेगावाट विद्युत् निर्यात गर्न स्वीकृत दिन सक्नेछ। तर, निर्यात भने आठ सय मेगावाट नै गर्न पाइने श्रेष्ठले बताए।

बंगलादेशसँग पिपिए गर्न सैद्धान्तिक छलफल

बैठकमा नेपालबाट भारतीय प्रसारणलाइन प्रयोग गर्दै बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्न सैद्धान्तिक छलफलसमेत भएको छ। यसका लागि नेपाल विद्युत् प्राधिकरण, भारतको एनटिपिसी विद्युत् व्यापार निगम र बंगलादेशको पावर डेभलमेन्ट बोर्डबीच त्रिपक्षीय सम्झौता हुँदै छ, यसमा भारतको तर्फबाट सक्दो सहयोग हुने प्रतिबद्धता आएको छ।

उद्योगको बक्यौता उठाउन प्राधिकरणलाई बाटो खुला

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणलाई उद्योगीसँग विद्युत् महसुलको बक्यौता उठाउन सुनसरी जिल्ला अदालतले बाटो खुला गरिदिएको छ। आइतबार न्यायाधीश टेकबहादुर कार्कीको एकल इजलासले प्राधिकरणविरुद्ध रिलायन्स स्पिनिङ मिल्सले दायर गरेको रिटमा अन्तरिम आदेश दिन इन्कार गरेको छ। यो आदेशसँगै अब प्राधिकरणलाई बक्यौता उठाउन बाटो खुलेको हो। प्राधिकरणको सञ्चालक समितिले गत १६ पुसमा उद्योगीहरूलाई ६० किस्तामा बक्यौता तिर्न तयार भएमा लाइन जोडिदिने निर्णय गरेको थियो। यही निर्णयलाई आधार देखाएर लाइनसमेत काटिसकेकाले अन्तरकालीन आदेश जारी गर्न नमिल्ने आदेशमा उल्लेख छ। अदालतले उद्योग र प्राधिकरणलाई नियमानुसार अघि बढ्न आदेश दिएको हो।

मुद्दामा निवेदकतर्फबाट अधिवक्ताहरू महेशकुमार पोखरेल, रमणकुमार कर्ण तथा विपक्षीका तर्फबाट अधिवक्ताहरू सुशीलविक्रम थापा र राजकुमार पोखरेलले बहस गरेका थिए।

०७८ असोज १५ मा अदालतले प्राधिकरणलाई रिलायन्स स्पिनिङ मिल्सका नाममा जडान भएको विद्युत् लाइन नकाट्नु भनी अन्तरिम आदेश दिएको थियो। तर, त्यो आदेशलाई उच्च अदालत विराटनगरको ०७८ मंसिर १६ को आदेशबाट बदर गरिदिएको थियो। प्राधिकरणले उद्योगको विद्युत् लाइन गत पुस ६ मा काटिसकेको थियो। डेडिकेटड लाइन विद्युत् आपूर्तिबापतको हालसम्मको तिर्नुपर्ने रकम एक अर्ब ७१ करोड ३१ लाख ६९ हजार एक सय १६ रुपैयाँ बक्यौता नतिरेबापत उद्योगको लाइन काटिएको थियो। विद्युत् लाइन जडान गरी पूर्ववत् उद्योग सञ्चालन गर्न दिन अन्तरिम आदेश जारी गरिपाऊँ भनी रिलायन्स स्पिनिङ मिल्सको तर्फबाट निवेदन परेको थियो।

सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय, विशेष सम्पत्ति (कर्जा असुली) इकाई, हात्तीसार, काठमाडौंको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति २०८०/०९/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/०९/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०९/०२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम तोकिएको समायावधिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रहरुलाई यथावत राखि पुनः दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलबन्दी बोलपत्रमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै यस सूचना प्रकाशित भएको ७ दिनभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः आव्हान गरिन्छ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	भक्तपुर	भक्तपुर	१७ घ	९०८	०-३-०-३ (रोपनि)
२	भक्तपुर	कटुन्जे	७ ख	१९७२	०-१०-१-३ (रोपनि)
३	भक्तपुर	कटुन्जे	७ क	५९५	०-११-०-० (रोपनि)
				६१३	०-६-०-१ (रोपनि)
				६१५	०-४-३-३ (रोपनि)
४	भक्तपुर	मध्यपुर ठिमी	५	२१४	१३.३५ (व.मी.)
				४३९	१०.५० (व.मी.)
				४४१	२७ (व.मी.)
				४४३	४०.६५ (व.मी.)
				४४६	४.२० (व.मी.)
५	बर्दिया	गुलरिया	७	७८६	११४५ (व.मी.)
				६५६	७३४५ (व.मी.)
६	बर्दिया	गुलरिया	३	२३	११४४० (व.मी.)
७	बर्दिया	गुलरिया	१	२७७३	१०१.५८ (व.मी.)
८	बर्दिया	गुलरिया	६	२१५६	१५२.३७ (व.मी.)
९	बर्दिया	महमदपुर	७	७०४	४००५ (व.मी.)
				७९७	११५५ (व.मी.)
				७९८	१००९० (व.मी.)
				१६२७	१४२५ (व.मी.)
१०	बर्दिया	गुलरिया	७	१४७६	१२३७९.४०(व.मी.)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात मिति २०८०/०९/२९ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/१०/०१ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९०००० १ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौं वा चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ स्थित नारायगढ शाखामा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं
फोन नं. ०१-४४४२९१९/२१, ४४१५७६२
Website: www.siddharthabank.com

धानखेती घटे पनि उत्पादन बढ्यो

यस वर्ष ५७ लाख मेट्रिकटन धान उत्पादन, गत वर्षभन्दा दुई लाख ३६ हजार मेट्रिकटन बढी

भोजराज भण्डारी/नयाँ पत्रिका

चालू आव ०८०/०८१ मा ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन धान उत्पादन भएको छ। गत वर्षभन्दा यस वर्ष दुई लाख ३७ हजार सात सय ६२ मेट्रिकटन धान बढी उत्पादन भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। तर, यस वर्ष धान रोपाइँ हुने क्षेत्रफल भने गत वर्षभन्दा आठ हजार आठ सय हेक्टर कम भएको उनको भनाइ छ। गत वर्ष १४ लाख ४७ हजार हेक्टर जमिनमा रोपाइँ भएको थियो। यो वर्ष प्रतिहेक्टर उत्पादनमा पनि वृद्धि भएको छ। गत वर्ष प्रतिहेक्टर तीन दशमलव ७९ मेट्रिकटन उत्पादकत्व रहेको धान यो वर्ष तीन दशमलव ९८ मेट्रिकटन प्रतिहेक्टर रहेको छ।

जमिन घट्दा पनि उत्पादन बढ्नुमा उन्नत जातका धान लगाउने किसानको संख्या बढेको कृषि अनुसन्धान परिषद् (नार्क)का वैज्ञानिक तथा धानविज्ञ डा. उज्ज्वल कुशवाहाले बताए। उनले भने, 'यस वर्ष मौसमले पनि किसानलाई साथ दिएको थियो, मलखादगायतको समस्या विगतको जस्तो भएन, त्यसको परिणाम उत्पादन सन्तोषजनक छ।'

यस वर्ष मौसम प्रतिकूल, किराको प्रकोप घटेको र कृषि क्षेत्रमा बढ्दो आधुनिकीकरणको प्रभावले विगतको तुलनामा उत्पादन वृद्धि भएको मन्त्रालयकी प्रवक्ता सबनम सिवाकोटीले बताइन्। उनले भनिन्, 'यस वर्ष मलखादको समस्या रहेन, विगतको जस्तो बाढीपहिरोको प्रकोप पनि नहुँदा जमिन घटे पनि उत्पादन बढ्यो।'

पछिल्लो पाँच वर्षको धान उत्पादनको अवस्था


आर्थिक वर्ष	क्षेत्रफल (हेक्टर)	उत्पादन (मेट्रिकटन)	उत्पादकत्व (मेट्रिकटन)
आव ०८०/८१	१४,३८,९८९	५७,२४,२३४	३.९८
आव ०७९/८०	१४,४७,७८९	५४,८६,४७२	३.७९
आव ०७८/७९	१४,७७,३७८	५१,३०,६२५	३.४७
आव ७७/७८	१४,७३,४७४	५६,२१,७१०	३.८२
आव ०७६/७७	१४,५८,९१५	५५,५०,८७८	३.८०

स्रोत : कृषि तथा पशुपक्षी विकास मन्त्रालय



पछिल्लो समय खाद्यान्नको अभाव भइरहेको अवस्थामा किसानहरू पौष्टिकयुक्त धानभन्दा धेरै फल्नेमा केन्द्रित हुँदा जमिन घटे पनि उत्पादन बढेको हो। यसलाई सन्तोषजनक मान्नुपर्छ। कृषिमा आधुनिकीकरण पनि बढेको छ। त्यसको पनि प्रभाव हो।

● **उज्ज्वल कुशवाहा**, वैज्ञानिक तथा धानविज्ञ, कृषि अनुसन्धान परिषद् (नार्क)



यस वर्ष मलखाद समयमै उपलब्ध भयो, बाढीपहिरो र किराको प्रकोप घट्दा धान उत्पादन बढेको हो। उन्नत जातको बिउबिजनले पनि उत्पादन बढाउन मद्दत पुग्यो। अब हाम्रो जोड जमिनको क्षेत्रफल बढाउने हो।

● **सबनम सिवाकोटी**, प्रवक्ता, कृषि तथा पशुपक्षी विकास मन्त्रालय

मन्त्रालयका अनुसार यो उत्पादन पछिल्लो चार वर्षको औसतभन्दा पाँच दशमलव शून्य ८ प्रतिहेक्टर मेट्रिकटन बढी हो। धानबालीको औसत उत्पादकत्व गत आर्थिक वर्षको तुलनामा ४ दशमलव ९७ प्रतिहेक्टर मेट्रिकटनले वृद्धि भई तीन दशमलव ९८ मेट्रिकटन प्रतिहेक्टर पुगेको छ। जुन गत गत चार वर्षको आसत उत्पादकत्वभन्दा ६ दशमलव ९२ प्रतिहेक्टर मेट्रिकटन बढी रहेको छ।

मन्त्रालयका अनुसार कोशी प्रदेशमा सर्वाधिक १४ लाख ३५ हजार मेट्रिकटन धान उत्पादन भएको छ। यो गत वर्षभन्दा करिब एक लाख मेट्रिकन बढी धान उत्पादन भएको छ। उक्त प्रदेशमा गत वर्षभन्दा आठ हजार दुई सय १६ हेक्टर कम क्षेत्रफलमा रोपाइँ भएको थियो। यस वर्ष तीन लाख २४ हजार हेक्टरमा रोपाइँ भएको थियो। उत्पादकत्वको हिसाबले उक्त प्रदेशमा ४ दशमलव ४३ मेट्रिकटन प्रतिहेक्टर रहेको छ। गत वर्ष ४ दशमलव ०२ मेट्रिकटन प्रतिहेक्टर रहेको थियो।

मधेशमा भने धान उत्पादन घटेको तथ्यांक छ। यस वर्ष मधेशमा १३ लाख ३७ हजार ६ सय ७२ मेट्रिकटन धान उत्पादन भएको छ। यो गत वर्षभन्दा करिब ५१ हजार मेट्रिकटन कम उत्पादन हो। उत्पादत्व पनि तीन दशमलव ४९ मेट्रिकटन प्रतिहेक्टर रहेको छ। गत वर्ष तीन दशमलव ७० मेट्रिकटन प्रतिहेक्टर रहेको थियो।

कर्णालीमा न्यून धान उत्पादन

कर्णाली प्रदेशमा सबैभन्दा कम एक लाख ४५ हजार मेट्रिकटन धान उत्पादन भएको छ। यो गत वर्षको तुलनामा १५ हजार पाँच सय ९० मेट्रिकटन बढी हो। गत वर्ष ३८ हजार ६ सय २७ हेक्टर जमिनमा धान रोपाइँ भएकोमा यस वर्ष ४१ हजार नौ सय चार हेक्टरमा रोपाइँ भएको थियो। कर्णालीको उत्पादकत्व तीन दशमलव ४६ मेट्रिकटन प्रतिहेक्टर रहेको छ। गत वर्ष तीन दशमलव ३५ मेट्रिकटन प्रतिहेक्टर रहेको थियो।

'दक्षिण एसियाली मुलुकले एकीकृत लाभ लिन सकेनन्'

काठमाडौं/ पछिल्लो समय विश्वव्यापारमा उतारचढाव आएका कारण दक्षिण एसियाली मुलुकहरूले एकीकृत लाभ लिन नसकेको सरोकारवालाले औँल्याएका छन्। विश्वव्यापार संगठन (डब्लुटिओ) चेयर्स प्रोग्राम नेपाल र काठमाडौं विश्वविद्यालयको आयोजनामा भएको दुईदिने 'डब्लुसिपी नेपाल- एआइबी साउथ एसिया कन्फ्रेन्स, २०२४' को पहिलो दिन 'विश्वव्यापार र दक्षिण एसियाका चुनौती र अवसरहरू' शीर्षकको छलफलमा सरोकारवालाले यस्तो बताएका हुन्। प्यानलका वक्ता उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव चन्द्रकुमार घिमिरेले अहिलेसम्म अन्तरक्षेत्रीय व्यापारको तह ५ प्रतिशत हाराहारी मात्रै रहेको बताए। उनले भने, 'अहिले अन्तरक्षेत्रीय व्यापार २३ बिलियन अमेरिकी डलर हाराहारीमा मात्रै भइरहेको छ। जबकि त्यसलाई बढाएर ६२ बिलियन अमेरिकी डलर हाराहारीमा लैजाने ठाउँ छ।' यसर्थ, हाल भएका अवरोधहरू हटाएर व्यापारको आकार बढाउन सकिने उनले सुझाव दिए। मुलुकमा थप लगानी नभित्रिएसम्म उत्पादन नबढ्ने भएकाले लगानी भित्र्याउनमै बढी काम गर्नुपर्छ। साथै, व्यापारका लागि आवश्यक पूर्वाधार पनि नभएकाले लगानी नआएको हुन सक्ने उनको अनुमान छ। नेपालले अन्य मुलुकको व्यापारसँग जोडिन अहिलेको पूर्वाधारले नपुगेको उनको भनाइ छ।

सामूहिक छलफलमा पूर्वसचिव घिमिरेसँगै राष्ट्रिय सुरक्षा परिषद्का पूर्वमुख्य सचिव शंकरदाश वैरागी, योजना आयोगका सदस्य सचिव डा. तोयानारायण ज्ञवाली, स्टडिज युनिभर्सिटी अफ इन्टरनेसनल बिजनेस एन्ड इकोनोमिक्स, चीनकी प्रो. सिनक्वा तु, भारतीय विदेश व्यापार संस्थान कोलकाताका प्रो. देवासिस चक्रवर्ती र नेपाल उद्योग वाणिज्य महासंघ लगानी तथा अन्तर्राष्ट्रिय मामिला मञ्चका अध्यक्ष मनोज पौडेल सहभागी थिए।

सम्मेलनलाई सम्बोधन गर्दै काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार प्रोफेसर अच्युत वाग्लेले नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने चरणमा रहेको सन्दर्भमा नेपालले फरक खालको वाणिज्य नीति अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याए। नेपालले विश्वबजारमा प्रतिस्पर्धाका लागि अग्र र पृष्ठपोषणसहितको वस्तु उत्पादनमा जोड दिनुपर्ने वाग्लेको भनाइ छ।

बिमा कम्पनीले प्राइभेट इक्युटी फन्ड र भेन्चर क्यापिटलमा लगानी गर्न पाउने

मुना कुँवर/नयाँ पत्रिका

अब बिमा कम्पनीहरूले प्राइभेट इक्विटी फन्ड र भेन्चर क्यापिटल फन्डमा पनि लगानी गर्न पाउने भएका छन्। नेपाल बिमा प्राधिकरणले बिमा कम्पनीको लगानी निर्देशिका संशोधन गर्दै विशिष्टीकृत लगानी कोष नियमावलीबमोजिम धितोपत्र बोर्डबाट स्वीकृतिप्राप्त क्यापिटल फन्डमा लगानी गर्न सकिने व्यवस्था गरेको हो।

फन्डमा बिमा कम्पनीहरूले कुल लगानीको १ दशमलव ५ प्रतिशतसम्म लगानी गर्न पाउनेछन्। तर, एउटा फन्डमा भने बढीमा एक प्रतिशतसम्म मात्रै लगानी गर्न सकिनेछ। त्यस्तै, बोर्डले बिमा कम्पनीहरूलाई पब्लिक लिमिटेड कम्पनीका सबै खालका सेयरमा लगानी गर्न पाउने व्यवस्था गरेको छ। प्राधिकरणले गरेको व्यवस्थाअनुसार बिमा कम्पनीले कुल लगानीको बढीमा १० प्रतिशतभन्दा बढी सेयर लगानी गर्न पाउनेछैनन्। यसअघि प्राधिकरणले जारी गरेको लगानी निर्देशिकाको बुँदा १.१(७) मा नेपाल धितोपत्र बोर्डबाट स्वीकृतिप्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण सेयरमा मात्रै लगानी गर्न सक्ने प्रावधान थियो। तर, लगानी गरिने कम्पनीको चुक्ता पुँजीको १५ प्रतिशतसम्म हुने गरी लगानी गर्न पाइनेछ। यसअघि पाँच वर्षभन्दा बढी हुने गरी लगानी गर्न नपाइने व्यवस्था थियो।

बिमा कम्पनीले अन्य क्षेत्रमा र सीमाभन्दा बढी लगानी गर्न पाउने

नेपाल बिमा प्राधिकरणले बिमा कम्पनीहरूलाई लगानीको क्षेत्र र सीमा खुला छाडिदिएको छ। नेपाल बिमा प्राधिकरणले बिमा कम्पनीको लगानी निर्देशिका संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो। प्राधिकरणले गरेको नयाँ व्यवस्थाअनुसार बिमा कम्पनीहरूले प्राधिकरणको स्वीकृति लिएर तोकेको भन्दा अन्य क्षेत्रमा पनि लगानी गर्न पाउने व्यवस्था गरेको छ। त्यस्तै, प्राधिकरणको स्वीकृति लिएर कम्पनीहरूले लगानी निर्देशिकामा तोकेको सीमाभन्दा बढी पनि लगानी गर्न पाउने व्यवस्था गरेको छ। यसअघि जारी लगानी निर्देशिकाको बुँदा नम्बर १.१० मा लगानीका सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डारगृह, पर्यटन उद्योग, जलविद्युत्, सौर्य ऊर्जालगायतका नवीकरणीय ऊर्जा परियोजना, केबलकार, सडक, विद्युत् प्रसारणलाइन, शिक्षा र



स्वास्थ्य क्षेत्रमा लगानी गर्न सकिने भनेको छ। यस्ता क्षेत्रमा लगानी गर्दा प्राधिकरणको अनुमति लिनुपर्ने व्यवस्था गरेको थियो। तर, प्राधिकरणले सो बुँदालाई संशोधन अनुमति लिएर सो क्षेत्रबाहेकका अन्य क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको हो। साथै, तोकिएको सीमाभन्दा बढी लगानी गर्न सकिने व्यवस्था गरेको हो।

प्राधिकरणले लगानी निर्देशिका जारी गर्दै लगानीको क्षेत्र र सीमा तोकिदिएको छ। निर्देशिकाअनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको बचतपत्र, ऋणपत्र, नेपाल सरकारको जमानतप्राप्त बचतपत्र वा ऋणपत्रमा कुल लगानीको ५ प्रतिशतसम्म लगानी गर्न सक्नेछन्। ५ प्रतिशत लगानी गर्न नसक्ने भएमा राष्ट्र बैंकबाट अनुमतिप्राप्त वाणिज्य बैंक वा पूर्वाधार विकास बैंकको मुद्दती निक्षेमा लगानी गर्न सक्नेछन्। त्यस्तै, कम्पनीहरूले वाणिज्य बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा कुल लगानीको ३० प्रतिशतसम्म लगानी गर्न सक्नेछन्। विकास बैंकमा १० प्रतिशतसम्म र वित्तीय संस्थाको मुद्दती निक्षेपमा कुल लगानीको बढीमा ५ प्रतिशतसम्म लगानी गर्न सक्नेछन्।

वाणिज्य बैंक, विकास बैंक र वित्तीय संस्थाको अग्राधिकार सेयरमा, बन्ड, डिबेन्चर र ऋणपत्रमा कुल लगानीको ३० प्रतिशतसम्म लगानी गर्न सक्नेछन्। पब्लिक कम्पनीको बन्ड, डिबेन्चर बन्ड, डिबेन्चर र ऋणपत्रको कुल बढीमा २० प्रतिशतसम्म लगानी गर्न सक्नेछन्। नागरिक लगानी कोष तथा म्युचुअल फन्डका लगानी योजनामा ५ प्रतिशत, घर जग्गा व्यवसायमा १० प्रतिशत र इन्भेस्टमेन्ट कम्पनीको सेयर मा ५ प्रतिशतसम्म लगानी गर्न सक्नेछन्।

चौधरीको नेतृत्वमा नाडाको नयाँ कार्यसमिति

नयाँ पत्रिका



करण चौधरीको अध्यक्षतामा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको केन्द्रीय कार्यसमिति गठन भएको छ। नाडाको ४७औँ वार्षिक साधारणसभाले चौधरीसहित १७ सदस्यीय केन्द्रीय कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित गरेको हो।

नवनिर्वाचित चौधरी मारुती सुजुकी गाडीको नेपालका लागि आधिकारिक विक्रेता सिजी मोटोकर्पका प्रबन्ध निर्देशक हुन्। नवनिर्वाचित अध्यक्ष चौधरीको अध्यक्षतामा आइतबार बसेको नाडा केन्द्रीय कार्यसमितिको पहिलो बैठकले नाडाको विधान २०७१ को संशोधन गरी विधान २०८० बमोजिम पदाधिकारीहरू सर्वसम्मत रूपमा निर्वाचित गरेको जनाइएको छ। जसअनुसार निवर्तमान अध्यक्ष डा. ध्रुव थापा, वरिष्ठ उपाध्यक्षमा आकाश गोल्छा, संस्थागत उपाध्यक्षमा पुष्कर ओझा र तेजनारायण साह, अन्य उपाध्यक्षमा राजनबाबु श्रेष्ठ र निराकार श्रेष्ठलाई चयन गरेको उल्लेख छ।

साधारण सभाले बरिष्ठ उपाध्यक्ष आगामी कार्यसमितिमा स्वतः अध्यक्ष हुन पाउने गरी नाडाको विधान साधारणसभाले संशोधन गरेको छ। नाडाको वार्षिक साधारणसभाले अनुमोदन गरिसकेको संशोधित विधान जिल्ला प्रशासन कार्यालयले स्वीकृत गरेपछि पूर्णता पाउनेछ। संशोधित विधानअनुसार अर्को कार्यसमितिमा आकाश गोल्छा स्वतः अध्यक्ष बन्नेछन् भने अरू पदहरूमा निर्वाचन हुनेछ। गोल्छा फोर्ड मोटर्सको नेपालका लागि अधिकारिक विक्रेता हुन्।

बैठकले महासचिवमा, सुरेन्द्रकुमार उप्रेती, सचिवमा विक्रम सिंहानिया, कोषाध्यक्षमा मिलनबाबु मल्ल, सहकोषाध्यक्षमा पंकज अग्रवाललाई निर्वाचित गरेको जनाइएको छ। त्यस्तै, संस्थागत सदस्यहरूमा सञ्जयकुमार श्रेष्ठ, कुलबहादुर क्षेत्री, कृष्णप्रसाद श्रेष्ठ, गणेशप्रसाद भट्टराई, भद्र भण्डारीलाई निर्वाचित गरेको नाडाले जनाएको छ।

बैठकले केन्द्रीय कार्यसमितिको सदस्यमा सुनील रिजाल, प्रकाश कपुरी, कपिल सिवाकोटी, प्रदीपमान प्रधान, यमुना श्रेष्ठ, सञ्जयकुमार खेतान, नवराज भुसाल, ऋद्धि कार्की, दीपेन्द्रकुमार मिश्र र सौरभ थापालाई निर्वाचित गरेको उल्लेख छ। नाडाको विधानबमोजिम नवनिर्वाचित अध्यक्ष चौधरीले मेघराज पौडेल, नीलमणि पाठक र सोहन श्रेष्ठलाई केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनीत गरेको जनाइएको छ।

सुरुमा नाडाको अध्यक्षमा चौधरी, गोल्छासहित सिप्रदी ट्रेडिङका सिइओ राजनबाबु श्रेष्ठले चुनावी प्रतिस्पर्धा गर्ने तयारी गरेका थिए। पछि श्रेष्ठले अध्यक्षमा चौधरीलाई समर्थन गर्दै आफु पछाडि हटेपछि सर्वसम्मत नेतृत्व चयनको पहल थालिएको थियो। गम्भीर संकटको समयमा सबै अटो व्यवसायीहरू एकीकृत भएर अगाडि बढ्नुपर्ने महशुस गर्दै सर्वसम्मत नेतृत्व चयनका लागि पहलकदमी गरेको निवर्तमान अध्यक्षको भनाई थियो। जसअनुसार विधान संशोधन गरेर गोल्छालाई अर्को कार्यकालयमा स्वतः अध्यक्ष हुन पाउने गरी बरिष्ठ उपाध्यक्ष बनाउने शर्तमा दुई पक्षबीच सहमति जुटेको थियो।

काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थलाई एनएमबि बैंकको सहयोग

काठमाडौं/ एनएमबि बैंकले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (केआइओसिएच)लाई २५ लाख रुपैयाँ सहयोग गरेको छ। बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत अस्पतालमा बालमैत्री वार्ड निर्माण गर्न मद्दत गरी बाल स्वास्थ्य सुधार गर्ने प्रयासमा सहायता पुऱ्याउने उद्देश्यसहित सहयोग गरेको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत सुनील केसी र इन्स्टिच्युट अफ चाइल्ड हेल्थका अध्यक्ष डा. भगवान कोइरालाबीच सहयोगसम्बन्धी सहमति आदान-प्रदान भएको बैंकले उल्लेख गरेको छ। यो सहकार्यले बैंक र अस्पतालको बाल स्वास्थ्य सेवा सुधार्ने संयुक्त प्रयासलाई सशक्त रूपमा दर्साउने बैंकको भनाइ छ। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक सेवालाई निरन्तरता दिँदै आएको बैंकले जनाएको छ। हाल बैंकले देशभरमा दुई सय एक शाखा, एक सय ७१ एटिएम र १२ एक्सटेन्सन काउन्टरमार्फत ग्राहकलाई सेवा दिँदै आएको जनाएको छ।

थापाको अध्यक्षतामा आनको नयाँ नेतृत्व



काठमाडौं/ नेपाल विज्ञापन संघले सुदीप थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ। संघको २४औँ वार्षिक साधारणसभाले १४ सदस्यीय कार्यसमिति चयन गरेको हो।

साधारणसभाले कोषाध्यक्षबाहेकका पदाधिकारी सर्वसम्मतबाट चयन गरेको जनाएको छ। कोषाध्यक्ष तथा सातजना सदस्य भने निर्वाचन प्रणालीमार्फत चयन गरेको आनको भनाइ छ। नयाँ कार्यसमितिमा प्रथम उपाध्यक्षमा उजय शाक्य, द्वितीय उपाध्यक्षमा पंकजलाल प्रधान, महासचिवमा कृष्णप्रसाद घिमिरे, सचिवमा सन्तोष खड्का र अरुणकाजी स्थापित निर्विरोध निर्वाचित भएको जनाइएको छ। कोषाध्यक्षमा साजन श्रेष्ठ निर्वाचित भएको आनले जनाएको छ। सदस्यहरूमा रोशन रेग्मी (आरसी), सन्तोष सिलवाल गिरी, दीपेन्द्र पौडेल, विधान राजभण्डारी, रोशन पौडेल, मनीष अधिकारी र प्रभात रिमाल निर्वाचित भएको जनाइएको छ।

संघका पदाधिकारी तथा सदस्यहरूले आइतबार नै पद तथा गोपनीयताको शपथ गरेका छन्। सबै विज्ञापन क्षेत्रको प्रतिनिधित्व रहेको र सबै क्षेत्र समेटिएको कार्यसमितिको कार्यकाल तीन वर्ष हुने आनले जनाएको छ।

मधेश र गण्डकीमा ग्लोबल आइएमईको स्वास्थ्य शिविर

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले मधेश र गण्डकी प्रदेशमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। बैंकले आफ्नो १७औँ वार्षिकोत्सवको अवसर पारेर संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्य शिविर सञ्चालन गरेको हो।

बैंकले मधेश प्रदेशअन्तर्गत सिराहाको सुखीपुर नगरपालिकामा रहेको सुखीपुर स्वास्थ्य चौकीमा एक सय ७० र गण्डकी प्रदेशअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा रहेको पोखरे आधारभूत विद्यालयमा एक सय ८० भन्दा बढी महिलाको स्वास्थ्य परीक्षण तथा उपचार गरिएको बैंकले जनाएको छ।

नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सञ्चालित उक्त शिविरमा स्त्रीरोगविज्ञले स्त्रीरोगसम्बन्धी विभिन्न सेवा निःशुल्क रूपमा उपलब्ध गराएको जनाइएको छ। प्रत्येक शिविरबाट पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण पत्ता लागेका र पाठेघरको क्यान्सरका गम्भीर बिरामी पहिचान गरी कार्यक्रमको दोस्रो चरणमा शल्यक्रिया गरी उपचार गरिने बैंकले जनाएको छ।

हाल बैंकले देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क-वैदेशिक प्रतिनिधि कार्यालयसहित एक हजार एक सयभन्दा बढी सेवा केन्द्रबाट बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ।

भूकम्पपीडितलाई सुबिसुले दियो सोलार बत्ती

काठमाडौं/ इन्टरनेट सेवाप्रदायक कम्पनी सुबिसुले जाजरकोटका भूकम्पपीडितलाई सोलार बत्ती सहयोग गरेको छ। कम्पनीले स्थापनाको २३औँ वार्षिकोत्सव मनाउँदै भूकम्पबाट प्रभावित विद्यार्थीको अध्ययनमा सहयोग पुग्ने गरी दुई सय परिवारलाई ब्याकअपसहितका सोलार बत्ती वितरण गरेको हो।

भूकम्पपश्चात् पीडितले भोग्नुपरेको विशेष समस्यालाई सम्बोधन गर्ने गरी ती सोलार बत्ती डिजाइन गरिएको कम्पनीले जनाएको छ। वितरण गरिएका सोलार बत्तीले रातको समयमा अध्ययन गर्न अति आवश्यक उज्यालो दिने मात्रै नभएर मोबाइल फोन र अन्य विद्युतीय उपकरणसमेत चार्ज गर्न सकिने उल्लेख छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत विनयमोहन साउदसहित सुबिसुको आठ सदस्यीय टोली राहत सामग्री वितरण गर्न जाजरकोट पुगेको जनाइएको छ। उक्त सहयोग नलगाडमा रहेको इन्द्रधनुष प्राथमिक विद्यालयमा वितरण गरिएको कम्पनीले जनाएको छ।

'जाजरकोट पुग्ने कुरा केवल भौगोलिक यात्राको विषय मात्र थिएन, प्रतिकूल परिस्थितिको सामना गरिरहेका भूकम्पपीडितको जीवनमा अर्थपूर्ण प्रभाव पार्ने एउटा प्रतिबद्धतासमेत थियो,' कम्पनीले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको छ, 'हामीले विद्यार्थीलाई आइपरेको चुनौती सामना गरी आफ्नो उज्यालो भविष्य निर्माण गर्ने कार्यमा सशक्तीकरण गर्ने उद्देश्यका साथ रातको समयमा पढ्न आवश्यक माध्यम (सोलार बत्ती) उपलब्ध गराएका हौं।'

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंक्लाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ ०९ गते मंगलबार**का दिन शाखा कार्यालय मलंगवामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०७४/११/१३ मा दर्ता नं. १८४५२२/०७४/०७५ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ब्रहमपुरी गा.पा., वडा नं.०७ स्थित रजिष्टर्ड कार्यालय **कृष्ण बहुउदेश्यीय माछा पालन प्रा.लि.**।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पदमलाल गौतमको नाति, ढुण्डीराज गौतमको छोरा महोत्तरी जिल्ला, खयरमारा गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६ बस्ने **भिम प्रसाद गौतम** (ना.प्र.नं. ४९४७२२५०, जारी मिति २०३७/०१/२२ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
२. लक्ष्मी कान्त गौतमको नाति, पदमलाल गौतमको छोरा महोत्तरी जिल्ला, खयरमारा गा.वि.स., वडा नं.०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६ बस्ने **दुण्डीराज गौतम** (ना.प्र.नं. ४६४७०७१९, जारी मिति २०३५/१२/२५ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
३. ढुण्डीराज गौतमको बुहारी, कृष्णप्रसाद देवकोटाको छोरी महोत्तरी जिल्ला, खयरमारा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६ बस्ने **लक्ष्मी कुमारी** (ना.प्र.नं. ४६४७२४८७, जारी मिति २०५०/०९/१५ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
४. ढुण्डीराज गौतमको बुहारी, भीम प्रसाद गौतमको पत्नी महोत्तरी जिल्ला, खयरमारा वडा नं. ०४ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६ बस्ने **खिल माया गौतम** (ना.प्र.नं. ४६४७०७२०, जारी मिति २०३८/०९/२०, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
५. ढुण्डीराज गौतमको नाति, भीम प्रसाद गौतमको छोरा सर्लाही जिल्ला, नेत्रगंज वडा नं. ०२ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ०६ बस्ने **रोशन गौतम** (ना.प्र.नं. १९२०९७/७४७, जारी मिति २०७२/०८/०३, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
६. जयनन्दन रायको नाति, रामचन्द्र रायको छोरा सर्लाही जिल्ला, बग्दह गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं.१० बस्ने **सिंहेश्वर राय** (ना.प्र.नं. ०४५९१५५५, जारी मिति २०३४/०३/२२, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
७. ढुण्डीराज गौतम/खिलमाया गौतमको नाति, भिम प्रसाद गौतम/ लक्ष्मी कुमारीको छोरा, सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०६ बस्ने **रितिक गौतम** (ना.प्र.नं. १९२०९७/७४७, जारी मिति २०६९/०८/१९, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
८. रामचन्द्र रायको नाति, सिंहेश्वर रायको छोरा सर्लाही जिल्ला, बग्दह गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं.१० बस्ने **उमेश कुमार यादव** (ना.प्र.नं. १९१०२४/७, जारी मिति २०६४/०१/२४, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **भिम प्रसाद गौतम**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ६९७५ र ६९७७ को क्षेत्रफल क्रमश: ०-०-१८-० र ०-०-१-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **लक्ष्मी कुमारी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ६९७६ र ६९७८ को क्षेत्रफल क्रमस ०-०-६-० र ०-०-१३-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **खिल माया गौतम**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ४८७८ र ७६८७ को क्षेत्रफल क्रमश ०-२-११/२-० र ०-६-१८१/२-० को (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० माघ ०८ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० माघ ०९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय मलंगवामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ ०९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय मलंगवा फोन नं. ०४६-५२१२०६/२०७

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**१) सगुन तमाङ** ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : आस बहादुर तमाङ बाजे : वीर बहादुर तमाङ्ग	सवारी मोडल : Maruti Suzuki Vitara Bressa Zdi+ च्यासिस नं. : MA3NYFB15KB517825 ईन्जिन नं. : D13A-5798601 सवारी दर्ता नं. : प्रदेश ३-०१-०२२ च ३८१५

जमानीकर्ताहरुको विवरण

१) आस बहादुर तमाङ स्थायी ठेगाना : चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : वीर बहादुर तमाङ्ग बाजे : लाल बहादुर तमाङ्ग	**२) कोशेली लो** स्थायी ठेगाना : मकवानपुर जिल्ला, इर्नामाडी गा.वि.स. वडा नं. १ हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : श्याम बहादुर लो ससुरा : आस बहादुर तमाङ पति : सगुन बहादुर तमाङ	**३) ठेक माया तमाङ** स्थायी ठेगाना : चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ ससुरा : वीर बहादुर तमाङ्ग पति : आस बहादुर तमाङ

ऋणीको विवरण	धितोको विवरण
२) आस बहादुर तमाङ स्थायी ठेगाना : चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : वीर बहादुर तमाङ्ग बाजे : लाल बहादुर तमाङ्ग	यो.सिं तमाङ्गको नाति, लाल बहादुर तमाङ्गको छोरा, चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बस्ने वीर बहादुर तमाङ्गको नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ३ख (हाल भरतपुर म.न.पा. वडा नं. २३) स्थित कित्ता नं. ३८१ को क्षेत्रफल ०-८-१८ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

जमानीकर्ताहरुको विवरण

१) सगुन तमाङ ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : आश बहादुर तमाङ बाजे : वीर बहादुर तमाङ्ग	**२) कोशेली लो** स्थायी ठेगाना : मकवानपुर जिल्ला, इर्नामाडी गा.वि.स. वडा नं. १ हालको ठेगाना:चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : श्याम बहादुर लो ससुरा : आश बहादुर तमाङ पति : सगुन बहादुर तमाङ	**३) ठेक माया तमाङ** स्थायी ठेगाना: चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना:चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ ससुरा : वीर बहादुर तमाङ्ग पति : आस बहादुर तमाङ	**४) वीर बहादुर तमाङ्ग** स्थायी ठेगाना: चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १ बाबु : लाल बहादुर तमाङ्ग बाजे : येसि तमाङ्ग

क्र.सं.	ऋणीको विवरण	
२)	**१) भिम माया दराई** स्थायी ठेगाना : गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. १४ बाबु : मन बहादुर दरै ससुरा : सोमे दराई पति : पुर्ण बहादुर दराई	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६८२८७/०७८/०७९ अन्तर्गत मिति २०७८/०४/३२ मा कम्पनी ऐन, २०६३को दफा ५को उपदफा(१) बमोजिम दर्ता भएको चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४, स्थित **दराई कृषि फार्म प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: भिम माया दराई**

धितोको विवरण

१) मन बहादुर दरैकी छोरी, सोम बहादुरकी बुहारी, पुर्ण बहादुर दरैकी पत्नी, गोरखा जल्ला, गोरखा न.पा. वडा नं. १४ बस्ने भिम माया दराईको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको, चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ख (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं.५८६ र २१८ को क्षेत्रफल क्रमश: ०-५-०-० र ०-१-०-० (बिगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत।
२) दराई कृषि फार्म प्रा.ली. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) कमला दराई स्थायी ठेगाना : गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. १४ बाबु : पुर्ण बहादुर दराई बाजे : सोमे दराई	**२) भिम माया दराई** स्थायी ठेगाना : गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. १४ बाबु : मन बहादुर दरै ससुरा : सोमे दराई पति : पुर्ण बहादुर दराई

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
३)	**मटुक राय यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, हथियाही गा.वि.स वडा नं ८ हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ९ बाबु : जदुनन्दन राय बाजे : झगरु राय	**कान्ती देवी** ठेगाना : रौतहट जिल्ला, पिप्रापोखरिया गा.वि.स. वडा नं ८ बाबु : महादेव राय यादव ससुरा : जदुनन्दन राय पति : मटुक राय यादव

धितोको विवरण

झगरु रायको नाति, जदुनन्दन रायको छोरा, रौतहट जिल्ला, हथियाही गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं ९ बस्ने मटुक राय यादवको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ६ (हाल : गुजरा न.पा. वडा नं. ६) स्थित कित्ता नं. १५७१ र १५८५ को क्षेत्रफल क्रमश: ०-२-० र ०-३-९ (बिगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
४)	**भिरखनिया देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर गा.प. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ९ बाबु : रघुवीर दास ससुरा : तपसि दास तत्मा पति : भोजा दास	रघुवीर दासकी छोरी, तपसि दास तत्माकी बुहारी, भोजा दासकी पत्नी, रौतहट जिल्ला, रघुनाथपुर गा.प. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ९ बस्ने भिरखनिया देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४१६ को क्षेत्रफल ०-५-०-० (बिगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।

जमानीकर्ताहरुको विवरण

१) भोजा दास तत्मा स्थायी ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ९ बाबु : तपसि दास तत्मा बाजे : सियाराम दास	**२) बिनोद कुमार दास** स्थायी ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ९ बाबु : भोजा दास तत्मा बाजे : तपसि दास तत्मा

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

एन्फा विवाद

नौ सदस्यको 'नोट अफ डिसेन्ट'

गत २ पुसमा एन्फा मुख्यालयमा बसेको कार्यसमिति बैठकमा संस्थापन पक्षले विधानविपरीत माइन्युट गरेको भन्दै नौ सदस्यले जनाए १४ बुँदे असन्तुष्टि

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) कार्यसमिति बैठकले २ पुसमा गरेको निर्णयमाथि नौ सदस्यले 'नोट अफ डिसेन्ट' लेखेका छन् । संस्थापनइतर पक्षका असन्तुष्ट नौ सदस्यले आइतबार 'नोट अफ डिसेन्ट' लेख्दै १४ बुँदामा असहमति जनाएका हुन् । नेतृत्वले आफूखुसी निर्णय माइन्युट गरेको उनीहरूको आरोप छ । साथै, नेतृत्वले आफन्तलाई नियुक्ति दिएको, राजनीतिक स्वार्थ पूर्ति गर्न अवैधानिक बाटो अवलम्बन गर्दै विभिन्न पदमा नियुक्ति गरिएको तथा बैठकमै नभएको एजेन्डा माइन्युटमा समावेश गराएको विषयमा असन्तुष्टि जनाउँदै नोट अफ डिसेन्ट दर्ता गराएका हुन् ।

वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कासहित उपाध्यक्षद्वय विराटजंग शाही र दीर्घबहादुर केसी तथा केन्द्रीय सदस्यहरू पेमा डोल्मा लामा, रूपेश अधिकारी, रवीन्द्र चन्द, रमेश व्यञ्जनकार, भोजराज शाही र अनिल मल्ल संयुक्त हस्ताक्षर गर्दै एन्फा मुख्यालय पुगेका हुन् । पछिल्लो समय अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई र कोषाध्यक्ष रवीन्द्र जोशीले अवैधानिक कार्य गरेको, आर्थिक पारदर्शिता नदेखाएको आरोप असन्तुष्ट पक्षले लगाउँदै आएका छन् ।

उनीहरूले नोट अफ डिसेन्टमा टेन्डर पारदर्शी नभएको, कार्यसमितिको निर्णयविना टिकट पास वितरण गरेको र टिकट मूल्य तोकेको, विधानविपरीत राष्ट्रिय लिगका चार क्लबको मताधिकार खोसिएको, आर्थिक सुशासन र एन्फाको आर्थिक कानुनअनुसार टेन्डर आह्वान नभएको, खर्च विवरण उल्लेख नगरी बिल पास गराएको, महासचिवलाई पदपूर्ति समितिको संयोजक बनाएको, कर्मचारीलाई विनासूचना तथा सम्झौता अवधि बाँकी रहँदै हटाउनु, मादपदण्डविपरीत महासचिव किरण राईले आफ्नो भान्जी ज्योति राईलाई नियुक्ति दिएको र खेलाडीको स्वास्थ्यमा हेलचेक्रयाइँ गरेको आरोप लगाएका छन् ।

साथै, कार्यकारी अधिकृत (सिइओ) नियुक्ति गर्न पहिल्यै सूचना प्रकाशित गर्ने निर्णय भएको र पदपूर्ति समितिलाई जानकारी नदिई इन्द्रमान तुलाधरलाई राजनीतिक स्वार्थ पूर्ति गर्न नियुक्ति गरिएको, प्रशासन प्रमुख कर्मचारी वसन्त रिजाललाई प्रक्रियाविपरीत सफाइको मौकासमेत नदिई बर्खास्त गरिएको, हेर्टौंडा विशेष साधारणसभामा प्रक्रियाविपरीत खर्च गरिएको र विवरण नबुझाई ४४ लाख ३० हजार नौ सय ११ रुपैयाँ खर्च गरिएको विषयमा असहमति जनाएका हुन् ।

यसअघि पनि नेतृत्वले बारम्बार अवैधानिक कार्य गरेकाले नोट अफ डिसेन्ट लेख्न बाध्य भएको केन्द्रीय सदस्य रूपेश अधिकारीले नयाँ पत्रिकालाई बताए । 'अवैधानिक कार्य नगर्न बारम्बार सुझाव दिँदै आएका छौं, तर नेतृत्वले कहिल्यै सुनेन । त्यसैले नोट अफ डिसेन्ट दर्ता गराएका हौं,' अधिकारीले भने ।



यस्ता छन् असन्तुष्टका १४ आरोप

- टिकटमा आर्थिक चलखेलको आशंका
- कार्यसमितिमा निर्णय नै नगराई अनावश्यक प्रतियोगिताको पास वितरण र टिकटको मूल्य तोकेको
- कार्यसमितिले राष्ट्रिय लिगका चार क्लबको अधिकार हनन गर्दै स्वेच्छाचारी रूपमा निर्णय गरेको
- ५० हजार अमेरिकी डलरबराबरको सामग्री खरिद प्रक्रियाका दौरान एन्फाको आर्थिक नियमावलीविपरीत काम गरिएको
- एन्फा विधानविपरीत अपारदर्शी रूपमा कुनै एक संस्थाबाट ठूलो धनराशिबराबरको सामान खरिद गर्ने निर्णय गरिएको
- रंगशालामा फ्लडलाइट बाल्दा डिजेलमा अनियमितता भएको
- विधानविपरीत महासचिवलाई पदपूर्ति सदस्यको संयोजक तथा कोषाध्यक्ष र सहमहासचिवलाई सदस्य बनाइएको
- एन्फा कर्मचारीलाई विधानविपरीत खरिद तथा मूल्यांकन समितिको सदस्यमा अनुमोदन गरिएको
- सम्झौता अवधि बाँकी रहँदै विनासूचना कर्मचारीलाई हटाइएको
- एन्फा महासचिव किरण राईले योग्यता नपुगेकी आफ्नी भान्जी ज्योति राईलाई कार्यसमितिमा छलफल नै नगरी मेडिकल कन्सल्ट्यान्टका रूपमा नियुक्ति दिएको
- सिइओ नियुक्ति सम्बन्धमा सूचना प्रकाशित गर्ने कार्यसमितिको निर्णय उल्ट्याउँदै राजनीतिक स्वार्थ पूर्ति गर्न मनोमानी ढंगले कार्यसमितिका पदाधिकारीलाई पेलेर इन्द्रमान तुलाधरलाई सिइओ नियुक्ति गरिएको
- लामो समयदेखि कार्यरत कर्मचारी वसन्त रिजाललाई प्रक्रियाविपरीत सफाइको मौकासमेत नदिई बर्खास्त गरिएको
- विविध शीर्षक राखेर हेर्टौंडामा सम्पन्न विशेष साधारणसभामा ४४ लाख ३० हजार ९१ रुपैयाँ खर्च अनुमोदन गरिएको
- विविध शीर्षक राखेर खेलाडी तथा रेफ्री बसोवासमा आवश्यक कागजात तथा प्रमाणविना नै लाखौंलाख रुपैयाँ अनुमोदन गरिएको



अवैधानिक कार्य नगर्न सुझाव दिएका थियौं

रूपेश अधिकारी, केन्द्रीय सदस्य, एन्फा

अवैधानिक कार्य नगर्न बारम्बार सुझाव दिँदै आएका छौं । व्यक्तिगत रूपमा पनि हात जोडेको छु, तर नेतृत्वले कहिल्यै सुनेन । जहिल्यै मनलाग्दी गरियो । फुटबलको विकासभन्दा पनि विनाशतर्फ नेतृत्व लागेपछि नोट अफ डिसेन्ट दर्ता गराएका हौं ।

आफ्नो मत सबैले राख्न पाउँछन्

सुरेश शाह, प्रवक्ता, एन्फा

लोकतान्त्रिक प्रक्रियामा आफ्नो मत राख्न पाइन्छ । उहाँहरूले पनि आफ्नो मत राख्नुभएको छ । यसको वैधानिकताबारे कार्यसमितिले नै निर्णय गर्नेछ । अहिलेसम्म एन्फामा बहुमतीय आधारमा निर्णय हुँदै आएको छ । सबै निर्णण प्रक्रियागत भएका छन् । अब, यो विषयको निर्णय पनि कार्यसमितिबाट नै आउनेछ ।



■ बहुमत सदस्य नै मध्यपुरको समर्थनमा

सहिद स्मारक 'बी' डिभिजन लिग क्लब मध्यपुर युथ एसोसिएसनमाथि गरिएको कारबाहीमा एन्फा बहुमत सदस्य एक ठाउँमा उभिएका छन् । एन्फाको २१ सदस्यीय कार्यसमितिका ११ जनाले संयुक्त हस्ताक्षर गर्दै मध्यपुरविरुद्ध गरिएको कारबाहीमा असन्तुष्ट जनाएका हुन् । २ पुसमा बसेको एन्फा कार्यसमिति बैठकले मध्यपुर युथलाई अनुशासनको कारबाही गरेको थियो । एन्फाले अर्को निर्णय नभएसम्म मध्यपुरलाई फुटबलका गतिविधिमा सहभागी हुन नदिने निर्णय गरेको थियो । जसविरुद्धमा बहुमत सदस्य एक भएका हुन् । 'एन्फाको निर्णयविरुद्ध वरिष्ठ उपाध्यक्ष खड्कासहित उपाध्यक्षद्वय शाही र केसी तथा सदस्यहरू चन्द, व्यञ्जनकार, अधिकारी, शाही, मल्ल, लामा, मनीष जोशी र मणिराज विष्टले ऐक्यबद्धता जनाएका हुन् । जोशी र विष्टले भने मध्यपुरको विषयमा ऐक्यबद्धता जनाए पनि नेतृत्वविरुद्धको 'नोट अफ डिसेन्ट' लेखेका छैनन् । २३ कात्तिकमा हेर्टौंडामा भएको विशेष साधारणसभा रोक्ने मध्यपुर युथका एक सदस्यले मुद्दा दर्ता गरेका थिए । तर, अदालतले अन्तरिम आदेश जारी नगरेपछि साधारणसभा भएको थियो । यसैबीच एन्फाले आइतबार १४ वटा बी डिभिजन क्लबलाई तीन वर्षदेखि रोकिएको लिग सञ्चालन गर्न बैठकमा बोलाए पनि असन्तुष्ट रहेका क्लबको उपस्थिति रहेन ।

खेल संक्षेप

महांकाल च्याम्पियन

ललितपुर/ दोस्रो महांकाल ह्यान्डबल तथा सेपाक ताक्रो च्याम्पियनसिपको उपाधि महांकाल माविले जितेको छ । महांकाल सामाजिक स्पोर्टस् क्लबको आयोजनामा गोटीखेलस्थित महांकाल माविको खेलमैदानमा भएको पुरुषतर्फको ह्यान्डबल फाइनलमा महांकालले बाघभैरव माविलाई ८-२ ले पराजित गऱ्यो । महिलातर्फको उपाधि भिडन्तमा पनि महांकालले बाघभैरवमाथि नै ६-२ को जित निकालेको हो । यसैगरी सेपाक ताक्राको पुरुषतर्फ महांकाल मावि र महिलातर्फ बाघभैरव मावि च्याम्पियन बने । पुरुषतर्फ महांकाल माविले नै दोस्रो तथा आयोजक महांकाल सामाजिक स्पोर्टस् क्लबले तेस्रो स्थान हासिल गरेका छन् ।

नेर्पा 'ए'को विजय सुरुवात

खोटाङ/ नेर्पा भुलभुले अन्तरवडास्तरीय खुला पुरुष फुटबल प्रतियोगिताको दोस्रो संस्करणमा आयोजक नेर्पा 'ए'ले विजय सुरुवात गरेको छ । दिक्तेल रूपाकोटको संसारीडाँडामा भएको सडनडेथमा नेर्पाले बाँझे च्यानडाँडालाई ६-५ ले पराजित गऱ्यो । निर्धारित समयमा कुनै गोल नभएपछि खेलको निर्णय पेनाल्टी सुटआउटसम्म पुगेको थियो । पेनाल्टी सुटआउटसमेत बराबर भएपछि खेल सडनडेथमा पुगेको हो । उत्कृष्ट प्रदर्शन गरेका गोलकपिर इन्देश गुरुङ प्लेयर अफ दी म्याच घोषित भए ।

ललितपुर फाइनलमा

काठमाडौं/ नुवाकोट जिल्लालाई आठ विकेटले हराउँदै ललितपुर प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको बागमती छनोटको फाइनल प्रवेश गरेको छ । मूलपानीको माथिल्लो मैदानमा नुवाकोटले सुरुवाती ब्याटिङ गर्दै १९३ रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा ललितपुरले ४१ ओभरमा दुई विकेट गुमाउँदै जित निकालेको हो । अब, उपाधिका लागि ललितपुरले काठमाडौं र चितवनबीचको विजेतासँग खेल्नेछ ।

मेयर कप फुटबल हुने

नेपालगन्ज/ बाँके जिल्ला फुटबल संघको आयोजनामा जिल्लास्तरीय मेयर कप छात्र-छात्रा फुटबल प्रतियोगिता हुने भएको छ । आगामी ६ देखि १४ माघसम्म हुने प्रतियोगितामा आठवटा स्थानीय तहका विद्यालयको सहभागिता रहने सचिवालय संयोजक कमल खत्रीले जनाएका छन् । प्रतियोगिताको विजेताले २१ हजार, उपविजेताले ११ हजार प्राप्त गर्नेछन् । यसैगरी सर्वोत्कृष्ट खेलाडीलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएको छ ।

सन्दीपले लिए ९ विकेट

कास्की/ सन्दीप पराजुलीको नौ विकेटप्रेरित तनहुँ जिल्लाले गण्डकी प्रदेश पिएम कप एकदिवसीय क्रिकेट छनोटमा विजयी सुरुवात गरेको छ । क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरा रंगशालामा भएको खेलमा तनहुँले नवलपुरलाई १० रनले हराएको हो । म्यान अफ दी म्याच पराजुलीले ९.१ ओभर दुई मेडनसहित २५ रन खर्चिए । दिनेशजंग बुढामगरले दुई ओभरमा २७ रन खर्चेर एक विकेट हात पारे । टस जितेर ब्याटिङ रोजेको तनहुँले २८.४ ओभरमा सबै विकेट गुमाएर ११० रन बनायो । प्रत्युत्तरमा नवलपुरले २४.१ ओभरमा सबै विकेट गुमाएर सय रन मात्र बनाउन सक्यो ।

तनहुँका कृष ऐरले ४७ बलमा चार चौका र दुई छक्कासहित सर्वाधिक ४१ रन बनाए । उत्सव श्रेष्ठले २१ र ओपनर समिर कँडेलले १८ रन जोड्दा अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । नवलपुरका विशाल पौडेलले सर्वाधिक तीन, कमल परियारले दुई विकेट हात पारे । यसअघि नवलपुरका लागि ओपनर गोविन्द विकले ३३ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक २७ रन जोडेका थिए । अर्का ओपनर प्रोमिश अर्यालले २२, विशाल पौडेलले १७, रिजन काफ्लेले १५ र सन्देश बस्नेतले ११ रन जोडे ।

एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड १२ माघमा

नयाँ पत्रिका

नेपाली खेलकुदको प्रतिष्ठित एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डको २०औं संस्करण आगामी १२ माघमा हुने भएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले आइतबार पत्रकार सम्मेलन आयोजना गर्दै पल्सरको आधिकारिक विक्रेता हंशराज हुलासचन्द एन्ड कम्पनीसँग सम्झौता गरेको छ । मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र मुख्य प्रायोजक हंशराज हुलासचन्द कम्पनीका कार्यकारी निर्देशक अभिमन्यु गोल्छाले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । ०६० देखि हुँदै आएको नेपाली खेलकुदको लोकप्रिय अवार्डलाई गोल्छा ग्रुपले साथ दिएको यो लगातार १५औं वर्ष हो । गोल्छा ग्रुपले यसपटक पाँच थान बजाज पल्सरको एन सिरिज मोटरसाइकल प्रदान गर्नेछ । जसमा एन २५० दुई र एन १६० तीन थान मोटरसाइकल रहेका छन् । साथै, गोल्छाले १२ लाख रुपैयाँ नगद पनि दिने सम्झौतामा उल्लेख छ ।

अवार्डमा नेपाली खेलकुदमा वर्षभर उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीसहित प्रशिक्षक र खेलकर्मीलाई सम्मान गरिन्छ । यस वर्ष अवार्डमा नौ विधा नै समावेश छन् । वर्षका उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, वर्षका उत्कृष्ट खेलाडी युवा, वर्षका उत्कृष्ट प्रशिक्षक र पिपल्स च्वाइस अवार्ड छन् । यी पाँचजना अवार्ड विजेताले पल्सर मोटरसाइकल पाउनेछन् ।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

यीमध्ये वर्ष खेलाडी पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइसको मनोनयन केही दिनमै सार्वजनिक गरिने मञ्चका महासचिव प्रज्वल ओलीले जानकारी दिए । अवार्डमा पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड विधा रहनेछ । यस विधाका विजेताले जनही ५० हजार रुपैयाँसहित विभिन्न गिफ्ट ह्याम्पर पाउने महासचिव ओलीले बताए । मनोनयन नहुने विधा लाइफटाइम, स्पेसल, पारा एथलिट र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड विजेताको घोषणा कार्यक्रमकै दिन गरिनेछ ।

गोल्छा कम्पनीका निर्देशक अभिमन्यु गोल्छाले पल्सरको उद्देश्य नेपाली खेलकुदसँगै युवाहरूसँग जोडिनु रहेको उल्लेख गरे । 'मञ्चले हरेक वर्ष नयाँ-नयाँ शैली र प्रविधि अपनाएर अवार्डलाई उच्च स्तरको बनाएको छ । मञ्चसँग सहकार्य गर्न पाउँदा गोल्छा ग्रुप गर्व महसुस गर्छ । जस्तोसुकै आर्थिक परिस्थिति भए पनि गोल्छाले मञ्चसँग सहकार्य गर्दै जानेछ ।' मञ्चका अध्यक्ष सुवेदीले आर्थिक रूपमा कठिन परिस्थितिमा कम्पनीले लगातार अवार्डलाई साथ दिएकोमा गोल्छा ग्रुपलाई धन्यवाद दिए ।

गत वर्ष पुरुषतर्फ फुटबलका अञ्जन विष्ट, महिलातर्फ भलिबलकी अरुणा शाही र प्रशिक्षकतर्फ फुटबलका अब्दुल्लाह अलमुताइरी, युवामा मनीष डाँगी उत्कृष्ट भएका थिए । पिपल्स च्वाइस अवार्ड भलिबलकी उषा भण्डारीले जितेकी थिइन् । स्पेसल अवार्ड दानबहादुर तामाङ र उनकी पत्नी मायादेवी मोक्तानलाई प्रदान गरिएको हो । उनीहरू ब्याडमिन्टनका रत्नजित, सरादेवी र नङ्सदेवीका मातापिता हुन् । पारा एथलिट सम्मान तेक्वान्दोकी पलेशा गोवर्धन, एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड कतारका मोहम्मद हिजी र लाइफटाइम एचिभमेन्ट अवार्ड रघुराज वन्तलाई प्रदान गरिएको थियो ।

बागमती प्रतियोगिताबाट बाहिरियो

लगातार तेस्रो खेलमा पराजित भएसँगै बागमती एक खेलअघि नै ३४औं राष्ट्रिय भलिबल प्रतियोगिताबाट बाहिरियो

रमेश रावल/नयाँ पत्रिका

कर्णाली प्रदेशको सुर्खेतमा जारी ३४औं राष्ट्रिय भलिबल प्रतियोगितामा बागमती प्रदेशको चुनौती समाप्त भएको छ । विभागीय टोली नेपाल पुलिस क्लबसँग सोझो सेटमा पराजित भएपछि बागमतीको सम्भावना सकिएको हो । बागमतीलाई २५-१०, २५-१३ र २५-१७ को सोझो सेटमा हराउँदै पुलिस ६ अंकसहित समूह 'ए'को शीर्ष स्थानमा रहेको छ । बागमतीले भने लगातार तेस्रो हार बेहोरेको हो । समूह 'ए'मा रहेको बागमती पहिलो खेलमा लुम्बिनी र दोस्रो खेलमा कोशीसँग पराजित भएको थियो । एपिएफसँग मंगलबार हुने अन्तिम खेलअघि नै बागमती प्रतियोगिताबाट बाहिरिएको छ ।



दोस्रो खेलमा गण्डकीले मधेश प्रदेशलाई ३-० को सोझो सेटमा हराएको छ । गण्डकीले मधेशमाथि २५-११, २५-१९ र २५-१३ को जित निकालेको हो । समूह 'बी'मा गण्डकी र मधेश दुवैले आफ्नो पहिलो खेलमा सुदूरपश्चिम प्रदेशलाई हराएका थिए ।

सशस्त्र प्रहरी बलको एपिएफ क्लबले लुम्बिनी प्रदेशलाई ३-१ को सेटमा हरायो । एपिएफले पहिलो सेट २५-२२ ले जित्दा दोस्रो सेट २३-२५ ले हार्‍यो । तेस्रो सेट २५-२२ र चौथो सेट २५- १५ ले आफ्नो पक्षमा पार्दै २ अंक जोडेको हो । दिनको चौथो तथा अन्तिम खेलमा आर्मीले सुदूरपश्चिम प्रदेशलाई ३-१ को सेटमा निराश बनायो । आर्मीले पनि पहिलो सेट २५-१५ ले जित्दा दोस्रो सेट २१-२५ ले हारेको थियो । तेस्रो सेट २५-१४ र चौथो सेट २५-१८ ले जितेको हो ।

CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com

Phone no : + 977 4312515

१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोश्रो पटक, प्रकाशित मिति २०८०/०९/२३ गते सोमबार)

आदरणीय शेयरधनी महानुभावहरू,

यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८०/०९/०३ गते (तद्नुसार १९ डिसेम्बर २०२३) मंगलबार दिनको ४:०० बजे बसेको ५५औं सञ्चालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको १४औं वार्षिक साधारणसभा २०८० साल पौष २६ गते बिहीबार (तद्नुसार ११ जनवरी २०२४) दिनको १२.३० बजे चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट परिसरमा हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

यस कम्पनीको १४औं (चौधौं) साधारणसभाको प्रयोजनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८०/०९/१३ गते शुक्रबार एक दिनको लागि बन्द रहने व्यहोरा अनुरोध गर्दछौं ।

साथै यस आर्थिक वर्षमा कम्पनीबाट कुनै प्रकारको लाभांस वितरण नगरिने पनि जानकारी गराइन्छ ।

साधारण सभाका छलफलका विषयहरू :

क) सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब विवरण सहितको लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(ख) विविध

१. लेखापरीक्षक परिवर्तन तथा नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
२. सञ्चालक समितिका सदस्यहरूको बैठक भत्ता परिमार्जन गर्ने सम्बन्धमा ।

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

Lumbini Provincial Government

Ministry of Health

Province Health Logistics Management Center, Butwal

Letter of Intent

Publication Date: 2080/09/23

Pursuant to clause 27(2) of Public Procurement act 2063 this is to notify all the bidders that the following Substantially responsive lowest bidder have been selected to award the contract as per the invitation for bids published on National Daily and PHLMC intends to award the contract to the same.

IFB No	Description	Publication	Name and address of Bidder	Quoted Price (without VAT)
L/PHLMC/NCB/ GOODS-5/2080/081	Supply delivery and installation of Medical equipements (Slice A)	Naya Patrika 2080.06.12	Medi Solution International Pvt. Ltd., Kathmandu	Nrs. 17336000.00
L/PHLMC/NCB/ GOODS-5/2080/081	Supply delivery and installation of Medical equipements (Slice B)	Naya Patrika 2080.06.12	Venus Mediquips Pvt. Ltd., Kathmandu	Nrs. 15700000.00
L/PHLMC/NCB/ GOODS-11/2080/081	Procurement of Sickle Cell Setup (HPLC)	Naya Patrika 2080.07.17	Chamunda Trading House, Kathmandu	Nrs. 2100000.00

PHLMC, Butwal

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com